मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राफी

पूर्णाङ्क ३३, माघ २०५७

संचेतना द्वैमासिक



कोही किन बेपत्ता पारियोस्?

मूल्य रु. १०।-

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ९ , पूर्णाङ्क ३३ , माघ, २०५७

संस्थापक
सुशील - प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

उप-सम्पादक
आत्माराम शर्मा

आवरण
महेन्द्र श्रेष्ठ
एम्ज माउस, पुतलीसडक
फोनः २६५९४४

ले-आउट
एम्ज माउस

फोटो
विमलचन्द्र शर्मा र आवद्ध संस्थाहरू

व्यवस्थापक
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं
फोनः २७५६९७

पत्राचार
मत्र मञ्जुषाः २७२६ काठमाडौं
टेलिफोन- २७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

मूल्य रु. १०/-

कोही किन वेपत्ता पारियोस् ?

सर्वसाधारण नागरिकहरूलाई वेपत्ता पार्ने क्रम राणाकालबाटै हुँदै आएको छ। पञ्चायती शासनमा पनि राणाहरूले गरेको गैर कानुनी कामलाई निरन्तरता दिँदै वेपत्ता पार्ने क्रम तीव्र पारियो। पंचायती कालखण्डमा वेपत्ता पारेर कानुनी राज्यको कुनै गुञ्ज्याँस समेत दिइएन। तर बहुदलीय व्यवस्थाको स्थापना भएपछि गैर न्यायिकरूपमा मृत्युदण्ड दिने र वेपत्ता बनाउने काम राज्यबाट हुने छैन भनी आशा गरिएको थियो। हामो संविधानमा पनि आस्थाको आधारमा वेपत्ता पारिने र मृत्युदण्ड दिइने छैन भन्ने उल्लेख गरिएको छ। तर विडम्बना बहुदलीय व्यवस्थाको स्थापना पश्चात २०५० साल असार ११ गते प्रभाकर सुवेदीलाई वेपत्ता बनाएर संविधानले दिएको अधिकार सर्वप्रथम उल्लंघन गर्ने काम राज्यबाट भयो। त्यो क्रम माओवादी "जनयुद्ध" शुरू भएपछि निरन्तररूपमा संचालन भइरहेको छ। पृष्ठ-४

प्रस्तुति
उधिन्नु पर्थ्यो चिहानहरू, शाषकीय मनहरू/अग्निशिखा/२

कविता
तीन कविता/राजव/३
भन के गरौं/अनिल पौडेल/२०

संस्मरण
उनले रोपेको आज/यादव शर्मा/९

सन्दर्भ
एक्काइसौं शताब्दीको आगमन र मानव-अधिकार/सुशील प्याकुरेल/११

सरोकार
बालअधिकार सम्बन्धी महासन्धिका नयाँ ऐच्छिक सन्धिपत्रहरू/तारक धिताल/१२

कथा
धरालो/विजय चालिसे/१५
रामजीवनको अलपत्र जीवन/समीर नेपाल/१७

कानुन
मानव अधिकार र पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार/नवराज बस्नेत/१९

देशभित्र
बन्दीले आत्मसमर्पण गरेपछि पनि गोली ठोकेर मारियो/२१

विदेश
जनताको विश्व स्वास्थ्य भेला २००० जनताको आफ्नै प्रतिबद्धता/इन्दिरा फुयाँल/२६

व्यंग्य
कुरा गऱ्यो कुरैको दुःख/मनोज गजुरेल/२८

ठहट
चितवन गोलीकाण्डको यथार्थता/२९

प्रेस विज्ञप्ति
कमैंयाँ राहत र छैसठ्ठी काण्डबारे इन्सेक/३२

उधिन्नु पर्थ्यो चिहानहरू, शाषकीय मनहरू

- अग्निशिखा

ती, जो वेपत्ता छन्
तिनीहरू मात्र वेपत्ता छन् या
तिनीहरूसँगै बेपत्ता छ
यस देशको कानुन
यस देशको संविधान,
यस देशको राज्य-संयन्त्र ?

मेची-कालीको सुसेली
लेक-वेशीका सिरेटो
गोधुली साँझको क्यान्भास्
सूर्योदयको रक्तिम क्षितिज
तिनीहरूको लागि पनि थियो-
ती, जो वेपत्ता छन्
तिनीहरू मात्र वेपत्ता छन् या
तिनीहरूसँगै वेपत्ता छ
यस देशको ढुक्ढुकी ?

ती व्याटमिन्टनका कर्क थिएनन्
जसलाई पटक-पटक
यताबाट उता
उताबाट यता हानियोस्
धुजा-धुजा पारियोस्
र, फालियोस् कुनै अँध्यारो कुनामा-
ती, जो वेपत्ता छन्
तिनीहरू मात्र वेपत्ता छन् या
तिनीहरुसँगै वेपत्ता छ
यस देशको गरिमा ?

आमाहरूले र दिदी बहिनीहरूले
यसकारण तिनको आङमा तेल घसेका थिएनन्
कि
त्यही आङमा कुनै दिन, कुनै निर्दयी हातले
कोर्रा बर्साओस् र निलडाम परोस्,
बुबाहरूले र काकाहरूले
यसकारण तिनलाई कसेर छातीमा अंगालो मारेका थिएनन् कि
त्यही छातीमा कुनै दिन कुनै पैचाशिक हातले
गोली हानोस् र त्यो मानव ज्यान ढलोस्-
ती, जो वेपत्ता छन्
तिनीहरू मात्र वेपत्ता छन् या
तिनीहरू सँगै वेपत्ता छ
यस देशको अस्मिता ?

खोतल्नु पर्थ्यो जमीनका पत्र-पत्र
वन, जंगल र झाडीहरू
भूमिगत तलाहरू, कोठाहरू
उधिन्नु पर्थ्यो चिहानहरू, शाषकीय मनहरू
धावा बोल्नु पर्थ्यो ठूलो दरवार,
मझौला र साना दरबारहरूमा
तर जब प्रजातन्त्र र मानवअधिकार
सरकार, संसद र न्यायालय
किंकर्तव्यविमुढ छन्, लाचार छन्-
ती जो वेपत्ता छन्
तिनीहरू मात्र वेपत्ता छन् या
तिनीहरूसँगै वेपत्ता छ
जन-आन्दोलनको मर्म ?

❑❑❑

तीन कविता

- राजव -

भूमिको जोखिम

आफ्नू सत्ता-शक्ति देखाउन
पृथ्वीमा आँधी
बाढी
भूकम्प
बरोबर आउँछन्
र जीवन, वन र भूमिको श्रृङ्गार
भत्काइरहने गर्छन्

त्यसैले
त्रस्त रहन्छन् आफ्नै रक्षकसँग
जीवनहरू

वास्तवमा जीवन
पृथ्वीदेखि, आकाशदेखि, वायुदेखि, जलदेखि
पाउँछ, गुमाउँछ
र त्रस्त रहन्छ।

❑❑❑

प्रार्थना

तिमी देउलाउ नि मेरो बालाई स्वर्ग
ईश्वर ?

उनी मरे
तिम्रो आस्थाको लागि
तिमी देउलाउ नि उनलाई स्वर्ग

तिम्रो लागि
उनी जीवनभर अन्धो भए
अब तिमी उनलाई
आँखा देउलाउ नि ईश्वर ?

ईश्वर
यदि तिमी कतै लुकेका हौ भने
उनलाई आफ्नो कालो अनुहारको दर्शन दिएर
तृप्त गरिदेउ।

❑❑❑

दुःख-रक्षा

पुरानो पाइन्टको
पछिल्लो खल्तीभित्र
लुकाएँ मैले
आफ्नो दुःख

झुल्कने छैन अब
बेला, कुबेला
मेरो अनुहारमा त्यसको कालो छायाँ

म हाँस्न सक्ने छु
ती सब शत्रुसामुन्ने
जो खोज्ने गर्थे मेरो अनुहारमा अँध्यारो

म
आफ्नू खल्तीभित्र सुरक्षित दुःख
फेरि बगलीमार्न दिन्न।

❑❑❑

कोही किन वेपत्ता पारियोस् ?

गगन विष्ट

संविधानले प्रदान गरेको अधिकारको उल्लंघन गर्दै सरकारले सर्वसाधरण नागरिकहरुलाई आफ्नो नियन्त्रणमा लिएर बेपत्ता पार्ने कार्यले मानव अयिधकारको व्यापक रुपमा उलंघन भएको महसुस गर्न थालिएको छ।

राज्यबाट भएको मानव अधिकारको उल्लंघनले कानुनी शासनको अवधारणलाई कुण्ठित पार्ने काम गरेको छ भने, मानव अधिकारको संवैधानिक व्यवस्थालाई खिल्ली उडाउने काम भइरहेको छ। सरकारले सर्वसाधरण नागरिकहरुलाई माओवादी भएको आरापमा वेपत्ता पार्ने कार्यले संविधानले प्रदन गरृको अधिकार उल्लंघन भएको ठहर गर्न थालिएको छ। मानव अधिकारको उल्लंघनका घटनाहरु तीब्र रुपमा हुदै गए भने शान्ति सुरक्षा र अमनवयनमा ह्रास आउने र कानुनी शासनको सोच समेत समाप्त हुने खतरा बढ्दै गएको छ।

माओवादी भएको आधारमा वा सरकारका काम कार्वाहीका विपक्षमा उभिएका सर्वसाधरण नागरीकहरु माथि वर्वर यातना दिनु र यातना पछि वेपत्ता पार्ने काम राज्यले जुन रुपमा गरेको छ, त्यसले कानुनी शासन र मानव अधिकारको ग्यारेण्टी गर्न सक्दैन। त्यस्ता कार्यले संविधानले दिएको अधिकारको दुरुपयोग हुने हुदा राज्यले नियम संवत रुपमा आफ्ना काम गर्नु पर्ने थियो। तर सरकारले आस्थाको आधारमा वेपत्ता पार्ने कार्यले, नागरीकहरुलाई विद्रोही बनाउने र मानव अधिकार उल्लंघनका घटनाहरुमा वृद्धि हुन सकने खतरा रहेको कानुन विदहरुको राय छ।

कानुन विदहरु भन्छन्- सरकारले मानव अधिकार उल्लंघनका घटनाहरु बहुदलीय व्यवस्थामा पनि तीब्र पार्दै गएको छ। बहुदलीय व्यवस्थाको १० वर्षमा ऐन कानुन विपरीत थुप्रै काम राज्यबाटै भएका छन्। राज्यबाट संविधानमा बञ्चित गरिएको मृत्यु दण्ड जस्ता गैर न्यायिक कार्य निरन्तर रुपमा हुँदै आएका छन्। गैर कानुनी मृत्युदण्ड दिने काम राज्यबाट गरिएकाले पनि समस्यामा वृद्धि हुँदै गएको छ। यो दश वषको अवधिमा सरकारले मानव अधिकारका हजारौं घटनाहरू दोहोऱ्याई रहेको छ। राज्यबाट वेपत्ता पार्ने, मृत्युदण्ड दिने कार्यलाई नरोकिए कानुनी शासनको अवधारणाको खासै अर्थ रहँदैन। कानुनी शासनलाई महत्व नदिएमा मानवअधिकारको रक्षा र नागरिकहरूको वेपत्ता पार्ने कार्य रोकिन्छ भन्ने कल्पना समेत गर्न सकिदैन।"

प्रहरी प्रशासनले माओवादीको आरोपमा सयौं व्यक्तिहरूलाई गिरफ्तार गर्ने यातना दिने, यातनापछि मृत्यु हुनेको सार्वजनिक नगर्ने र लामो

समय विना सूचना वेपत्ता बनाउने काम गरिरहेको छ। प्रहरी हिरासतमा यातना कै कारणबाट मृत्यु हुने व्यक्तिहरूको नाम अहिलेसम्म सार्वजनिक गर्न राज्य तयार छैन। राज्यले वेपत्ता पारेका नागरिकहरूको बारेमा जानकारी नगराउँदा नै समस्याले तीब्रता पाएको छ। प्रहरी प्रशासनले पक्राउ गरेका व्यक्तिहलाई अहिले वेपत्ता बनाउने कार्य नरोकिए समस्याको निराकरण हुन नसक्ने आमरूपमा महसुस गर्न थालिएको छ।

प्रहरी प्रशासनले वेपत्ता बनाएको बारेमा गृहमन्त्रालयका प्रवक्ता गोपेन्द्रबहादुर पाण्डेले त्यस्ता कुनै कार्य राज्यबाट नभएको दावी गर्नु हुन्छ। उहाँ भन्नुहुन्छ- राज्यबाट वेपत्ता पार्ने काम भएको छ भन्ने गलत कुरा हो। राज्यबाट ऐन कानुनको उल्लंघन गर्ने काम भइको छन् भन्ने कुरासँग मेरो सहमति छैन। तर शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा केही कमजोरी भएका होलान्।"

सरकारले गैर कानुनीरूपमा वेपत्ता पार्ने काम नरोके जनतामा व्यापक विद्रोह हुने कुरा राष्ट्रिय जनआन्दोलन संयोजन समितिका संयोजक भक्तबहादुर श्रेष्ठले बताउनु हुन्छ। संयोजक श्रेष्ठको कथन छ- राज्यले आस्थाको आधारमा सर्वसाधारण नागरिकहरूलाई वेपत्ता पार्ने काम भइरहेका छन्। त्यस्ता कार्यहरू नरोकिए सरकारले गम्भीर समस्याको सामना गर्न पर्ने छ। सरकारले नागरिकहरूलाई वेपत्ता बनाएर दुष्मन कमाउने काम गरिरहेको छ। तर सरकारले एक पक्षीयरूपमा मानवअधिकार हनन् गरी वेपत्ता पार्ने कामले कानुनी राज्यको खिल्ली उडाएको उहाँ बताउनु हुन्छ।

सर्वसाधारण नागरिकहरूलाई वेपत्ता पार्ने क्रम राणाकालबाटै हुँदै आएको छ। पञ्चायती शासनमा पनि राणाहरूले गरेको गैर कानुनी कामलाई निरन्तरता दिँदै वेपत्ता पार्ने क्रम तीब्र पारियो। पंचायती कालखण्डमा वेपत्ता पारेर कानुनी राज्यको कुनै गुञ्ज्याँस समेत दिइएन। तर बहुदलीय व्यवस्थाको स्थापना भएपछि गैर न्यायिकरूपमा मृत्युदण्ड दिने र वेपत्ता बनाउने काम राज्यबाट हुने छैन भनी आशा गरिएको थियो। हाम्रो संविधानमा पनि आस्थाको आधारमा वेपत्ता पारिने र मृत्युदण्ड दिइने छैन भन्ने उल्लेख गरिएको छ। तर विडम्वना बहुदलीय व्यवस्थाको स्थापना पश्चात २०५० साल असार ११ गते प्रभाकर सुवेदीलाई वेपत्ता बनाएर संविधानले दिएको अधिकार सर्वप्रथम उल्लंघन गर्ने काम राज्यबाट भयो। त्यो क्रम माओवादी "जनयुद्ध" शुरु भएपछि निरन्तररूपमा संचालन भइरहेको छ।

माओवादी जनयुद्धको क्रममा राज्यले अहिले पनि करिब तीन सय सर्वसाधारण नागरिकहरूलाई वेपत्ता पारेको तथ्य पाइन्छ र राज्यले वेपत्ता बनाउने क्रम दिनप्रतिदिन संख्यात्मरूपमा बढाउँदै गएको देखिन्छ। तर राज्यबाट वेपत्ता बनाउने काम भएको छैन भनी दावी गरिदै आएको छ। यस्तो दावीले नै मानव अधिकार हनन् र कानुनी शासनको

उल्लंघन भइरहेको छ। यसले शान्ति सुरक्षामा व्यापक ह्रास ल्याउने देखिन्छ। ऐन कानुनको उल्लंघन गर्ने काम राज्यबाट मात्र नभई माओवादी पक्षबाट पनि भइरहेको छ। माओवादीहरूले पनि चन्दा नदिएको, 'जनयुद्ध'लाई समर्थन नगरेको र आस्थाको आधारमा मार्ने अपहरण गर्ने काम गरिरहेका छन्। त्यस्ता घटनाहरूले कानुनी अवधारणाको उल्लंघन भएको ठहर्छ। त्यस्ता गतिविधि राज्य र माओवादी पक्षबाट रोकिनु पर्ने कुरा आमरूपमा उठिरहेको छ।

गिरफ्तारीमा परेका व्यक्तिहरूलाई अदालतले छोड्न आदेश गरे पनि अहिलेसम्म अदालतको फैसला सरकारले मानिरहेको छैन। अदालतले छोड्ने आदेश दिन्छ। तर प्रहरी प्रशासनले अदालतको परिसरबाटै गिरफ्ता गरी कानुनी शासनको अवहेलना गरिरहेको छ। यस विषयमा सर्वोच्च अदालतका प्रवक्ता काशीराज दाहालले दुःखद् कुरा भएको बताउनु हुन्छ। उहाँ भन्नुहुन्छ- सरकारले फैसला मान्न पर्ने बाध्यात्मक व्यवस्था भएपनि फैसलाको किन पालना गरेको छैन। त्यो गम्भीर विषय हो। वेपत्ता पारिएको विषयमा भने प्रहरी महानिरीक्षक प्रदीप सम्शेर राणाले आफूले प्रतिक्रिया दिन नमिल्ने जानकारी गराउनु हुन्छ।

नेकपा (एमाले) स्थायी समितिका सदस्य भरतमोहन अधिकारीले मृत्युदण्ड दिन पाउने अधिकार संविधानमा व्यवस्था नभएको बताउँदै राज्यले अधिकार दुरुपयोग गरेको कुरा उल्लेख गर्नुभयो। उहाँले जोड दिंदै भन्नुभयो- "राज्यले संविधानको उल्लंघन गर्न पाउँदैन। ऐन कानुनभित्र रहेर शासन गर्नु पर्छ। ऐन कानुनकै खिलापमा माओवादीहरूले पनि आफ्ना हिंसात्मक गतिविधि बन्द गर्नुपर्ने हुन्छ। दुवै पक्षबाट मानवअधिकार उल्लंघन हुने काम भइरहेको छ। त्यस्तो कार्य तुरुन्त सम्बन्धित पक्षबाट रोकिनु पर्छ।"

यसरी प्रहरीले गिरफ्तार गरेका व्यक्तिहरूलाई चरमरूपमा यातना दिंदै आएको तथ्य पटक पटक सार्वजनिक हुँदै आएको छ। प्रहरीले गोप्यरूपमा राखेका माओवादी नेता तथा कार्यकर्ताहरूलाई शारीरिक र मानसिक यातना दिने क्रम जारी छ। माओवादी नेता दिनेश शर्माले शारीरिक र मानसिक यातना दिएको कारणले पनि आज कागज गर्न बाध्य भएको सार्वजनिक गर्नुभएको थियो। त्यस्तै नेपाल राष्ट्रिय शिक्षक

हामी जिम्मेवारीबाट पन्छिन खोजेका होइनौं

भरतमोहन अधिकारी, स्थायी समिति सदस्य नेकपा एमाले

० सरकारले माओवादीसँग निकट रहेको आधारमा सर्वसाधारण नागरिकहरूलाई वेपत्ता पार्ने कामलाई ऐन कानुनको उल्लंघन भन्न मिल्दैन र ?

- नेपाल अधिराज्यको संविधानले मृत्युदण्डको कार्यवाही पूर्णरूपमा अन्त्य गरेको छ। सरकारले कसैलाई पनि मृत्युदण्ड दिने र वेपत्ता पार्ने काम गरेको छ भने त्यो संविधानको उल्लंघन हो। त्यस्तो काम राज्यबाट भएका छन् भने तुरुन्त रोकिनु पर्छ।

० नागरिकहरूलाई वेपत्ता पार्ने काम त निरन्तर भइरहेको कुरा सार्वजनिक रूपमा बाहिर आइरहेको छ नि ?

- राज्यले नागरिकहरूलाई आस्थाको आधारमा वेपत्ता पार्ने र मृत्युदण्ड दिन पाउँदैन। मृत्युदण्ड दिने कानुनी व्यवस्था छैन। हाम्रो संविधानले मृत्युदण्डलाई पूर्ण उन्मूलन गरेको छ। नागरिकहरूको मौलिक हक र मानव अधिकारको ग्यारेण्टीको व्यवस्था संविधानमा छ। सरकारले संविधानले दिएको अधिकारको दुरुपयोग गरी वेपत्ता पार्ने काम संविधानको खिलापमा छ।

० संविधानको खिलापमा भएका घटना भनेर मात्र वेपत्ता पार्ने क्रम रोकिएला त ?

- हामीले गैर न्यायिकरूपमा मृत्युदण्ड दिन पाइँदै भनेका छौं। तर सरकारले प्रत्याक्रमणको आधारमा मान्छे मारेको बताइरहेको छ। हामीले सरकारको उक्त भनाईप्रति असहमति राख्दै आएको छौं। सरकारले आक्रमणको बदलामा प्रत्याक्रमण गर्न बाध्य भएको भनी मान्छे मार्ने र वेपत्ता पार्ने काम तीव्र बनाइ रहेको छ। सरकारको गैर कानुनी क्रियाकलाप रोक्न राष्ट्रिय मानव अधिकार आयोगले गम्भीरता साथ काम गर्नु पर्दछ।

० यस विषयमा आयोगको त भूमिका खासै देखिएको छैन नि ?

- आयोगले आफ्नो काम कर्तव्य र अधिकारलाई प्रयोग गरी वेपत्ता पार्ने रोक्न सक्छ। आयोगको नै उक्त काम कार्य क्षेत्रमा पर्दछ। तर आयोगले अपेक्षा गरे जति काम गर्न सकेको छैन। आयोगको सशक्त भूमिका रहेमा नागरिकहरूलाई वेपत्ता पार्ने काम सरकारले रोक्न बाध्य हुनेछ।

० राजनीतिक दलहरूको वेपत्ता पार्ने काम रोक्ने भूमिका छैन भनेर उम्किन पाइन्छ र ?

- हामी जिम्मेवारीबाट पन्छिन खोजेका होइनौं, सरकारले प्रत्याक्रमणको नाममा मान्छे मारी रहेको छ। त्यसलाई तुरुन्त बन्द गर्नुपर्छ भन्ने कुरा हाम्रो पार्टीले जोडसँग उठाई रहेको छ। तर माओवादीको नाममा सरकारले मान्छे मार्न पाइँदैन भन्दा हामीले माओवादीको समर्थन गरेका होइनौं। सरकारले आस्थाको आधारमा कसैलाई पनि मृत्युदण्ड दिन पाउँदैन। माओवादी वा सरकार इतर भएको आधारमा वेपत्ता पार्ने काम सरकारको गैर संवैधानिक कदम हो। सरकारले ऐन नियम अनुसार शासन चलाउनु पर्छ भने माओवादीले पनि जबर्जस्ती ऐन नियम विपरित हिंसात्मक गतिविधि रोक्न आवश्यक छ।

० राजनीतिक दलहरूले वेपत्ता पार्ने क्रम रोक्न सरकारलाई दवाव दिएको त देखिंदैन त ?

- हामीले सरकारलाई गैर कानुनी रुपमा मृत्युदण्ड दिने र गायव बनाउने (काम रोक्न) दवाव दिइरहेका छौं। हाम्रो दवावलाई सरकारले कति ग्रहण गऱ्यो त्यो फरक कुरा हो। हामीले आस्थाका आधारमा गरिने कार्यवाही रोक्बन सरकारसँग पटक पटक माग गरिरहेका छौं। हाम्रै माग र दवावको आधारमा सरकारले वेपत्ता पार्ने क्रम केही रोकेको छ। तर विडम्वना प्रजातान्त्रिक सरकारले आस्थाको आधारमा नागरिकहरूलाई गैर न्यायिक रुपमा कार्यवाही गरिरहेको छ। हामी त्यस्तो कार्यको विरोध गरिरहेका छौं।

० यसको नियन्त्रण गर्न के गर्नु पर्ला त ?

- सर्वसाधारण नागरिकहरूलाई वेपत्ता पार्ने काम रोक्न र गैर न्यायिक मृत्युदण्डको क्रमलाई उन्मूलन गर्न मानव अधिकार आयोग सक्रियरूपमा काममा लाग्नु पर्छ। सरकारलाई पारदर्शी रुपमा काम गर्नु आयोगले दवाव दिन नसके समस्याको अन्त्य हुन सक्दैन। सरकारका काम पारदर्शी र जिम्मेवारी रुपमा नभएर संविधानले दिएको अधिकार संरक्षण हुन नसक्ने हुँदा राजनीतिक दलहरूले सरकारलाई संवैधानिक दायरामा ल्याउन व्यापक दवाव दिनु पर्ने हुन्छ। सरकारले संविधानले दिएको अधिकारभित्र रहेर काम गऱ्यो भने वेपत्ता पार्ने कार्य बन्द हुन्छ। तर अहिले नेपाली कांग्रेसको सरकारबाट आस्थाको आधारमा वेपत्ता पार्ने काम बन्द हुन्छ भन्ने कल्पना पनि गर्न गाह्रो छ। प्रत्येक नागरिकहरूको मानव अधिकार रक्षा गर्न नेकपा (एमाले)को सरकार विना सम्भव भने छैनन्।

सरकारले दुस्मन कमाई रहेको छ

——— भक्तबहादुर श्रेष्ठ, संयोजक-राष्ट्रिय जनआन्दोलन संयोजक समिति

० सरकारले माओवादी भएको आरोपमा कैयौं नागरिकलाई बेपत्ता पार्ने काम गरिरहेको छ, यसलाई कसरी लिनु भएको छ ?

- सरकारले सर्वसाधारण नागरिकहरूलाई बेपत्ता बनाउने काम गरी संसदीय व्यवस्थाको खिल्ली उडाउने काम गरिरहेको छ। संसदीय व्यवस्थाको खिल्ली उडाउँदै ऐन कानुन र मानव अधिकार विपरित नागरिकहरूलाई बेपत्ता पर्न पाइदैन भनेर स्पष्ट उल्लेख संविधानमा गरिएको छ। तर सरकारले सर्वसाधारण नागरिकहरूको अधिकार हनन गरी तानाशाही चरित्र देखाउने काम गरेको छ। तसर्थ संसदीय व्यवस्थाको खिल्ली उडाउँदै नैतिक रुपमा सरकार पराजय भएको मैले महसुस गर्दैछु।

० बेपत्ता पार्ने कामलाई कसरी पराजय भन्न मिल्छ त ?

- सरकारले सर्वसाधारण नागरिकहरूलाई आस्थाको आधारमा बेपत्ता पार्ने काम गरी रहेको छ। यस्तो कार्य राजनीतिक रूपमा नैतिक पराजय नै हो। यसबाट समस्या झन झन बल्जिदै गएको छ। सरकारका गैर कानुनी क्रियाकलापले र बेपत्ता पार्ने कार्यले सर्वसाधारण जनतालाई विद्रोही बन्न सहयोग पुगेको छ। सरकारले नागरिकहरूलाई बेपत्ता पार्ने काम रोकेन भने, गम्भीर संकट उत्पन्न हुन सक्छ।

० ऐन कानुनको उल्लंघन नै भयो भनेर कसरी भन्न मिल्छ र त्यस्ता घटनाहरूमा सरकार र माओवादी पनि उत्तिकै जिम्मेवार छैनन् ?

- अहिले जे जस्ता समस्याहरू देखिएका छन्, त्यसमा सरकारको, अरुको पनि समान दायित्व छ भन्ने गलत कुरा हो। मुलुकमा समस्या निम्त्याउने काम सरकारले गरेको हो भन्ने सबैलाई थाहा छ। तर आफ्नो दायित्व पन्छाएर सरकार तर्किने कोसिस गरिरहेको छ। सरकारले संसदीय प्रजातन्त्रको नाममा राज्यको दुरुपयोग गर्दै आएको छ। सरकारले गरेको दुरुपयोग न रोके जनताले मुक्ति पाउन सक्दैनन्।

० संवैधानिक अधिकारको उल्लंघन गर्ने काममा के सरकार मात्र जिम्मेवार छ त ?

- सरकार कै कारणले ऐन कानुनको सीमा नाग्ने काम भएका छन। त्यसको जिम्मेवार सरकार नै हो।

० नागरिकहरूलाई बेपत्ता पार्ने काम कसरी रोकिएला त?

- राजनीतिक दलहरूले सर्वसाधारण नागरिकहरूलाई आस्थाको आधारमा बेपत्ता पार्ने काम तुरुन्त रोक्नु पर्छ भनी व्यापक दवाव सिर्जना गर्न सके केही नियन्त्रण हुनसक्छ। राजनीतिक दलहरूको व्यापक दवावले नै बेपत्ता पारिने क्रम रोकिन सक्ने मैले देखेको छु। तर आजसम्म रानजीतिक दलहरूले गम्भीरतासाथ कुरा नउठाउनु दुःखद् पक्ष हो।

० राजनीतिक दलहरूको दवावले पनि रोकिने ग्यारेन्टी त केही छैन ?

- राजनीतिक दलहरूले बेपत्ता पार्ने काम सरकारबाट तुरुन्त बन्द गर्नु पर्छ भनी सरकारलाई दवाव दिन सक्नु पर्छ। राजनीतिक दलहरूको आवाजले बेपत्ता पार्ने क्रम बन्द गर्न सरकार बाध्य हुनेछ। सरकारले ऐन कानुन मिचेर काम गऱ्यो भने राजनीतिक दलले कुरा उठाउनु पर्छ। यदि त्यस विषयमा कुरा उठाउन सकिएन भने, ऐन कानुन निरिह हुन्छन् र वर्गीय कानुनको केही अर्थ छैनन् भन्न हामी बाध्य हुने छौं। राजनीतिक दलहरूले समस्या समाधान गर्न जनदवाव दिएमा सरकारबाट बेपत्ता पारिने कार्य रोकिन सक्छ।

० शान्ति सुरक्षा गर्ने दायित्व त सरकारको होइन र, सरकारले शान्ति सुरक्षा कायम गर्ने गरेको भनिरहेको छ नि ?

- सरकारले दमन गरेर शान्ति सुरक्षा कायम गर्न सक्दैन। सरकारले जति दमन गर्छ त्यत्तिकै रुपमा जनतामा विद्रोहको भावना पलाउँदै गएको छ। जनताले विद्रोह गर्न थाले भने कानुनको केही अर्थ रहने छैन र सरकार गम्भीर समस्यामा फस्ने छ।

० वर्तमान समस्याहरूको समाधान गर्न कस्तो कानुन चाहिन्छ त ?

- अहिले देखिएका समस्या समाधान गर्न वर्गीय कानुनबाट सम्भव छैन। ऐन कानुनमा आमूल परिवर्तन हुन जरुरी छ। आमूल परिवर्तन बिना अहिले भएका समस्या समाधान हुन सक्दैनन्। वर्तमान अवस्थामा लागू भएका सम्पूर्ण कानुन हात्तीको देखाउने दाँत जस्तो भएका छन्। खाने र देखाउने हात्तिको दाँत जस्तो कानुनले जनताका समस्या समाधान गर्न सक्दैन। ऐन कानुनको नाममा सरकारले संसदीय व्यवस्थाको खिल्ली उडाउने काम गरिरहेको छ। सरकारका कामले मानव अधिकारको गुञ्ज्याँस समेत दिन सकेको छैन।

० सरकारले मानव अधिकारको उल्लंघन गरेको अवस्था अधिकार सुरक्षित गर्न के गर्नु पर्ला त ?

- सरकारले मानव अधिकार उल्लंघन गरेको सबैलाई थाहा छ। तर सरकारले मानव अधिकार उल्लंघन गऱ्यो भनेर भाषण गरेर मात्र पुग्दैन। मानव अधिकारको ग्यारेन्टी गर्न व्यवहारमा लागू गराउन सक्नु पर्छ। मानव अधिकारवादी संस्थाहरूले सरकारका गल्ती कमजोरी त्यही रुपमा औंलाउन पर्छ। यसरी नै नागरिकहरूलाई बेपत्ता पार्ने काम गरिरह्यो भने सरकारले दुष्मन मात्र बढाउने छ। सरकारले नागरिकहरूलाई बेपत्ता बनाएर दुष्मन मात्र कमायो भने नागरिकहरूले ठूलो विद्रोह गर्ने छन्।

संगठनका पूर्व महासचिव विष्णुपुकार श्रेष्ठले पनि गम्भीर यातना खपेको कुरा बताउँदै आउनु भएको छ। माओवादीका केन्द्रीय सदस्य ईश्वरी दालहालगायत सयौं व्यक्तिहरूलाई पनि यातना दिएर बेपत्ता पारेको आरोप सरकारलाई माओवादी पक्षले लगाउँदै आएको छ। तर सरकारले माओवादी पक्षको आरोपको बारेमा सार्वजनिक टिप्पणी भने गरेको पाइँदैन।

नेकपा मसालका पोलिटव्यूरो सदस्य चित्रबहादुर के.सी.ले सर्वसाधारण नागरिकहरूलाई बेपत्ता बनाउने र मार्ने गरेको कारणले संविधानले दिएको अधिकार उल्लंघन भएको बताउनु भयो। उहा भन्नुहुन्छ- "सरकारले सर्वसाधारण नागरिकहरूलाई बेपत्ता बनाउने काम तुरुन्त बन्द गर्नु पर्ने हाम्रो पार्टीको माग रहेको छ। तर सरकारले मात्र मानव अधिकारको उल्लंघन गरेको छ, माओवादीबाट केही पनि भएको छैन, हामी सो भन्ने पक्षमा छैनौं। कसले के कति मात्रामा ऐन कानुन विपरित काम गरे भन्ने कुरा हो। माओवादीबाट पनि बेपत्ता पार्ने काम निरन्तर रुपमा भएको छ, त्यस्ता कार्य राज्य र माओवादी दुवै पक्षबाट रोकिनु पर्छ।" नेपाल सद्भावना पार्टीका महामन्त्री हृदयस त्रिपाठीले राज्यद्वारा नागरिकहरूलाई बेपत्ता पर्ने काम रोक्नु पर्ने बताउँदै यस विषयमा भन्नुहुन्छ- "यो कार्य संविधानले दिएको अधिकार उल्लंघन हो भन्ने हाम्रो पार्टीको ठहर छ।"

सरकार र माओवादी दुवै पक्षबाट मानव अधिकारको उल्लंघन हुने काम धेरै वा थोरै मात्रामा भइरहेका छन्। बहुदलीय व्यवस्था आएपछि नागरिकहरू आस्थाको आधारमा पक्राउ हुन पर्ने थिएन। गैर न्यायिकरूपमा मृत्युदण्डको सजाय पाउन पर्ने कतै पनि छैन। संविधानले दिएको मौलिक हकको पूर्णरूपमा ग्यारेन्टी हुने आशा, आमारूपमा गरिएको थियो। तर प्रजातन्त्रको दश वर्षमा नै हजारौं हजार मानवअधिकार उल्लंघनका घटना हुनुले कानुनी राज्यको खिल्ली उडाउने काम भइरहेको आभास हुन्छ। कानुनी राज्यको उल्लंघन गर्ने काम सर्वप्रथम राज्यले गरे पनि त्यसबाट माओवादी पक्ष अछुत भने छैन। बेपत्ता पार्ने क्रम दुवै पक्षबाट भएको हुनाले मानव अधिकारको उल्लंघन हुने काममा तिव्र हुँदै आएको छ। यस विषयमा दुवै पक्षले ध्यान दिन पर्ने अहिले आवश्यकता देखिएको छ। संविधानले मृत्युदण्ड र बेपत्ता पार्ने काममाथि प्रतिवन्ध लगाएको छ।

प्रहरीद्वारा माओवादी जनयुद्धको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको नामावली

क्र.सं.	नाम	उमेर	स्थायी ठेगाना	गिरफ्तार मिति	बेपत्ता पारिएको स्थान
१.	रामधन बुढा	२५	मिसल गाविस, रोल्पा	२०५३।९।१९	नारायणपुर इलाका प्रहरी कार्यालय दाङ
२.	डोलराज कोइराला	२५	सोरुङ्ग गाविस, उदयपुर	०५५।२।२६	कटारी, उदयपुर
३.	भक्तबहादुर भुजेल	-	सिसाघारी, उदयपुर	०५५।४।१४	भक्तपुर बजार, भक्तपुर
४.	केशबहादुर जोशी	-	सिसाघारी, उदयपुर	"	"
५.	अञ्जनी राउत	४६	कटारी गाविस-८ उदयपुर	०५५।४।२६	उदयपुर
६.	श्याम पहाडी	-	कटारी गाविस-४ उदयपुर	०५५।४।२०	लेराङ्ग बजारबाट पक्राउ
७.	नरसिंह डुम्जन (तामाङ)	२५	अरुण गाविस, सिन्धुली	०५५।२।२९	चित्रे नागी उदयपुर
८.	हर्कबहादुर स्याङ्गतान	६५	अमले गाविस, सिन्धुली	०५५।४	पक्राउ गरी बेपत्ता- सिन्धुली
९.	वीरबहादुर बाराकोटी	३५	जरायोटार गाविस-१, सिन्धुली	०५५।९।३	सिन्धुली
१०.	गंगाबहादुर लामा	२५	प्रात्ले खेत गाविस-८, काभ्रे	०५५।८।२२	धुलीखेल, काभ्रे
११.	कल्पना पन्त	२३	घाँसी कुवा गाविस- २, तनहुँ	०५५।८।२२	तनहुँ
१२.	सरस्वती अधिकारी	२४	घाँसी कुवा गाविस- ८ तनहुँ, पुर्कोट गाविस- तनहुँ	"	"
१३.	मदन पौडेल	२५	गाईखुर गाविस- ७, गोरखा	"	"
१४.	रमबहादुर घिमिरे	२२	आप पिपल गाविस-६, गोरखा	०५५।७।१४	वक्राङ पुरानो गाविस गोरखा
१५.	निर्मला मरहट्टा	२३	धेरुङ्ग गाविस, गोरखा	०५५।७।१५	आपपिपल गोरखा
१६.	गीता थापामगर	१५	काभ्रे गाविस-९, दाङ	९५५।९।६	छेप्ताङ गाविस गोरखा
१७.	होताराम बिक	२३	योलाही गाविस	०५४।११।६	दाङ
१८.	भानुभक्त शर्मा	२३	तिराम गाविस- २, प्यूठान	०५५।८।९	दाङ
१९.	राधा घिमिरे	२७	कोटीबाङ-२, प्यूठान	०५५।७।२३	प्यूठान
२०.	जोखबहादुर पुन	५५	हार्जङ गाविस- २, रोल्पा	०५५।८।९	कुसुन्डे प्यूठान
२१.	लिलाराम पुन	५०	"	०५४।१२।११	हार्जङ रोल्पा
२२.	धनबहादुर पुन	२५	कोट गाउँ गाविस- ६, रोल्पा	"	"
२३.	नरबहादुर पुन	२८	कोर्चाबाङ ७, रोल्पा	०५५।१।२८	माडीचौर रोल्पा
२४.	रुद्रबहादुर घर्ती	२३	कोर्चाबाङ-५, रोल्पा	०५५।२।१८	घर्तीगाउँ रोल्पा
२५.	हुमी पुन	२७	मिझिङ गाविस- ९, रोल्पा	०५५।३।२२	माडीचौर रोल्पा
२६.	जीवा सुनुवार	१८	कोट गाउँ- ८, रोल्पा	०५५।३।२३	रोल्पा
२७.	वीरबहादुर बाँठा,	३०	फगाम गाविस- ४, रोल्पा	०५५।३।२५	माडिचौर रोल्पा
२८.	लालमणि रोका	५०	फगाम गाविस- ३, रोल्पा	०५५।४।२४	रोल्पा
२९.	कमानसिंह पुन	२८	मिरुल- ६ रोल्पा	"	"
३०.	लाने बुढा	१९	खोलागाउँ-४	०५४।९।९	रोल्पा
३१.	यज्ञबहादुर हमाल	४४	महादेवपुरी- ५	०५५।३।४	रुकुम
३२.	मोहन बली	३२	वनगाहा गाविस- ४	०५५।२।२९	बाँके
३३.	रामबहादुर थारु	२८	सूर्य पटुवा गाविस- ४	०५५।२।१२	बर्दिया
३४.	बासु चौधरी	३२	धवार गाविस- ८	०५५।२।१३	बर्दिया
३५.	विजय थारु	२०	जतिपुर गाविस	०५५।७।१५	इलाक प्रहरी कार्यालय बर्दिया
३६.	रत्नप्रसाद आचार्य	३७	खलंगा गाविस- ५	०५५।२।२७	जाजरकोट
३७.	परजित पुन	-	खलगा- ८	०५५।८।३	पांचकटीया प्रहरी चौकी जाजरकोट
३८.	अर्जुन राना	१५	खलंगा- ६	०५५।८।४	जाजरकोट
३९.	दलबीर परियार	-	"	०५५।८।१०	जाजरकोट
४०.	रतिवन बिक	२६	त्रिपुराकोट गाविस-२ जाजरकोट	"	"
४१.	नन्दप्रसाद न्यौपाने	३२	सर्मीगा गाविस- ३ जाजरकोट	०५५।२।९	रिम्ना डोल्पा
४२.	प्रसाद बुढा	२१	कालिकाकेतु-४	०५५।२।९	रिम्ना डोल्पा
४३.	दुर्गाबहादुर शाही	२४	"	०५५।६।१ ८	जुम्ला
४४.	रामबहादुर शाही	२१	तातोपानी गाविस ५	"	"
४५.	पृथ्वीबहादुर रावल	-	गर्ज्याङ कोट- ७	"	"
४६.	हरिप्रसाद पाण्डे	-	दाङ	"	"
४७.	विक्रम शर्मा	-	बयरबन-७ घर भई विराटनगर मोरङ बस्ने	०५५।८।१४	बाँके
४८.	राजेश थापा	२५	भलायाडाडा-९ उदयपुर	०५५।११।७	मोरङ, विराटनगर
४९.	तुलसी राई	२५	मिर्चिया- ६	०५५।१०।९	जिरोमाइल सिराहा
५०.	रामप्रताप शाह	-	खयरफरा-१	०५६।९।१६	सिराहा
५१.	सोमबहादुर विश्वकर्मा	२४	हजारिया गाविस-५	०५५।१०।२	महोत्तरी
५२.	सन्तबीर कुसुवार	-	"	०५५।११।२	सर्लाही
५३.	रामबहादुर कुसुवार	-	पुरानो झागाझोली- ६	"	"
५४	जीवन दाहाल	१३	तीनकल्पा गाविस- ९	०५५।१०।२५	सिन्धुली
५५.	शम्शेर विश्वकर्मा	३५	"	०५६।१।१२	सिन्धुली
५६.	डिल्लीबहादुर विश्वकर्मा	२७	प्रितिगाविस ९ रामेछाप	"	"
५७.	पदमबहादुर सार्की	-	कमलमाई नपा- १८ सिन्धुली	०५६।६।७	रामेछाप
५८.	इन्द्रबहादुर ढुंगेल	५०	महादेवस्थान- ४ सिन्धुली	०५७।८।२३	सप्तरी
५९.	युद्धसिंह कुवर	४६	पिटुवा गाविस- ७	"	"
६०.	फणिन्द्र सिम्खडा	३४	लगनपुर- ८ रामेछाप	०५५।११।३	नारायणगढ चितवन
६१.	डण्डु तिवारी	३०	वालुवा गाविस- ८	०५५।१०।२०	पाटनढोका ललितपुर
६२.	बद्री पाठक	१५	"	०५६।३।५	बालुवा काभ्रे
६३.	अर्जुन सापकोटा	-	सिन्धुपाल्चोक	"	"
६४.	गौरबहादुर पुर्कोटी	२६	होल्से गाविस- ५ काभ्रे	०५६।२।२	काठमाडौं
६५.	पाल्साङ लामा	२७	चौरी पोखरी काभ्रे	"	"
६६.	कमला शर्मा	३२	"	०५६।२।७	"
६७.	नविन गौतम	२४	धापासी काठमाडौं	"	"
६८.	मिलन नेपाली	३१	छिपछिपे गाविस तनहूँ	"	"

क्र.सं.	नाम	उमेर	स्थायी ठेगाना	गिरफ्तार मिति	बेपत्ता पारिएको स्थान
६९.	दण्डपाखी न्यौपाने	५३	छिपछिपे गाविस तनहूँ	०५६।२।७	काठमाडौं
७०.	राजेन्द्र ढकाल	३५	खैरनीटार गाविस-६ तनहूँ	०५५।९।२४	तनहूँ
७१.	कामराज थापा	२५	माझकोट गाविस-७	०५५।९।३०	"
७२.	टीकाराम आले		क्याम्मी- ४ स्याङ्जा	"	"
७३.	कृष्णप्रसाद श्रेष्ठ		प्रगतिनगर- २ नवलपरासी	"	"
७४.	मालती लम्साल	१९	किंह- २	२०५६।१।१	बरमञ्ज्याङ तनहूँ
७५.	श्रीराम घिमिरे	३१	खैरनीटार- ८	"	"
७६.	नारायण पण्डित	२१	मिर्लुङ- १	"	"
७७.	पम्पा कुमाल	२३	गोरखा	०५५।११	गोरखा
७८.	सञ्जय ढकाल	२६	बगुवा गाविस- ७	०५५।११।११	"
७९.	कुमार ढकाल	२१	श्रीनाथकोट- २	"	"
८०.	राजु गुरुङ	२१	खोत्लाङ गाविस गोरखा	०५६।७।९	दुरडाडा, लमजुङ
८१.	लीला खनाल	१९	बुङकोट गाविस	"	"
८२.	जानकी रानाभाट	१३	प्रगतिनगर- ३ नवलपरासी	०५५।९।२९	रत्नपुर, नवलपरासी
८३.	टीका रानाभाट	१५	"	"	"
८४.	धरम पराजुली	१८	रुचाङ- ९	"	"
८५.	रामचन्द्र मिश्र	-	तनहूँ	०५५।९।२९	रतनपुर, नवलपरासी
८६.	नरबहादुर खड्का	६१	पुरन्धर गाविस-१	०५५।११।१२	दाङ
८७.	दिनु पुन	६२	उदयपुरकोट-३	०५६।५।४७	प्यूठान
८८.	रघ रोका	-	जेलवाङ-२	०५५।१०।२४	रोल्पा
८९.	कुलप्रसाद बुढा	१५	जंकोट-१ रोल्पा	०५५।११।९	बंकोट, रोल्पा
९०.	मनलाल घर्ति	१६	होमा-२, रोल्पा	"	"
९१.	मनराज ढोंगी	४५	राङ्सी- १ रोल्पा	०५५।११।१८	रोल्पा
९२.	भिना वि.क.	२०	नुवा गाऊँ, रोल्पा	०५५।११।२१	"
९३.	मनिराम रोका	२३	खुमेल गाविस- ३	०५६।५।९	"
९४.	जंगबहादुर बिक	२२	पाछ्यावाङ- २, रोल्पा	०५६।५।११	इरिबाङ, रोल्पा
९५.	दुर्गाप्रसाद बली	३१	जिनवाङ-४, रोल्पा	०५६।५।२०	रोल्पा
९६.	श्यामप्रसाद बुढा	३२	मिरुल- ७	०५६।८।५	"
९७.	ज्ञानबहादुर नेपाली	१७	कजेरी गाविस	०५५।११।२९	सल्यान
९८.	विजय भण्डारी	२१	थारमारे- ७, रोल्पा	०५६।२।२६	"
९९.	मानबहादुर घर्ति	-	फत्तेपुर गाविस- ८	०५५।१०।१५	बाँके
१००.	पवित्रा बली	१५	महादेवपुरी- २	०५५।१०।२५	बागेश्वरी, बाँके
१०१.	जुनुकुमारी घर्ति	२१	फत्तेपुर-८	"	"
१०२.	कृष्ण चौधरी	२१	मोहम्मदपुर, बर्दिया	०५५।१२।२३	नेपालगञ्ज, बाँके
१०३.	सीताराम चौधरी	२१	पाताआर, बर्दिया	"	"
१०४.	जगबीर पुन	२५	कोहलपुर, बाँके	०५५।१२।२५	बाँके
१०५.	प्रेमबहादुर बिक	१५	"	"	"
१०६.	बेदप्रसाद चौधरी	४५	सूर्य चटुवा- १	०५६।५।८	बर्दिया
१०७.	गमानसिंह राना	२५	खलंगा- ८, जाजरकोट	०५५।१२।१	सुर्खेत
१०८.	लीला राना	१७	"	"	"
१०९.	प्रेमबहादुर रसाइली	२९	"	"	"
११०.	कालिबहादुर बिक	१९	खलंगा गाविस, जाजरकोट	०५५।९।१७	जाजरकोट
१११.	भीमबहादुर बली	२०	"	"	"
११२.	भकदुल कामी	२०	"	"	"
११३.	बिष्णु बटाला	२१	"	०५५।९।१८	"
११४.	मानबहादुर कार्की	२१	"	०५५।९।२८	"
११५.	केसे बस्नेत	२६	कोर्त्ताङ गाविस- ६	०५६।६।२६	"
११६.	कर्णबहादुर बस्नेत	२६	"	"	"
११७.	ईश्वरीप्रसादा दाहाल	६०	पुरानो झाँगाझोली- ६	२०५७।५।२१	काठमाडौं
११८.	जनक ढकाल	-	नुवाकोट	-	"
११९.	शिवबहादुर किरिङ मगर	-	भीमखोरी, काभ्रे	२०५७।२।२८	"
१२०.	शिवबहादुर बी पन्नी	-	"	"	"
१२१.	नारायणप्रसाद कोइराला	-	काठमाडौं	०५७।६।२	"
१२२.	कर्मसिंह लामा	२९	मेच्छे-९, काभ्रे	०५७।४।२७	मनपुर
१२३.	दानबहादुर माझी	-	बन्दीपुर, तनहूँ	-	तनहूँ
१२४.	छबिलाल भुजेल	२८	आपुखैरेनी, तनहूँ	०५७।४।२८	"
१२५.	मोहनहरि पौडेल	३२	भलेंटार- ६, तनहूँ	०५७।३।३२	"
१२६.	तिलाराम ढकाल	४५	पुर्कोट गाविस-९	०५७।३।२४	"
१२७.	देवेन्द्र हमाल	-	न्याङ्जा	०५७।४।११	स्याङ्जा
१२८.	कृष्णबहादुर बली	४५	दुरुवा गाविस-८	०५६।९।२४	बिजौरी, दाङ
१२९.	राजकुमार चौधरी	२१	"	"	"
१३०.	शान्तबहादुर ऐर	३८	देवस्थल-६	०५७।३।१०	सल्यान
१३१.	चन्द्रबहादुर राना	-	खलङ्गा गाविस	०५७।१०।८	जाजरकोट
१३२.	गोपाल खड्का	-	"	"	"
१३३.	मोहनबहादुर शाही	२३	पुन्मा गाविस- ४	०५६।११।३	"
१३४.	परेकबहादुर शाही	१९	कालेडाँडा लालु-३	०५७।४।३०	अछाम

नोटः- श्रोत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र विभिन्न पत्रपत्रिकामा आधारित। प्रहरी प्रशासनले बेपत्ता पारिएका व्यक्तिहरूलाई छोडेको वा सार्वजनिक गरेको तथ्यांक प्राप्त नभएको हुनाले संख्यामा थपघट हुन सक्ने देखिन्छ।

उनले रोपेको आज

– यादव शर्मा–

संझनाका तरेलीहरू पल्टाउदा विगतका पत्रपत्रमा समयको झन्झावतको मारमा परेका नीलडामहहरू, पाकेका घाउहरूबाट वगेको पीप-रगत र लागेका ठेसहरूमा उक्किएका पाप्राहरु मात्र भए पनि कतै कतै अल्मलिएका राम्रा पक्षहरु विहानीको फूलमा अल्झि वसेका शीतविन्दू झैं ताजा, रहर लाग्दा र अनुपम मनोहारी देखन सकिन्छ। उसका ति अनूभूतिहरूमा संसारले एउटा सामान्य विषय भेटे पनि संझनेले सिंगो संसार त्यसै अनुभुतिको सेरोफेरोमा समेटिएको भेट्छ। घरै मुनि सुसाउँदै लमतन्न पसारिएको कलकले पानी वोक्ने चञ्चले खोलो, धुलाले लच्छेप्रै पार्ने गल्ली, चौडण्डि र खलेगराहरू एवं फाटेका

कपडाका प्वालबाट चियाई-चियाई चुस्स छोएर भाग्ने हिमाली सिरेटो हाम्रो वाल जीवनका अभिन्न अंगहरू हुन् र सम्झनाका उर्वरक र फराकिला फांटहरू हुन्। तिनै फांटहरूमा उड्ने धुलाका धुलिकणेहरूबाट निर्मित शरीर, त्यही कलकले पानीबाट जीवनमा संचारित रगत र हिमालले हम्केको पंखाबाट वग्ने सिरेटो प्राण पखेरूमा परिणत भएका कुराहरूको संझनाहरूले आज पनि भाव विभोर वनाउंछ।

अझ त्यसमा पनि कोपे घसेटाहरू भुत्ते कर्दले मुठारेर वनाएका गाई वस्तुहरू, चेप्टे ढुंगामा वालुवा हालेर पकाएको भात र इलामे तथा कपासेका मुन्टा निमोठेर वनाएको काल्पनिक तिहुनको स्वाद जिब्रामा झुण्डिएकै छ। ती ठाउँहरू अझै पनि भोक र भकारी दुवैबाट टाढा छन् र टाढा छन् शोक र सुर्ताबाट पनि। भालेको डांकले ढिकी, जांता र पधेंराहरूमा नवजीवन संचारित हुन्छ र झ्याउंकिरीको विलौना संगै स्तव्धता छाउंछ खेतहरूमा। यस्तै सायद यस्तै नै हुन्छ एउटा पहाडी गाउंको दिन चर्या-काम, काम र अलिकति आराम।

वचपनलाई किशोरावस्थासंग साट्नु परे पछि कतिपय गाउंका किशोरहरू पढाईका लागि घर छाडी डेरामा वस्न थाल्दछन् र आवश्यकता फराकिंदै जाने क्रममा अभाव र समस्यासंग परिचित हुन पुग्दछन्। अभाव र समस्या संग परिचित हुंदै जाने क्रममा संघर्ष जीवनको वैशिष्टय हो वा वचाई जीवनको वैशिष्टय हो भन्ने प्रश्नले दायरा फराकिलो पार्न थाल्छ। संघर्षलाई जीवनको वैशिष्टय ठानी गुण र महत्ताका लागि अनवरत संघर्षशील रहेनहरू शहीद वन्ने र वचाइलाई जीवनको वैशिष्टय ठान्नेहरू यथास्थितिमा रमाउँदा रमाउँदै राष्ट्रका सर्वोच्च कुर्सीहरू ओगट्ने परम्पराको अन्त गर्ने मान्यताको विजाङ्कुर पनि यही वेलामा हुने गर्दछ। वचाईको विशिष्टताका लागि संघर्षको अपरिहार्यता माथि चुनौतिको गुञ्जाइस नदेख्नेहरूलाई पंचायती शासकहरूका खुनी हातले निमोठेको लामै फेहरिस्त छ। ०३६

अभाव र समस्या संग परिचित हुंदै जाने क्रममा संघर्ष जीवनको वैशिष्टय हो वा वचाई जीवनको वैशिष्टय हो भन्ने प्रश्नले दायरा फराकिलो पार्न थाल्छ। संघर्षलाई जीवनको वैशिष्टय ठानी गुण र महत्ताका लागि अनवरत संघर्षशील रहेनहरू शहीद वन्ने र वचाइलाई जीवनको वैशिष्टय ठान्नेहरू यथास्थितिमा रमाउँदा रमाउँदै राष्ट्रका सर्वोच्च कुर्सीहरू ओगट्ने परम्पराको अन्त गर्ने मान्यताको विजांकुर पनि यही वेलामा हुने गर्दछ। वचाईको विशिष्टताका लागि संघर्षको अपरिहार्यता माथि चुनौतिको गुञ्जाइस नदेख्नेहरूलाई पंचायती शासकहरूका खुनी हातले निमोठेको लामै फेहरिस्त छ।

सालको जन आन्दोलन र त्यसका उपलव्धी वारे विहंगम दृष्टि राख्नेहरू गुणात्मक स्थितिलाई एकातिर मुलतवि राख्दा पनि शिक्षा क्षेत्रमा एउटा ठूलो परिवर्तन आयो आएको र खुम्चिएर रहेको यस क्षेत्रले एउटा ठूलो फड्को अनुभव गर्दछन्।

मेची-काली र हिमाल-तराईका भू-भागहरुमा कलेजहरु खुल्न थाले र ति कलेजहरुका ढोका खुल्दा कुनै निर्जिव भवनका ढोकाहरु मात्र खुलेनन, खुले युवा समुदायमा चेतना र जागृतिका ढोका पनि।

प्रगतिशील कित्ताका किसान, मजदूर तथा विद्यार्थी समुदाय वीचमा शसक्तपूर्वक चेतना अभिवृद्धि गर्ने र जागृतिको विगुल फुक्ने कामले निरन्तरता पायो। पंचायती कालरात्रीको कहाली लाग्दो एउटा पाटो ०३६ सालले समाप्त पारेको थियो र उत्पीडनका क्षेत्रलाई जागृतिको उर्वरकत्व तथा उर्जाशील युवा जोश, जांगर र संकल्पले वञ्जर वनाई रहेको थियो। वाह्यरुपमा शोषक, सामन्त र जाली फटाहहरु विस्तारै तर्सन र लत्रन थालेका भए पनि भित्र-भित्रै षडयन्त्रको खिचडी पाकि रहेकै थियो।

नेपाल आमाका वीर सपुत, क्रान्तिकारी योद्धा कमरेड हरी नेपाल र चन्द्र पुरीको रगतले माटो भिजेको संखुवासभा जिल्लाका युवाहरु विस्तारै जुर्मुराउन थालेका थिए। लामो समयसम्म वामे सरी रहेको पार्टी कामले गति लिन थालेको थियो। जनमत संग्रहमा धांधली गरेर पंचायती शासनलाई निरन्तरता दिन दलाल नोकरशाह, स्थानीय सामन्त वर्ग तथा जाली फटाहहरुको तावेदारी गर्ने पंचहरु खरावको विरुद्ध असल र तुलनात्मक रुपमा हरीप नभएको व्यक्तिको चयनमा युवाहरुको पहलले गर्दा कुशासनका वर्दीविहिन सिपाहीहरू तथा प्रमुख जिल्ला अधिकारीका तलवी कर्मचारीहरू, जो जन प्रतिनिधि र जासूसको दोहोरो भुमिका निर्वाह गरिरहेका थिए, धमाधम परास्त हुन थाले। अन्धकारमय भविष्यमा कुइराको काग भएका पंचहरू, जो अत्यन्तै नीच र षडयन्त्रकारी थिए, अनिश्चितताको सन्त्रासमा आक्रान्त हुंदा शत्रु सखाप अभियानको खोजीमा लागे।

त्यसैले २०४२ सालमा भएको वम विष्फोटनले निरास भएका पंचहरुलाई "डुवतेको तीनकेका सहारा" भने झै शत्रु सखाप अभियानको सुनौलो ढोका खुल्यो। देश भरका प्रगतिशील, देशभक्त तथा राष्ट्रवादी शक्तिमाथी दमनचक्र चलाउने वहाना मिल्यो र त्यसैको तहत मेची-काली र हिमाल-तराईका होनहार युवाहरुको घरपकड गर्ने, वर्वर पाशविक यातना दिने र हत्या गर्ने जघन्य अपराधलाई तीव्र पारियो।

२०४२ साल असार १५ गतेका दिन वम विष्फोटनको सवालमा छाविन गर्ने वहाना वनाई मेरो प्यारो भाई महेश, मेरो छिमेकी कृष्ण तामाङ र भाइको सहपाठी च्यवन वस्नेतलाई हलो कोदालो गरी रहेकै वेला खेत खेतैबाट धरपकड गरियो। यस काण्डको

खलनायक शिद्धकाली गाउं पंचायतको प्रधान पंच थियो। असार १५ गते देखि २५ गते सम्म खांदबारीको प्रहरी हिरासतमा वर्वरतापूर्ण पाशविक यातना दिएर कृष्ण तामाङ र च्यवन वस्नेत छाडिए भने यातनाकै क्रममा महेशको हत्या गरी छाडिएको हल्लालाई तत्कालिन जिल्ला सभापति, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी निरिक्षक समेतको मिलेमतोमा सार्वजनिक गरियो।

यसरी असार पन्ध्र गतेका दिन आफ्नो संस्कृति र परम्परा अनुसार विहान दही चिउरा खाएर खेत गएको छोरो, घुम कोदाली खेतको डिलमा छाडेर चैनपुर गएको भाइ र वहिनीको कपि किताब किन्न गएको दाजू फेरी फर्केन। हामीले भोगेका मुटु चिमोट्ने, वल्झी-वल्झी र झम्टी-झम्टी आक्रान्त पार्ने पीर, व्यथा र वेदानहरु अकल्पनीय, परिभाषा विहिन र अभिव्यक्त गर्नै नसकिने खालका छन्। हाम्रा पीडा, व्यथा र वेदनाका कथाहरु सवै सामू वोल्ने, चल्ने, छाम्ने र छोइने हुदैनन्। सिंगो जीवनलाई वोझिल र ओसिलो पार्ने रक्ताश्रुद्वारा व्यक्त हुने कथाहरू आफ्नो कित्तामा पीडा नफलाएका व्यक्तिहरुबाट छाम्ने, छोइने र वुझिने हुन सक्तैनन्। परिवारका कुनै पनि सदस्यको आङमा खुसीको न्यानो घाम नलागेका, कुनै रात आरामको मिठो निद्रा नपरेका र चाड पर्वले पकाएको स्वादिलो गांस शान्तिपूर्वक निल्न नसकेकाहरुले मात्र हाम्रो व्यथा बुझ्न सक्छन्।

असारको पन्ध्र, धमाधम र व्यस्तताको पर्याय, मूठी खाएर मुरी फलाउने वेला, सिंगो पहाडी खेतका आंठ तथा फोगटा र गराहरुमा जनजीवन वग्रेल्ती छरिएको हुन्छ। यतिवेला पहाडी प्रदेशका किसानहरुको कोक्रो देखि चिहान सम्म खेतमै हुने गर्दछ। रोपार-वाउसेको दोहोरी, हलीको पछ्र-पछ्र र होरी एवं असारे भाखाको अविरल गुंजनले खेतका गरा गरा र कान्ला कान्लामा जीवन्त हुन्छन्। तर विडम्वना रगतका आसुले सिंचित हाम्रो खेत वांझै रह्यो। हलिदाइको पछ्र-पछ्र र होरी थिएन र थिएन दोहोरी एवं असारेको गुन्जन पनि। ति सवै कुराहरु हामीले जीवन भरको रोदन, क्रन्दन र पीडा संग साटी सकेका थियौं। हामी सवै जना एक अर्कालाई सान्त्वना दिनुको वावजुदै पनि मौका पाउना साथ एकान्तमा आफै रुने गर्दथ्यौं। सिंगो परिवारले आफ्नो अभिन्न अंग गुमाएको थियो। महेशको भोटो सिरानी हालेर रुदै आमा अनिदा रातहरुको कहाली लाग्दो कहर काट्नु हुन्थ्यो भने अर्कातिर कुच्चाको मुख काटे जस्ता मेरा छोराहरुमा एउटा रहेन भन्दै वुवा रुनु हुन्थ्यो। यस्तो त्रासदी र विव्हलता भित्र भाइको वियोगमा पीडित म पनि दुस्वप्नले लेखेटिदिंदा आधारातमा रुदै उठ्ने गर्दथें।

पिढी, मझेरी र दलानहरुमा छरिएर रहेका महेशका संझनाहरु, खेत खलिहान र कोठेवारीमा पोखिएका उसका श्रमहरु तथा झ्याल, ढोका एवं आंखिझ्यालहरुबाट पोखिने भातृवात्सल्यपूर्ण टीठलाग्दा आमाका आँखाहरुको सामना गर्ने साहश हामी कसैमा पनि जुट्दैनथ्यो। यसरी नै जिन्दगीको डेढ दशक पुरा भयो र समयले गहिरा घाउहरुलाई पुर्ने क्रममा हाम्रो घाउमा पनि उपरि खाटा वसेको ठाउँमा छुंदासाथ चहऱ्याउने भएकाले छुवाइबाट वुवा आमालाई कमसेकम पनि परै राख्नु पर्दछ। मौनताको वारीमा संताप रोपेर आशुले सिंचन गर्दै आक्रोसको विरुवा उमार्नेहरुले प्रजातन्त्रको पुनस्थापना पश्चात. शान्तिको साँस फेर्न पाएका छैनन्। आस्थाका पर्खालहरूबाट सीमांकित विश्वासको जमिन राजनीतिक दाउपेचको आलिशान इमारतमुनि छोपिंदा दिउँसै अँधेरो लाग्ने गल्लीका भित्ताहरुमा ठोकिएर शहीदहरुले गोता खाइरहेका छन्। राष्ट्रिय राजनीतिक जीवनका हरेक फांटमा यस्तो निरन्तरता रहने हो भने तिनै संकिर्ण गल्लीका भित्ताहरुमा ठोकिंदा ठोकिदै राष्ट्रको गौरव, इतिहासको शान र आस्था एवं विश्वास पुञ्ज शहीदहरुले नै पुन शहादत प्राप्त गर्ने खतरा बढेको छ। यस्तो यथार्थमा उनले रोपेको आजले फलाएको हाम्रो भोलीमा उनलाई संझिंदा पीडा र विर्सदा वेइमानी वाहेक के नै पो हुन्छ ?

"जव तिमीहरु घर पुग्छौं तिनीहरूलाई भन्नु र सवैलाई सुनाई दिनु, हामीले हाम्रो आजलाई तिनका भोलिको लागि समर्पण गऱ्यौं।" कुसुवाको वारीमा रोपिउन् वा सुखानीको घारीमा पोखिउन शहीदको शहादतले एउटै भाषा वोल्दछ, "हामीले हाम्रो आजलाई तिम्रा भोलीका लागि समर्पण गऱ्यौं।"

(लेखक महेश चौलागाईंका दाजु हुनुहुन्छ)

नेपाल आमाका वीर सपुत, क्रान्तिकारी योद्धा कमरेड हरी नेपाल र चन्द्र पुरीको रगतले माटो भिजेको संखुवासभा जिल्लाका युवाहरु विस्तारै मुर्मुराउन थालेका थिए। लामो समयसम्म वामे सरी रहेको पार्टी कामले गति लिन थालेको थियो। जनमत संग्रहमा धांधली गरेर पंचायती शासनलाई निरन्तरता दिन दलाल नोकरशाह, स्थानीय सामन्त वर्ग तथा माली फट्टाहहरुको तावेदारी गर्ने पंचहरु खरावको विरुद्ध असल र तुलनात्मक रुपमा हरीप नभएको व्यक्तिको चयनमा युवाहरुको पहलले गर्दा कुशासनका वर्दीविहिन सिपाहीहरु तथा प्रमुख जिल्ला अधिकारीका तलवी कर्मचारीहरु, यो जन प्रतिनिधि र जासूसको दोहोरो भुमिका निर्वाह गरिरहेका थिए ।



एक्काइसौं शताब्दीको आगमन र मानव-अधिकार

सुशील प्याकुरेल
सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

विश्वका जनताले २० औं शताब्दीलाई विदाइ गरेको र २१ औं शताब्दीलाई स्वागत गरेको १३ महिना बित्नै लागेको छ।

२० औं शताब्दी मानव अधिकारको दृष्टिकोणले निकै उथलपुथलपूर्ण रह्यो। यसै शताब्दीमा श्रमको शोषण बारेमा जानकारी मात्र आएन श्रमजीवी जनताले आफ्नै राज्य सत्ता कायम गर्ने अभिप्राय सहित समाजवादी क्रान्ति गरेर प्रथम समाजवादी राज्यसत्ता सोभियत संघको स्थापना गरे। विश्वभरि नै साम्राज्यवादी विरोधी संघर्षको ज्वाला दन्कियो। औपनिवेशिक शासन प्रणालीको करिब करिब अन्त्य भयो। विश्व शान्ति र समानताको लागि संयुक्त राष्ट्रसंघको स्थापना भयो र अझै २० औं शताब्दीको मध्यतिर आउँदा नआउँदै "मानव अधिकारको विश्वव्यापी घोषणा पत्र" पनि विश्व समुदायले पायो। शताब्दीकै अन्तमा पुग्दा नपुग्दैसम्म संयुक्त राष्ट्रसंघले मानव अधिकारको जगेर्ना र विकासको लागि कैयौं महासन्धि र समझदारी पत्रहरू जारी गऱ्यो र विश्वभरि नै मानवअधिकार प्रतिको शासकीय प्रतिवद्धताको लहर चल्यो।

विश्वमा नै शोषण, उत्पीडन र दमनको प्रतिरोधमा ज्यादै निर्मम र रक्तपातपूर्ण संघर्षहरू पनि भए। फलत: कतिपय आदिमकालीन शासन प्रणालीहरूको अन्त्य भयो। रंगभेद जस्तो जातिय शासन प्रणालीको अन्त्य भएको मात्र हैन नागरिक तथा राजनैतिक अधिकारहरूको साँगुरो घेराबाट मानवअधिकारको व्याख्यामा जनताका नैसर्गिक अधिकारहरूभित्र आर्थिक-सामाजिक र सांस्कृतिक अधिकारहरू पनि स्थापित भयो। मानव अधिकारको व्यापकता र अविभाज्यता तथा सर्वव्यापितामा विश्व सहमति कायम भयो। यसरी मानवअधिकारको क्षेत्रमा जनताका संघर्षले एकातिर उल्लेखनीय सफलता प्राप्त गऱ्यो भने अर्कोतिर मानव अधिकार हननका स्वरुपहरूमा अझ विविधता देखिन थाल्यो।

विश्व पूँजीवादले आफ्नो परम्परागत स्वरुपलाई फेर्दै विश्व साम्राज्यवाद फैलाउने नयाँ तौरतरिकाहरू अपनाउन थाल्यो। विश्वभरि नै स्वतन्त्र विश्वको नामबाट शुरु गरिएको राजनैतिक प्रणालीको प्रचार प्रसार र त्यसको आर्थिक आधारको लागि तयार पारिएको विश्व बजार प्रणालीको लागि उदारीकरण र निजीकरणको हावा व्यापक रूपमा फैलाइयो। फलस्वरुप समाजवादी आर्थिक प्रणालीभित्र जनवादको अपहरण गर्दै सत्तासिन राज्य सत्ताहरू धमाधम ढल्न थाले। प्रथम समाजवादी राज्य व्यवस्था भएको सोभियत संघमा समाजवादको अवसान भएको मात्र हैन सोभियत संघको व्यापक विखण्डन भयो र सम्पूर्ण पूर्वी युरोप मा पूँजीवादको निर्वाध पैठारी गरियो।

विश्वलाई एकीकृत आर्थिक राजनैतिक प्रणालीभित्र ल्याउने उद्देश्यअनुरुप विभिन्न विश्व वित्तिय संस्था र प्रणालीहरूको स्थापना भयो। यसरी २० औं शताब्दीभरिको संघर्षको उपलब्धिमा पानी फेरिन थाल्यो। निजीकरणको नाममा राज्यहरू आफ्नो दायित्वबाट व्यापकरूपमा पन्छिन थाले। दातृ राष्ट्रको नाममा गरीब र विपन्न राष्ट्रलाई सहयोग गर्न अगाडि आएका मुलुकहरू र अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरूले आर्थिक प्रणालीको सुधारको नाममा तेस्रो विश्वका मुलुकहरूले विगतमा प्रदान गर्दै आएको सब्सिडीको कटौती मात्र हैन निजीकरणको नाममा सबै सेवाहरू सरकारको दायित्व बाहिर राख्न थाले। फलस्वरुप नेपाल जस्तो अविकसित राष्ट्रका जनता शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताहरूबाट वंचित हुन पुगे। विश्व व्यापार प्रणालीमा आएको "समानता" र "एकरूपता"ले गर्दा धनी राष्ट्रका उत्पादनहरूको वाढीको अघिल्तिर राष्ट्रिय उद्योगहरू धारासायी भए।

विश्व व्यापारलाई खुल्ला बनाउन र विकसित राष्ट्रका उत्पादनहरूको सुलभ र सुगम बजारको लागि एकीकृत व्यापार प्रणालीको लागि विश्व व्यापार संगठन (WTO) को स्थापना भयो। ठूला, शक्तिशाली र औद्योगिक उत्पादनमा अग्रणि मुलुकहरूले आफ्नो बजार सुनिश्चित त पारे तर तेस्रो विश्वका उत्पादनहरू भने विश्व बजारमा प्रवेश गर्न नसक्ने भएका छन्। अझै तथाकथित पेटेन्ट राइट्स प्रणालीले गरीब र विपन्न राष्ट्रहरूले आफ्नो प्राकृतिक सम्पदा माथिको स्वामित्व समेत गुमाउनु परेको अवस्था छ।

पूँजीको निर्वाध निकासी र पैठारीको व्यवस्था उदारीकरण र "निजीकरण"को खोलभित्र गरिएको छ। कुनै पनि देश प्रजातान्त्रिक हो-होइन भन्ने चिनाउन उसले कति "उदारी करण"को लागि विदेशी पूँजी पैठारी गरेको छ र कति निर्वाध "मुनाफा" निकासी गर्न दिएको छ भन्नेबाट यकिन गर्न थालिएको छ। यसरी एकातिर धनी राष्ट्रले विना रोकटोक "पूँजी"लाई लगानीको लागि जुनसुकै ठाउँमा लैजाने भए। "पूँजीको स्वतन्त्र वहाव"को विश्व प्रणाली स्थापित गरियो तर उत्पादनमा सबैभन्दा बढी महत्वपूर्ण भूमिका निर्वाह गर्ने "मानव श्रम" भने सर्वत्र निषेधित गरिएको छ। स्वतन्त्र पूँजी बजार छ तर स्वतन्त्र श्रम बजार किन छैन ? किन श्रमिकहरू आफ्नो श्रमलाई उत्पादनमा लगाउन अरु मुलुक जान पाउँदैनन् ? त्यति मात्र हैन निजीकरण, उच्च तकनिकी र व्यापक यान्त्रिकरणले उद्योगहरूबाट श्रमिकहरूको व्यापक कटौती गरिएको छ। विश्व विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने श्रमिकहरू वेरोजगार बन्दैछन्। तीनको विचल्ली हुँदैछ।

एकातिर "प्रजातान्त्रिक" र पूँजीवादी मुलुकहरू मानवअधिकारको सर्वव्यापिता र अविभाज्यताको सिद्धान्त फलाक्न सबैभन्दा अग्र पंक्तिमा रहने स्वाङ्ग गर्छन् अर्कोतिर जनताको काम गर्ने अधिकार भने खोस्ने मात्र हैन उनीहरूको बाँच्न पाउने अधिकार समेत खोस्दैछन्। यसले गर्दा विश्वभरि नै धनी र गरीब राष्ट्रबीचको खाडल अझ गहिरो भएको मात्र हैन धनी र गरीबबीचको दूरी पनि बढ्दै गएको छ। समाजमा व्याप्त असमानताले तनाव ल्याएको छ। सरकार जनताको जीवनको लागि न्यूनतम सेवा समेत उपलब्ध गराउन असमर्थ भएको छ। यसरी सरकार उत्तरदायित्वबाट पन्छिँदै जाँदा सामाजिक तनाव मात्र हैन विकासोन्मुख र गरीब राष्ट्रहरू आन्तरिक विद्रोह र गृह युद्धको चपेटामा परेका छन्। जसले गर्दा व्यापक जनताको मानव अधिकार हनन हुन थालेको छ। सबैभन्दा बढी कष्ट महिला र केटाकेटीले भोग्नु परेको स्थिति छ।

उपरोक्त तथ्यबाट स्पष्ट हुन्छ, विश्वमा जनताले गरेका संघर्षहरूले विश्वबाट उपनिवेशवादको अन्त्य भएपछि विश्व पूँजीवादले आफ्नो स्वरुपलाई बद्ल्दै नयाँ किसिमको साम्राज्यवाद स्थापित गर्दैछ। विश्वभरि नै सूचना साम्राज्यको माध्यमबाट एकल संस्कृति स्थापित गरिदैछ, स-साना राष्ट्रले राष्ट्रिय परिचय समेत गुमाउँदै छन्।

बीसौं शताब्दीको उत्तरार्धमा विश्व जनताले मानव अधिकारको क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरे भने २१ औं शताब्दीको शुरुवात नयाँ खाले चुनौतीसहित आएको छ। आजभन्दा एक दशक अगाडि कल्पना समेत नगरिएको नयाँ खाले चुनौतीहरू अब देखा परेका छन्। त्यसैले आगामी वर्षहरू अझै सशक्त संघर्षका हुनेछन् भन्नेमा अत्युक्ति हुने छैन। अबको प्रमुख चुनौती भनेकै एकीकृत पूँजीवादी विश्व प्रणालीका विरुद्ध तेस्रो विश्वका श्रमजीवी जनताको संघर्ष हो।

बालअधिकार सम्बन्धी महासन्धिका नयाँ ऐच्छिक सन्धिपत्रहरू

——— तारक धिताल

वाल्यकाल मानव जीवनको सबैभन्दा महत्वपूर्ण र संवेदनशील एवं नाजुक अवस्था हो । बालबालिका विनाको संसारको हामी कल्पना गर्न सक्दैनौं, र भन्ने गर्दछौं: भविष्य त बालबालिको नै हो । तर वर्तमानमा भने बालबालिका प्रतिको दुर्व्यवहार र शोषणको पराकाष्ठ पुग्दा पनि वयस्कहरका निम्ति कुनै चासोको विषय बन्दैन । बर्षौं देखिको यस प्रचलनलाई अन्त्य गर्न बालबालिका पक्षमा थुप्रै अन्तर्राष्ट्रिय प्रयासहरु पनि भएका छन् । बालअधिकारको अवधारणा र व्यापकताले अब बालबालिकाको पनि मानवीय व्यक्तित्व छ र उनीहरु पनि समाजका एक अभिन्न अंग हुन् भन्ने कुरा क्रमश: स्थापित हुँदै गएको छ । यसका निम्ति बालअधिकार सम्बन्धी महासन्धिले ठूलो भूमिका निर्वाह गरेको छ ।

बालअधिकार सम्बन्धी महासन्धिले बालबालिकाको अधिकार, परिवार, समाज र राज्यको दायित्वको सम्बन्धमा धेरै कुराहरु उल्लेख गरेको छ । विश्वमा सबैभन्दा बढी राष्ट्हरुले अनुमोदन गरेको संयुक्त राष्ट्र संघीय महासन्धिहरुमा बालअधिकार सम्बन्धी महासन्धि नै रहेको छ । हाल यस महासन्धिलाई १९१ राष्ट्हरुले अनुमोदन गरी सकेका छन् । सन् १९८९ नोभेम्बर २०मा पारित यस महासन्धि कार्यान्वयन भएको एक दशक पछि संयुक्त राष्ट्र संघले यसैसंग सम्बन्धित दुइवटा महत्वपूर्ण ऐच्छिक सन्धिपत्रहरु निर्माण गरेको छ । बालअधिकार सम्बन्धी महासन्धिले बालबालिकाका प्राय: सम्पूर्ण पक्षहरुलाई समेटेको छ । तर पनि संसारमा बालबालिका विरुद्ध बढ्दै गएको अपराधिक गतिविधि र बालबालिकाका हित विपरीत भै रहेका कार्यहरुलाई नियन्त्रण गर्न अझ विस्तृत व्यवस्था गर्नु पर्ने आवश्यकता महशुस गरीएकाले नयां ऐच्छिक सन्धिपत्रहरु निर्माण भएका छन् । गत २५ मे २००० मा संयुक्त राष्टसंघको महासभाबाट पारित भएका बालबालिकाको सशस्त्र सघर्षमा संलग्नता सम्बन्धी ऐच्छिक सन्धिपत्र (Optional Protocal to the Convention on the Rights of the Child on the Involvement of Children in Armed Conflict) र बालबालिकाको बेचबिखन बालवेश्यावृत्ति र बालबालिकको अश्लिल चित्रण सम्बन्धी ऐच्छिक सन्धिपत्र (Optional Protocal to the Convention on the Rights of the Child on the Sale of Children, Child Prostitution and Child Pornography) हरुले संसार भरीका बालबालिकालाई संरक्षण प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । बालअधिकार सम्बन्धी महासन्धिलाई अनुमादन गर्ने सम्पूर्ण राष्ट्रहरुलाई यस ऐच्छिक सन्धिपत्रलाई अनुमोदन गर्न आह्वान् गर्दै संयुक्त राष्ट्रसंघको महासभाको महिला सम्बन्धी विशेष अधिवेशन जुन, २००० देखि हस्ताक्षरका निम्ति खुला गरिएको थियो ।



हाल यस ऐच्छिक सन्धिपत्रमा थुप्रै राष्ट्हरुले हस्ताक्षर गरी आफ्नो प्रतिवद्धताहरु जनाई सकेका छन् । गत सेप्टेम्बर २००० मा सम्पन्न सं.रा.संघको शहश्राब्दी शिखर सम्मेलनको अवसरमा नेपालका तर्फबाट पनि उक्त सन्धिपत्रहरुलाई स्वीकार गरिएको छ । यस्ता सन्धिपत्रहरुमा हस्ताक्षर गरेर अन्तर्राष्ट्रिय फोरमहरुमा प्रतिबद्धता जाहेर गर्नु बालअधिकार संरक्षणको दिशामा एक सकारात्मक कदम हो । तर उक्त प्रतिवद्धताको व्यवहारीक कार्यान्वयन हुन सकेन भने यस्को कुनै अर्थ रहंदैन । कागज र भाषणले मात्रै बालबालिकाको संरक्षण हुन सक्दैन । तसर्थ यस्ता सन्धिपत्रहरुमा के कस्ता व्यवस्थाहरु गरिएका छन् भन्ने बारेमा सबै सुसुचित हुंदै राज्य पक्ष लगायत सम्बन्धित निकायहरुले के कस्तो दायित्व निर्वाह गर्नु पर्छ भन्ने विषयमा सुझाव र दवाव दिनु आवश्यक छ । नेपाली बालबालिकाहरुले पनि भोग्नु परिरहेको समस्याहरुको सम्बन्धमा सान्दर्भिक रहेका यी दुई ऐच्छिक सन्धिपत्रहरुकामा के कस्तो व्यवस्थाहरु गरिएका छन् भन्नेबारेमा यहाँ सामान्य चर्चा गरिएको छ ।

सशस्त्र संघर्षमा बालबालिकाको सम्लग्नता सम्बन्धी ऐच्छिक सन्धिपत्र:

विश्वका थुप्रै राष्ट्रहरु आज सशस्त्र संघर्षको चपेटामा परिरहेका छन् । सशस्त्र संघर्ष कस्ले किन गरिरहेको छ भन्ने कुरा बेग्लै चर्चाको विषय हो । तर उक्त सशस्त्र संघर्षमा विद्रोही पक्षबाट पनि कतिपय राज्यपक्षबाट बालबालिकालाई सम्लग्न गराइनु बालअधिकार विरुद्धको कार्य हो र यस्को विरोध सबै पक्षबाट हुनु आवश्यक छ । हाल उपलब्ध अनुमानीत तथ्यांक अनुसार विश्वमा करिब ३०,००० बालबालिकाहरु सशस्त्र संघर्षमा सम्लग्न छन् । कतिपय बालबालिकालाई सशस्त्र दस्तामा अनिवार्य भर्ति गरिएको छ भने कतिपयलाई त अपहरण गरेर संघर्षमा होमिन वाध्य गरिएको छ । कतिपय स्थानमा दश बर्ष भन्दा पनि कम उमेरका कलिला बालबालिकाहरु पनि कतै नरसंहारकारी युद्धको साक्षि बनीरहको छन् भने कतै आफ्नै समुदाय, देशका मानिसहरुको विरुद्धको हिंसामा सम्लग्न भैरहेका छन् ।

बालअधिकार सम्बन्धी महासन्धिको धारा ३८ ले सशस्त्र संघर्षमा १५ बर्ष भन्दा कम उमेरका बालबालिकाको प्रत्यक्ष संलग्नतालाई रोक्न सम्भाव्य सबै उपायहरु अपनाउनु पर्ने राज्यको दायित्वका बारेमा स्पष्ट गरेको छ । तर संसारमा सशस्त्र संघर्षमा बालबालिकाको सम्लग्नता बढ्दै गएको र यस्ले बालबालिकाको भावी जीवनमा धेरै नकारात्मक असरहरु पर्ने भएको हुंदा यस ऐच्छिक सन्धिपत्रले सशस्त्र संघर्षमा बालबालिकाको सम्लग्नताको उमेरलाई १५ बर्षबाट बढाएर १८ बर्ष बनाएको छ । यसै गरी १८ बर्ष मुनिकालाई अनिवार्य भर्ति गराउन रोक लगाएको छ । तर राष्ट्रिय सैनिक सेवामा भने स्वइच्छाले भर्ति हुने उमेरलाई पनि तोक्नु पर्ने र यो वास्तवमै स्वैच्छिक

हुनु पर्ने, अभिभावकको स्वीकृति हुनु पर्ने, सैनिक सेवामा गर्नु पर्ने कामबारे स्पष्ट जानकारी गराउनु पर्ने जस्ताकुराहरु राज्यको दायित्वका रुपमा उल्लेख गरिएको छ । यस स्वइच्छाले भर्ति हुने उमेरलाई पनि सबै राष्ट्रले १८ बर्ष नै कायम गर्नु पर्ने आह्वान बालअधिकारका पक्षधरहरुले गरीरहेका छन् ।

राज्यको राष्ट्रिय सशस्त्र दलमा बाहेक अन्य कसैले पनि १८ बर्ष मुनिकालाई सशस्त्र कारवाहीमा सहभागी गराउन नपाउने र यस्का लागि राज्यले आवश्यक सबै उपायहरु अपनाउने, आवश्यकतानुसार यस्तो भर्ति गर्ने कार्यलाई प्रतिवबन्ध लगाउने कानून बनाउने र सो कार्यलाई अपराधिक कार्यका रुपमा लिइनु पर्ने जस्ता कुराहरु राज्य पक्षले गर्नु पर्ने व्यवस्था पनि यस सन्धिपत्रमा गरिएको छ । नेपालको सन्दर्भमा पनि हाल यो प्रश्न अत्यन्त संवेदनशील भै रहेको छ । माओवादी जनयुद्धमा बालबालिकाको प्रयोग भएको छ भन्ने चर्चाले एउटा गम्भीर प्रश्न चिन्ह खडा गरेको छ।

यस ऐच्छिक सन्धिपत्रको कार्यान्वयनको लागि राज्यले कानूनी, प्रशासनिक लगायत सबै उपाय अपनाउनु पर्ने र यस्मा लेखिएका कुराहरुकाबारेमा बालक वयस्क सबैलाई वृहत् रुपमा जानकारी गराउनु पर्नेछ। यस्मा उल्लेखित व्यवस्थाका विपरीत भर्ना भैसकेकाहरुलाई निस्क्रिय पार्ने वा सेवामुक्त गर्ने र आवश्यकतानुसार राज्य पक्षले उनीहरुको शारिरीक, मानसिक पुनर्प्राप्ति र सामाजिक पुनर्एकिकरणका लागि उचित सहयोग पुऱ्याउनु पर्ने जिम्मेवारी पनि यस सन्धिपत्रले राज्यलाई तोकेको छ । सशस्त्र संघर्षमा बालबालिकाको सम्लग्नता विश्वव्यापी चिन्ताको विषय भएकाले यस सन्धिपत्रको व्यवहारिक कार्यान्वयनका लागि एवं यस विपरीतका कार्यबाट पीडित बालबालिकाको संरक्षण एवं पुनर्स्थापन समेतका लागि अन्तर्राष्ट्रिय सहयोगहरु जुटाउनका लागि राज्य पक्षहरु सहयोगी हुनु पर्ने व्यवस्था पनि यस सन्धिपत्रमा गरिएको छ । यो ऐच्छिक सन्धिपत्रलाई अनुमोदन गर्ने राज्यपक्षले यो लागू भएको २ बर्ष भित्र यस्को कार्यान्वयन सम्बन्धी प्रतिवेदन सं.रा. संघको बालअधिकार समितिमा बुझाउनु पर्ने र त्यसपछि भने हरेक पांच बर्षमा बुझाइने बालअधिकार सम्बन्धी महासन्धिको प्रतिवेदनमा नै यस ऐच्छिक सन्धिपत्र सम्बन्धीका कुराहरु समाविष्ट गर्नु पर्ने व्यवस्था गरिएबाट पनि यसको कार्यान्वयन गर्न राज्यपक्षहरु वाध्य छन् ।

बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र बालबालिकाको अश्लिल चित्रण सम्बन्धी ऐच्छिक सन्धिपत्रः

बालबालिकाहरु विरुद्ध हुने अपराध मध्ये सबैभन्दा निकृष्ट अपराध बालयौनशोषण हो । जस्को असर बाल्यकालमा मात्रै नभई जीवन पर्यन्त नै रहीरहेको हुन्छ । संसारको संगठीत अपराध जगतमा सबैभन्दा बढी नाफा हुने कारोबारमा लागू पदार्थ र हातहतियारको अवैध व्यापार पहिलो, दोश्रो स्थानमा रहेको छ भने चेलिवेटी बेचबिखन, वेश्यावृत्ति एवं अश्लिल चित्रण सम्बन्धी अपराधले तेश्रो स्थान ओगटेको छ । एक अनुमानित तथ्याक अनुसार विश्वमा हरेक ५ जना बालबालिका मध्ये एक जना कुनै न कुनै रुपले यौनशोषणको उत्पीडनमा परेका हुन्छन् । बालयौनशोषणका विरुद्ध क्रियाशिल संस्था एक्प्याटका अनुसार प्रत्येक बर्ष विश्वमा १० लाख बालबालिकाहरु (खासगरी बालिकाहरु)

यौन व्यवशायको शिकार बन्ने गर्छन् । नेपाली बालबालिकाहरु पनि यस अपराधिक गतिविधिको चपेटाबाट मुक्त छैनन् । नेपालबाट बेचिने चेलिवेटीहरुमध्ये करीव २० प्रतिशत बालिकाहरु रहेको तथ्यांक प्रकाशमा आएको छ । यसै गरी बाल वेश्यावृत्तिको स्थिति पनि रहेको पाइएको छ।

बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र बालबालिकाको अश्लिल चित्रण सम्बन्धीका कुराहरु कुनै एक देश भित्र मात्रै सिमित नरही यो अपराध कुनै एक राष्ट्र भित्र नै र राष्ट्र राष्ट्र बीच तथा अन्तरर्राष्ट्रिय रुपमा नै पनि रहने गरेको छ । बालअधिकार सम्बन्धी महासन्धिमा उल्लेखित बालबालिकालाई बेचबिखन, यौनशोषण लगायतबाट संरक्षण गर्ने समेतका कुराहरुको व्यवहारीक कार्यान्वयनका लागि यस ऐच्छिक सन्धिपत्रमा थप व्यवस्था र व्याख्या गरीएको छ । यस सन्धिपत्रले बालअधिकारको गम्भीर उल्लंघनका रुपमा रहेका बेचबिखन, बालवेश्यावृत्ति र अश्लिल चित्रण जस्ता कुरालाई एक जघन्य अपराधका रुपमा लिएको छ । यस्को अन्त्यका निमित्त अन्तर्राष्ट्रिय सहयोग, आम सचेतना, शैक्षिक अभियान जस्ता कुराहरुको महत्वपूर्ण भूमिका रहने कुराहरुलाइ यस्ले उठाएको छ । कुनै पनि राज्य पक्षले बालबालिकाको बेचबिखन, बालवेश्वावृत्ति र बालबालिकाको अश्लिल चित्रणलाई प्रतिवन्ध लगाउनु पर्ने व्यवस्थाका अतिरिक्त सन्धिपत्रमा उल्लेखित कुराहरु निम्नानुसार छन् ।

१) परिभाषाः

यस सन्धिपत्रमा बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लिल चित्रणलाई स्पष्ट गर्न निम्नानुसार व्याख्या गरिएको छ ।

क) बालबालिकाको बेचबिखन –

बालबालिको बेचबिखन यौनशोषणको निम्ति मात्रै हुने नभई अन्य प्रयोजनका लागि पनि हुने कुरालाई यस परिभाषमा स्पष्ट गरिएको छ । यस सन्धिपत्रको प्रयोजनका लागि बालबालिकाको बेचविखन भन्नाले कुनै व्यक्ति वा समूहले कुनै पारितोषिक दिई वा अन्य कुनै कुराले प्रभावित पारी बालबालिकालाई स्थानान्तरण गर्ने कार्यलाई जनाउंदछ । यस्तो बालाबालिकाको स्थानान्तरण यौनशोषण गर्ने प्रयोजनका लागि, नाफाका लागि अंग प्रत्यारोपण गर्ने प्रयोजनका लागि एवं जवरजस्ति श्रममा लगाउने प्रयोजनका लागि गरिएमा बेचबिखन मानिने छ।

ख) बालवेश्यावृत्ति –

बालवेश्यावृत्ति भन्नाले कुनै पारितोषिक दिई वा अन्य कुनै कुराले प्रभावित पारी यौनक्रियाकलापमा बालबालिकालाई प्रयोग गर्ने कार्य वा कारोबारलाई जनाउंछ ।

ग) बालबालिकाको अश्लिल चित्रण –

बालबालिकाको अश्लिल चित्रण भन्नाले कुनै पनि माध्यमबाट यौनिक प्रयोजनका लागि बालबालिकालाई वास्तविक रुपमा नै वा अन्य प्रक्रियाले (कृतिम रुपमा) यौन क्रियाकलापमा सहभागी गराइएका कुराहरुको निमार्ण गर्नु,प्रदर्शन गर्नु वा बालबालिकाको यौनाङहरुको प्रदर्शन गर्ने कुरालाई जनाउंदछ ।

२) अपराधिक कार्य मानिनेः

देशमा आन्तरीक रुपमा भएको होस् वा एक अर्को राष्ट्रबीच भएको होस् तथा व्यक्तिगत रुपमा वा संगठीत जुनसुकै रुपमा भएको भए पनि राज्य पक्षहरुले कम्तिमा निम्न कार्यहरुलाई पूर्णतः अपराधिक गतिविधिका रुपमा स्वीकार गरी फौज्दारी कानून अन्तर्गत समेटिनु पर्दछ ।

क) बालबालिकाको बेचबिखनको सन्दर्भमा कुनै पनि माध्यमबाट बालबालिकालाई यौनशोषण गर्न, नाफाका

लागि अंग प्रत्यारोपण गर्न, जबरजस्ती श्रममा लगाउन प्रस्ताव गर्ने, स्वीकार गर्ने वा हस्तानान्तरण गर्ने कार्य तथा धर्मपुत्रपुत्री लिने दिने सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरुलाई उल्लंघन गरी गलत ढंगबाट स्वीकृति लिने तथा मध्यस्थता गर्ने कार्य ।

ख) बालबालिकाको अश्लिल चित्रण निर्माण गर्नु, वितरण गर्नु, आयात गर्नु, निर्यात गर्नु, प्रस्ताव गर्नु, विक्री गर्नु वा यौन प्रयोजनको लागि आफुसंग राख्नु ।

ग) बालवेश्यावृत्तिका लागि बालबालिका उपलब्ध गराउनु, लिनु, नियुक्त गर्नु वा प्रस्ताव गर्नु ।

३) कारवाहीको क्षेत्राधिकार:

माथि उल्लेखित अपराधहरु कुनै पनि राज्यको क्षेत्रभित्रका साथै सो राज्यको अधिनमा रहेको पानी जहाज वा हवाई जहाजमा भएको भए पनि तथा अपराधी वा पीडित पक्ष आफ्नो राज्यको बासिन्दा भएमा कारवाही गर्न सक्ने बन्दोबस्त प्रत्येक राज्यपक्षले मिलाउनु पर्नेछ । यस्ता अपराधीलाई एक अर्को देशमा सुपुर्दगी गर्न मिल्ने व्यवस्था गर्नुका साथै यस्ता अपराध सम्बन्धमा अनुसन्धान गर्ने, सुपुदर्गी गर्ने लगायतका कार्यविधिमा राज्य पक्षले एक अर्कालाई सघाउनु पर्ने व्यवस्था पनि यस सन्धिपत्रमा गरिएको छ । यस्ता अपराधमा सम्लग्न सम्पूर्ण सामाग्रीहरुलाई राष्ट्रिय कानून अनुसार राज्यले आफ्नो कब्जामा लिनु पर्ने छ ।

४) पीडित बालबालिकाको अधिकार र उच्चतम हित:

फौज्दारी न्यायिक कारवाहीको हरेक तहमा यस्ता अपराधबाट पीडित बालबालिकाको अधिकार र उच्चतम हीतका लागि उपयुक्त उपायहरु अपनाउनु पर्नेछ । यस क्रममा पीडित बालबालिकाको संवेदनशिलतालाई ध्यान दिंदै उनीहरुको विशेष आवश्यकतालाई महत्व दिने, साक्षिका रुपमा प्रस्तुत हुंदा आवश्यक पर्ने विशेष आवश्यकताहरुलाई ध्यान दिने, उनीहरुको अधिकार, भूमिका लगायत कारवाहीको प्रगति र लाग्ने समयका बारेमा जानकारी गराउने, कारवाहीको क्रममा उनीहरुको व्यक्तिगत हितमा परेको असर सम्बन्धी उनीहरुको धारणा, आवश्यकता र सरोकारका विषयलाई उचित मान्यता दिने, उनीहरुलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने, उनीहरुको परिचय तथा गोपनीयताको संरक्षण गर्ने, आवश्यकतानुसार डरत्रास एवं अन्य अनुचित प्रभावबाट जोगाउन पीडित एवं नीजका परिवार र साक्षीहरुलाई संरक्षण प्रदान गर्ने तथा यस सम्बन्धी कारवाही एवं क्षतिपूर्ति पाउने लगायतका अन्य आदेश एवं निर्णयहरुको कार्यान्वयनमा ढिलाई हुन नदिने समेतको व्यवस्था राज्यपक्षले गर्नु पर्ने छ ।

यसै गरी पीडित बालबालिकासंग काम गर्ने व्यक्तिहरुलाई उचित कानूनी एवं मनोवैज्ञानिक तालिमहरु दिने, यस्तो अपराधको विरुद्ध एवं पीडित बालबालिकाको पुनर्स्थापनको निम्ति कार्यरत संघसंस्था तथा व्यक्तिहरुलाई आवश्यकतानुसार सुरक्षा प्रदान गर्ने उपायहरु अपनाउनु पर्नेछ ।

५) जनचेतना र आपसी सहयोग:

यस्ता अपराधका विरुद्ध कानून, प्रशासनीक कारवाही, सामाजिक नीति, कार्यक्रमहरुको कार्यान्वयना जोड दिनु पर्नेछ । यस सम्बन्धी बालबालिका लगायत सबैमा व्यापक जनचेतना जगाउने तथ शिक्षा एवं तालिम उपलब्ध गराउनर पर्नेछ ।

यस्ता अपराध हुन नदिन, अनुसन्धान गर्न, कारवाही गर्न र सजाय गर्ने कार्यमा अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान गर्नका लागि बहुराष्ट्रिय, क्षेत्रीय वा द्विपक्षीय बन्दोबस्त मिलाउने तथा पीडित बालबालिकाको शारीरिक तथा मानसिक पुनर्प्राप्ति, सामाजिक पुर्नएकीकरणका लागि अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्नु पर्ने छ ।

यस सन्धिपत्रलाई अनुमोदन गर्ने राज्यपक्षले यो लागू भएको दुई बर्षभित्र यस्को कार्यान्वयन सम्बन्धी प्रतिवेदन सं.रा. संघको बालअधिकार समितिलाई बुझाउनु पर्नेछ भने त्यसपछि हरेक पांच बर्षमा बुझाउनु पर्ने बालअधिकार सम्बन्धी महासन्धिको आवधिक प्रतिवेदनमा नै यस सन्धिपत्र सम्बन्धी कुराहरुलाई पनि समावेश गर्नु पर्नेछ ।

अन्त्यमा,

यी दुबै ऐच्छिक सन्धिपत्रहरुलाई बालअधिकार सम्बन्धी महासन्धि कै एक हिस्सा मानेर सो को भावना अनुरुप नै व्याख्या गरिनु पर्दछ । यसका लागि मूलत: हरेक पक्षमा बालअधिकार सम्बन्धी महासन्धिका आधारभूत सिद्धान्तहरु: भेदभाव गर्न नपाइने, बालबालिकाको सर्वोत्तम हीतलाई ध्यान दिनु पर्ने तथा बालबालिकाको विचार र भावनाको कदर गर्नु पर्ने कुरालाई सदैव मनन गर्दै सबै गतिविधिहरु यीनै कुराहरुबाट निर्देशित हुनुपर्दछ ।

बालअधिकार सम्बन्धी महासन्धिलाई नेपालले अनुमादन गरेको एक दशक वितिसकेको छ । यस अवधिमा महासन्धिका भावनानुरुप बालअधिकारको सरक्षणार्थ राज्यले आफ्नो दायित्व पूर्ण रुपमा निर्वाह गर्न नसके पनि यस क्षेत्रमा केही सकारात्मक पहलहरुको शुरुवात भएका छन्, केही परिवर्तनहरु भएका छन् । यसै परिप्रेक्ष्यमा उपरोक्त दुई ऐच्छिक सन्धिपत्रहरुलाई पनि स्वीकार गर्नुलाई सकारात्मक मान्नु पर्दछ । तर नेपालको इतिहासमा अन्तरर्राष्टिय दस्तावेजहरुमा सजिलै प्रतिवद्धता जनाउने तर सो को कार्यान्वयनको पूर्वाधार समेत तयार गर्न भने वेवास्ता गर्ने प्रचलन रही आएको छ । तर हाल बालअधिकार एउटा शसक्त रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

मुद्धा भै रहेको हुंदा आगामी दिनहरुमा यस्को कार्यान्वयन गर्न सरकार वाध्य हुनु पर्ने स्थिति देखिएको छ । अन्तराष्ट्रिय श्रम संगठनको अत्यन्त खराब अवस्थाको बालश्रम सम्बन्धी महासन्धि नं १८२ ले बालबालिकालाई सशस्त्र संघर्षमा प्रयोग गर्नु लगायत बालबालिकाको यौनशोषण हुने कार्य समेतलाई खराब अवस्थाको बालश्रमको रुपमा व्याख्या गरेको छ । उक्त महासन्धि १८२ लाई नेपालले पनि सिद्धान्तत स्वीकार गरी सकेको छ । अन्तराष्ट्रिय श्रम संगठनले खराब अवस्थाको बालश्रम उन्मुलन गर्ने नमुना कार्यक्रम संचालन गर्न विश्वमा तीनवटा देशहरुलाई चयन गरेको छ, जस्मा नेपाल पनि परेको छ । अत: यस परिप्रेक्ष्यमा उक्त दुई ऐच्छिक सन्धिपत्रका कुराहरुलाई समेत व्यवहारिक कार्यान्वयन गर्न सरकार अत्यन्त जिम्मेवार हुनुपर्छ भने यसका लागि आम नागरिक समुदायबाट पनि आवश्यकतानुसार सुझाव र दवाव कायमै राख्नु आवश्यक छ ।

धटालो

- विजय चालिसे

"ए सन्ते !.... कहाँ लगिस् बाबुलाई यो जाडोमा !" बाहिर अर्को कम्पाउण्डबाट हुत्तिएर आएको एउटा कर्कसा स्वरले मेरो कर्णभेदन गर्छन्। विहानैदेखि आकाश धुम्मिएर जाडो लागिरहेछ। आज विदा भएकाले कार्यालय जाने बाध्यताबाट मुक्त भएकोले पनि बढी अल्छी बनेको छु- ओछ्यान छाड्न नसकेर। सुतेको सुत्यै शिर उचालेर विछ्यौनाको नजिकैको झ्याल खोल्छु। कमजोर प्रकाशका साथै चीसो हावा सिरेटोले चस्स घोच्छ। भित्तामा ढाड अड्याएर अर्धशयनको मुद्रामा म घाँटीसम्म सिरक तान्छ र शिथिल पल्टिदिन्छु।

सुतेको सुत्यै यो झ्यालबाट बाहिरको दृश्य हेर्न सकिन्छ। यो घर, जसमा म मेरो परिवार लिएर डेरा गरेको छु, बाटोको पूर्वपट्टि पर्छ। बाटोको पश्चिमपट्टि लहरै बंगलाहरू बनेका छन्। यस झ्यालको विशेषता छ- यहाँबाट सुतेरै बाहिरको चहलपहल देख्न सकिन्छ। यहाँ तीन थरिका घरहरू देखिन्छन्- जीर्णशीर्ण देखिने पुराना शैलीका कच्चीघर जुन आफूलाई उभ्याइरहन कसरी सफल भएका छन् भन्ने जान्न अनुसन्धान नै गरिनु पर्ने छ। दोस्रो प्राचीन र अर्वाचिन शैलीको मिश्रण र अझ भनौं आधुनिक पश्चिमा शैलीको अपरिपक्व अनुकरण गरिएका मध्यमवर्गीय घरहरू। र, तेस्रो दूबै दूबोको ठूला-फराकिला लन, बगैंचायुक्त साधारण घर जस्ता मोटर ग्यारेज सहितका आधुनिक भव्य र विशाल बंगलाहरू।

यी बाहेक एकथरी अर्का पनि आश्रमस्थल यहाँबाट देखिन्छ- जसको कुनै गारा र भित्ताहरू छैनन्। अलि कुनौरो परेको शितसम्म छेक्ने पेटीका कुनौराहरू र कुनाकाप्चा, घर-वंगलाका कुनौटो परेका छन् र टपका छेकाहरू। यस्ता कुनौटाका आश्रयस्थलमा बोरामा गुँडुल्किएर भुस्याहा कुकुर वा आफूजस्तै अर्को आश्रयहीनसँग टाँस्सिएर गुडुल्किदै जाडोलाई चुनौती दिने बाकल, किशोर, प्रोढ र वृद्धहरू ! ठूला बंगलाभित्र बस्नेहरूले यसरी आफ्नो घरपेटी त के घर नजिकै पनि बसेको देखे भने आफ्ना नोकर चाकर र ढोकापालेहरूद्वारा लखट्न लगाइ हाल्थे। त्यसैले यिनीहरू प्रायः सबै सुतिसकेपछि शितबाट जोगिन यस्ता ठाउँमा शरण लिन पुग्थे।

यी यस्ता वर्ग हुन् जसको अस्तित्व न कुनै युद्धबन्दीको सूचीमा पाइन्छ न कुनै शरणार्थीहरूको फेहरिस्तमा। यिनको विवरण न कुनै नागरिकताको प्रमाण वा निस्सा प्रदान गर्ने राज्य अधिकारीकहाँ भेटिन्छ, न त दलहरूद्वारा सहयोग पुऱ्याउने कार्यकर्ताहरूको सूचीमा। तर मतदाता सूचीमा यी नामहरू पक्कै भेटिने छन, बन्द, चक्काजाम र हुलदंगा गराउनुपर्दा अग्रपंक्तिका लडाकु दस्ताका रुपमा पनि यिनको नाम सूचीकृत भएको हुनसक्छ। यिनीहरूको आश्रयस्थल खुल्ला आकाश र शितले लफ्रक्क भिजेको चिसो सडकछेउको त्यो आश्रयदाता पेटीलाई पनि मेरो यस कोठा र झ्यालबाट सुतेरै मज्जासँग देख्न सकिन्छ।

मेरो यस कोठाबाट आँखामा सबैभन्दा पहिला ठोक्किने त्यो घर निकै भव्य छ। अग्ला-अग्ला पर्खालले घेरिएको त्यस ठूलो घरको ढोकामा सधैं खाकी रङ्गको पोशाकमा हातमा दण्डा लिएको मानिस बसेको हुन्छ। ढोकाको भित्रपट्टि छेउमै एउटा डरलाग्दो ग्रेहाउण्ड कुकुर (माफ गर्नोस- त्यो कुकुर होइन; कि त्यो टाइगर हुनुपर्छ कि ..... !, कहिले बाँधिएको हुन्छ; कि बडो खान्दानी चालमा खुलै आराम गरिरहेको हुन्छ। पर्खालको भित्रपट्टि लनको छेउमा वरिपरि विभिन्न किसिमका फूलका बोटहरू व्यवस्थित रुपमा लगाइएका हुन्छन्।

यतिबेलाको चिसोमा पनि त्यस भव्य घरको बाहिरपट्टि सडकसँग जोडिएको पेटीमा पाँच-सात वर्षको सानो केटो बसिरहेको छ। एउटा मैलो काम्लोले बेरिए बसेको त्यस केटाको जाडो प्वालैप्वाल परेको त्यो काम्लोले छेक्न सकेको छैन भने अनुमान म यहीबाट गर्नसक्छु।

त्यस दृश्यभन्दा अलग त्यो भव्य भवनको भित्र दूबोको फराकिलो चौर (लन)को वरिपरिबाट घुमेको बाटोमा एउटा ६ वर्ष जति उमेरको त्यस्तो केटोलाई अर्को लगभग त्यही उमेरको बालक तीनपाङ्गे साइकलमा राखेर सकी नसकी घचेटिरहेको हुन्छ। साइकलमा बसेर रमाइलो मानी मानी खेल्ने केटोको शरीर विदेशी उनका स्वेटर र न्याना बाक्ला कपडाले शिरदेखि पाउसम्म ढाकिएका हुन्छन्। घच्याट्ने केटो छोटो कट्ट र आधा बाहुले पातलो कमिजमा त्यो शित र ठण्डीलाई साइकल घचेट्दा स्वतः प्राप्त हुने उर्जाद्वारा परास्त गर्ने असफल प्रयत्नमा हुन्छ। साइकलको फलामे अडेसो र घचेट्ने हत्थोको चिसोले सायद उसका हात ठिहिऱ्याइरहेका हुन्छन्- छिन छिनमा एउटा एउटा हात पालैपालो मुखसम्म ल्याएर मुठी पार्दै हा.... हा.... गरी स्वासको वाफले आउँदै गरेको देख्दा त्यो प्रयास बारे सहज बन्छ। ख्याउटे अनुहार नीला नसादेखिने उसका मसिना हात, गोडा केटो माया होइन दया लाग्दो देखिन्छ।

"भनेको सुन्दैनस् गधा ! यस्तो जाडोमा किन बाहिर लगेको हँ बाबुलाई ! ठण्डी लागेर निमोनियाँ भयो भने ? त्यति पनि बुद्धि छैन तेरो !" संभवतः जाडोसँग संघर्ष गर्दागर्दै र मालिक केटोको बालहठ पूरा गर्न साइकल घच्याट्दा घच्याट्दै अगाडि मालिक्नीले हकारेको बिर्सन्छ र जवाफ दिन भ्याएको हुँदैन। उसको त्यो स्वाभाविक प्रक्रियालाई मालिक्नी सके आफ्नो अपमान ठान्छिन् र झन कडा आवाजमा गाली गर्छिन्।

"बाबुले कर गर्नु भो ! जाडो छ हुन्न भन्दा मान्दै मान्नु भएन र साइकल चढाउन ल्याएको" ज्यादै ठूलो अपराध गरेजस्तो तर्सिएको अनुहार स्वरमा धरालो केटोले जवाफ दियो। ती महिलाको बाघ झम्टाइका कारण संभवतः उसले त्यो ठिहिऱ्याउने चिसोको घोचाइलाई पनि सके बिर्सियो होला।

"अझ मुखमुखै लाग्छ बजिया। सानो बाबुलाई सर्दी लाग्छ भन्ने थाहा छैन तँलाई गोरु ? तँ भिखारीलाई भात नपचे जस्तो छ। छिटोभित्र लेरा !" केटोको स्पष्टीकरणले दम्भी महिलाको झुटो अहम्मा चोट अनुभव हुन्छ क्यारे र उनी उग्रचण्डीको रुपमा निर्दोष बालक केटोको सातो लिन्छिन्।

साइकल चढेर रमाइरहेको बालकभित्र जान मानिरहेको थिएन। मालिक्नीको कोपाबाट बच्न उसले आफूभन्दा मोटो त्यो त्यो केटोलाई सकी नसकी बोक्यो। आफ्नो इच्छा विपरित त्यसरी बोकिएकोले सानोबाबु जोडले रोयो।

"हेर फेरि रुवायो ! राम्ररी हेर्न सक्दैनस। केही कामको भर छैन।" मालिक्नी फेरि च्याँट्ठिछन्। केटो अरु तर्सियो हिजो अस्ति कै जस्तो आज फेरि पिटाइ खानु पर्ने त होइन ? अस्ती मालिक्नीले पिटेको ठाउँमा ऊ अझै दुखिरहेको पाउँछ।

त्यो अरुचिकर दृश्य, घटना र कथित सभ्य संभ्रात महिलाको दुर्छे व्यवहार तथा चिडचिड्याहटपूर्ण स्वर सुनेर बिथोलिएको मेरो मन न्यानो सिरकभित्र पनि न्यानोपनको अनुभव गर्न सकिरहेको थिएन।

प्राय बिहान चियापसलबाट फर्किंदा उसको र मेरो भेट हुने गर्थ्यो। उसले बिताइरहेको त्यो बालजीवनबाट भित्रभित्रै सहानुभूतिशील म उसँग कुराकानी गर्ने कोसिस गर्थे। कहिलेकाही विस्कुट, चक्लेट किनेर पनि दिने गर्थे। त्यसबाट ऊ मलाई आफ्नै मान्छे जस्तो ठान्न थालेको थियो र आफ्ना कुराहरू खण्ड खण्डमा अलि अलि बताउने गर्थ्यो।

काठमाडौंबाट पश्चिमको एउटा तामाङ बस्तीमा जन्मे र हुर्केको त्यस केटाले गाउँमा पनि अभावमै शैशव पार गऱ्यो। बाबु आमा भूमिहीन थिए जग्गा जमिन पहिल्यै साहुमहाजनको हातमा पुगिसकेको थियो। गाउँघरमा ज्याला मजुरी, ढिकी चुल्हो गरेर मुस्किलले प्राण धान्थे। ऊभन्दा जेठो दाजु १४-१५ वर्षको उमेरमा घर छाडेर हिंडेको, कुनै पत्तो छैन। ऊ भन्दा मुनि एउटा भाइ र एउटी बहिनी छ- चार र छ वर्षका। ऊ आठ वर्ष जतिको भयो।

"ए कान्छा ! यो आइतेलाई शहर पठाउँछस् ? हेर ठूलो घर फेला परेको छ। मालिक राजनीतिमा छन्, मालिक्नी बालसंगठन होकि के हो को अदछे छिन्। एउटै छोरा छ सानो, त्यसकै धरालो लागे पुग्छ।" अ सम्झन्छ एक दिन शहरमा काम गर्ने छिमेकी जेठाबाले यस्तो प्रस्ताव ल्याए।

"सानै छ ! यो कलिलै बालोपनमा धरालो पठाएर के गर्नु, मन मान्दैन। आमाचाहिं पनि भोकै भए पनि सँगै राख्नुपर्छ भन्छे !" बाबुले त्यो प्रस्ताव सुनेपछि यकिन गर्न सकेका थिएनन्, के गर्ने भनेर।

"हेर कन्छा, याँ राखेर यै हो ! एक छाक टम्म ख्वाउने तेरो सामर्थ्य छैन। बरु उता पठाइस भने पछि मान्छे बन्छ यो। खानलाउन राम्रो पाउँछ, पढाई दिन्छु भनेका छन्। फेरि यसले ठूलो काम गर्नु पर्ने पनि त होइन। यसकै उमेरको जस्ता छन्, सानो मालिकलाई खेलाउने ख्वाउने त हो ?" छिमेकी जेठावाले आकाश पाताल देखाएर सम्झाएपछि बाबुले मनमारेर पठाउने निर्णय गरेका थिए आमालाई पनि उनैले मनाएका थिए।

ऊ शहर हिंड्ने बेलामा उसकी आमाले मुटु निचोरेर रोएको ऊ अहिले पनि बिर्सन सक्तैन भन्थ्यो। त्यतिबेलाको कुरा सनाउँदा उसका आँखामा टिलपिल आँसु जम्थे र त्यो देखेर म स्वयं द्रवित हुन पुग्थें।

"नपठाऊ भन्दा मान्दैनौ, यस्तो मुटुको टुक्रो जस्तो कलिलो मुनो कसरी बस्ला अर्काको घरमा चाकरी लागेर ! बालकैमा टुहुरो हुने भयो, बाबु आमाको काख छुटेर !" त्यतिबेला विदाइको बेलामा मुटुफाटिने गरी रोएकी सम्झिन्छ ऊ।

"के गर्छेस् त बाबै ? यहाँ जूठोचूल्हो, ज्याला मजुरी गरेर छाक टार्न मुस्किल छ। शहराँ गएर दुई चार अक्षर मात्रै पढ्न सिक्यो भने पनि त यसको जिन्दगी बन्ला ! फेरि मालिक मालिक्नी असाध्ये दयालु छन् रे ! स्कूलाँ हालेर पढाइदिन्छु भनेका छन् रे ! धेरै पिर नगर, बेलावखत गएर भेटौंला नि ! धिर्जे राख बाबै धिर्जे !" बाबुले धेरै सम्झाएको थियो त्यतिखेर।

ऊ सम्झछ त्यसरी बाबुआमाको न्यानो मायालु काखबाट चुँडिएर ऊ यस घरमा भित्रिएको थियो, एक वर्ष अगाडि। आएदेखि उसले बाबु आमाको अनुहार देख्न पाएको छैन। शहर आउने खर्च जुटाउन नसकेरै उनीहरू नआएका हुनु पर्छ- ऊ अनुमान गर्थ्यो।

स्कूल पठाउने कुरा त परै रह्यो, परिवारका मालिक मालिक्नीबाट उसले बालोचित मीठो संवोधन र व्यवहार समेत पाउन सकेन। जूठो पुरा र पुल्पुलिएको कुकुरालाई ख्वाएर बचेको मात्र उसको भाग पर्थ्यो। उसका कुरा सुनेर मेरो समेत मुटु निचोरिन्थ्यो, तर गर्न नै के सक्थें र म !

उसको त्यो स्थिति देखेर र पढ्ने इच्छा देखेर मैले आफू पढाउने गरेको साधारण स्कूलमा भर्ना गरेर पढाइदिने विचार गरेको थिए। त्यो कुरा उसले मालिक मालिक्नीसँग भने छ।

"के को स्कूल जाने ! पर्दैन ! तँलाई दिनभर स्कूल पठाएर पेटभरि ख्वाउन कहाँबाट सक्नु!" मालिक्नीले त्यो कुरा सुनेपछि काँचै खाउँला झैं गरेकी थिइन रे।

"अहिल्यै के हतार त ! पख न अर्को वर्ष पढ्न पठाइ दिउँला !" मालिकले पूरा नहुने आश्वासन दिएका थिए र त्यतिखेर।

विहानै त्यस भव्य महलभित्र त्यो केटाले पाएको खप्की र व्यवहारले म दिनभर विथोलिएको थिएँ। घरिघरि त्यस केटोबाट सुनेको उसको जीवनकथाका तीता सत्यहरू अंशअंशमा संझिएर मेरो मन झनै अमिलिइरहेको थियो।

बेलुकी खाना खाएर टेलिभिजनमा खबर हेर्न बस्छु। समाचार दृश्यमा निकै कथित संभ्रात परिवारका मालिक मालिक्नीको दृश्य ठोक्किन्छ। आज बाल दिवस-उनीहरू बाल दिवसकै सन्दर्भमा आयोजित कार्यक्रममा अतिथि बनिरहेका हुन्छन्।

"प्रत्येक बालबालिकाको जन्मेपछि उचित लालनपालन र शिक्षादिक्षा पाउनु पर्छ। हाम्रो समाजमा बालश्रम शोषण तीव्र गतिमा बढिरहेको छ। त्यसको विरुद्धमा जे जस्तो सहयोग र संघर्षको आवश्यकता छ त्यसमा तपाईंहरू हामीलाई पनि साथै पाउनु हुनेछ। यहीबाट म सबैलाई अपील गर्छु, बालअधिकारको रक्षामा हामी एक जुट होऔं।" टेलिभिजनको समाचारमा तिनै मालिकको भाषण प्रत्यक्ष प्रसारण गरिरहेको छ। उनकै छेउमा बाल अधिकारको प्रवक्ताका रुपमा अतिथि बनाइएकी उनकी पत्नी गलाभरि स्वागतको माला र छातीभरि व्याज टाँसेर गर्वले मुस्कुराइरहेकी हुन्छिन्। त्यो दृष्यले मलाई वाकवाकी लाग्छ- कसरी बाँच्न सक्छन् यिनीहरू दोहोरो व्यक्तित्व ओढेर।

म कल्पना गर्छु- त्यो बाल धरालो पनि अहिले यही समाचार हेरिरहेको भए के सोच्दो होला ? ऊ बुझ्दैन होला, उसका मालिक के भनिरहेका छन् ? किन ऊ त्यस घरमा धरालो बनेर बाँच्नु परिरहेको छ, किन सानो बाबुसँगै स्कूल गएर पढ्ने उसको इच्छा सपनामा मात्र संभव भएको छ ? ऊ यति मात्र बुझ्दो होला- आफ्नै उमेरका बालक भए पनि सानो बाबु मालिक हुन् र ! ऊ नोकर। उनीहरू दुईको अधिकार पनि एउटै छैन अलग अलग छ। त्यसैले ऊ ठान्दो होला- मालिक यतिखेर समाचारमा उसको होइन आफ्नै छोराको अधिकारको कुरा गरिरहेका छन्।

२०५७ पुस १८
आरुबारी

यी यस्ता वर्ग हुन् जसको अस्तित्व न कुनै युद्धबन्दीको सूचीमा पाइन्छ न कुनै शरणार्थीहरुको फेहरिस्तमा। यिनको विवरण न कुनै नागरिकताको प्रमाण वा निस्सा प्रदान गर्ने राज्य अधिकारीकहाँ भेटिन्छ, न त दलहरुद्धारा सहयोग पुऱ्याउने कार्यकर्ताहरुको सूचीमा। तर मतदाता सूचीमा यी नामहरु पक्कै भेटिने छन, बन्द, चक्काजाम र हुलदंगा गराउनुपर्दा अग्रपंक्तिका लडाकु दस्ताका रुपमा पनि यिनको नाम सूचीकृत भएको हुनसक्छ। यिनीहरुको आश्रयस्थल खुल्ला आकाश र शितले लफ्रक्क भिजेको चिसो सडकछेउको त्यो आश्रयदाता पेटीलाई पनि मेरो यस कोठा र झ्यालबाट सुतेरै मज्जासँग देख्न सकिन्छ।

रामजीवनको अलपत्र जीवन

- समीर नेपाल -

पुषको महिना जाडो जाडो छ। हरि बाजेको घर उज्यालो छ। वातावरण रमाइलो छ। खुशीको क्षण आइरहेको जस्तो छ। बाहिर आँगनमा आगो दन्किरहेको छ। वरिपरि मानिस जम्मा भएका छन्। कोही नाच्दै छन् कोही खाँदै छन्। चहलपहल निकै राम्रो छ। पुषको जाडो कसैले महसुस गरेकै छैन। जाडो भगाउने औषधी जतातै छ।

मालिक को हो, कामदार को हो छुट्याउनै सकिदैन। सबै खाँदै छन्। नाचिरहेका छन्। सब समान छन्। भेदभाव छैन। तँ र म को भावना छैन। सबै हामी र हाम्रोमा मस्त छन्। रामजीवनको जीवन चर्या पनि यसैभित्र समावेश छ। हरि बाजे पनि बेजोड नाचिरहेका छन्। यसअघि रामजीवन हरि बाजेको अगाडि परेको पनि देखेको थिइन आज त सँगैसँगै छन्।

रामजीवन यसबेलासम्म खेत खन्दै हुन्थ्यो, जोतिरहेको हुन्थ्यो। उस्की श्रीमती हरिबाजेको घरमा घरधन्दा गरिरहेकी हुन्थी मानौ त्यो घरको काम कहिले सकिदैन। दैनिक रुपमा काम त्यत्तिकै परिरहेको हुन्छ। तर आज त त्यस्तो देखिन्न। बिगत दुई हप्तादेखि त्यो घरमा दिन बिराएर यस्तो स्थिति देखिइरहेको छ। मलाई आज ताजुब लागिरहेछ। सोच्दैछु के म आफ्नै गाउँ घरमा त छु ? किन हरिबाजे यत्रो खर्च गरिरहेका छन् ? किन हरिबाजे आज परिवार सहित कामदारहरुसँगै छन् ? मेरो मन साह्रै उद्देलित हुन्छ। साह्रै अनौठो घटना देखिरहेछु बिगत केही दिन देखि। मन थाम्न सकिन, झट्टै केही गरी हाल्न पनि सकिन। साह्रै उकुस मुकुस साह्रै छटपटि भयो। म हानिएर हरिबाजेको घरमा पुगें।

आगोको छेउमा बाजे सानो गिलास सँगै राखेर भन्दै थिए- एई रामे मोरा कत्ति खान्छस् खा। पेट भरिउन्जेल खा। म छक्क परें। केही बोलौं हरिबाजे जंगिएलान् भन्ने पनि डर छ। नबोलौ मन थाम्न सकिरहेको छैन। के को खुशियालीमा यस्तो रमाइलो भइरहेछ।

बाजे, हैन केही दिनदेखि त घरमा निकै भोज भतेर चलिरहेको छ नि ! के को खुशियालीमा हो हामी पनि जानौं न। मैले भने- बाजे गर्जिए त टंके पनि आइस् ल आइज आइज मौकाले आइछस्। खा, बस रमाइलो गर तँ पनि। मरेर लानु के छ र। आखिर रित्तै जानु पर्ने त होनि। बाँचुन्जेल रमाइलो नै गरौं भनेर नि। खा टंके खा।

हैन बाजे, यसरी भोज भतेर चलाउनुको पछाडि केही रहस्य छ कि ? बाजेलाई कतैको चिठ्ठा पऱ्यो कि के हो, त्यो रामेको परिवारै पो नाचिरहेका छन्। त्यसले त बाजेको मुखमा ठाडो सिर गरेर हेरेकोसम्म थाहा थिएन आज संगसंगै नाच्दै छ खाँदै छ।

सधैं समय एउटै हुँदैन टंके। तँलाई के थाहा छ हाम्रो गाउँको कुरा। तँ पनि भरखर भरखर बसाई आएको न परिस्। चिलिमको आगो रापिलो थियो। हुक्काको नली गुडगुडाइरहेको थियो।

हैन बाजे, ठूलो बाबुले राम्रै जागिर पाउनु भयो कि कसो ? मैले बाजेको नजिक गएर नरम स्वरमा पुन: प्रश्न गरें।

तँ जान्दैनस् टंके। मेरो राजनीति तँ बुझ्दैनस्। तँ यो गाउँमा बसाई आएको पनि एक वर्ष मात्र हुन लागेको छ। तैंले यहाँको सबै कुरा बुझेको छैनस्। राम्ररी बुझ्न तँलाई अझै एक/दुई वर्ष लाग्छ। बुझिस् टंके।

बुझें हजुर। हजुरको सबै कुरा बुझें। मैले नम्रतासाथ बाजेको कुराको जवाफ फर्काएँ।

एई टंके बस, तैंले धेरै बुझ्न बाँकी छ। मुखको पानी घुटुक्क निल्दै रोविलो स्वरमा बाजे कराउनु भयो,। झट्ट हेरें छेवैमा राखेको गिलास रित्ती सकेको रहेछ।

` म हरिबाजेको छेउमा बसें। बाजे पुराण भन्ने पंडित जस्तै बर्बराउन थाले। एउटा आज्ञाकारी भक्त बनेर म बाजेको कुरा सुनिरहें र के गर्छस् टंके। यो रामे बजिया जत्तिखेर भन्यो त्यत्तिखेर मेरो हरेक काममा तल्लीन छ। यो मात्र हैन यस्का सारा परिवार यही छन्। यही बस्छन्। यहीं खान्छन्। अनि जत्तिखेर म जे भन्छु त्यही गर्छन्। साह्रै लगनशील छन्। साह्रै मेहनती छन्। अनि रिसाउँदा पनि रिसाउँदैनन्। काम पनि अरु अरु भन्दा बढी गर्छन्। यस्तो मान्छे अरु कसैले लग्यो भने म के गर्ने ? अर्को बजिया कस्तो पर्छ कस्तो। त्यसैले रामेले खानुपर्छ, नाच्नु पर्छ, खुशी हुनुपर्छ, अनि यहीं बसिरहनु पर्छ। संधै जस्तै रामेले मेरो मुखमा हेर्न नसक्ने स्थिति पऱ्यो भने कुन साहू आउँछ अनि उस्को मोल तोल गर्छ। मैले दिइरहेको भन्दा बढी मस्यौरा दिन्छु भन्छ, उसलाई खुशी बनाउँछ। अनि सर्लक्क उसलाई लिएर जान्छ। यो रामे गयो भने त मेरो हातै भाँचिन्छ। त्यसैले नजाओस यहीं बसोस् भनेर मैले यो सबै गरिरहेको छु। बाजेले लामो सुस्केरा ताने।

हैन बाजे, तपाईको घरमा बसेको मान्छेलाई कसरी अर्काले तपाईले हुन्छ नभन्नी लैजान्छ र? मेरो प्रश्न सकिन नपाउँदै हरिबाजेको हात अगाडि तेर्सियो- हेर टंके यहाँको चलन अलिक फरक छ। हरेक माघ महिनामा हामी जस्ता किसानको घरमा काम गर्ने कमैयाहरुलाई नयाँ नयाँ जमिन्दारहरुले खरिद गर्छन्। को बढी काम गर्छ, को बढी इमान्दार छ, को बढी हट्टकठ्ठा छ, यो सबै एक वर्षको कामको दौरानमा हेरिन्छ, बुझिन्छ, अनि राम्रो असल मानिसलाई २, ४ रुपैया बढी नै खर्च गर्नु परे पनि किसानहरु हिचकिचाउँदैनन्। त्यसैले जस्को घरमा बढी इमान्दार लगनशील कमैया छन् ती घरमा साहुहरुले अहिले यसै गर्छन्।

बाजेले आफ्नो भनाईलाई अन्त गरे। रात पनि निकै अगाडि बढिसकेको थियो। मैले प्रतिउत्तरमा केही भन्न सकिन। अनायास मेरो मुखबाट निस्कियो- ए.. ए..।

बाजे, रात निकै बिते जस्तो छ, म जान्छु है। हरिबाजेको जवाफ नपर्खि म आफ्नो घर तर्फ लागें। बाटोमा एक्लै छु। रात अँध्यारो छ। मेरो दिमागमो कुरा खेलिरहेछ। "अर्को साहु आउँछ धेरै दिन्छु भन्छ लान्छ। उसको लागि धेरै पैसा तिर्छ। यो रामेले खानुपर्छ, नाच्नु पर्छ अनि यहीं बसिरहनु पर्छ, यो अन्त गयो भने त मेरो हातै भाँचिन्छ। राम्ररी खान पाए, खेल्न पाए, नाच्न पाए यो रामे खुशी हुन्छ र यहीं बस्छ।"

यस्तै यस्तै बीच घर पुगें। ओछ्यानमा पल्टिएँ तर निन्द्रा लाग्दैन। सोच्छु रामेलाई कैलेसम्म साहुले किनिरहन्छन्। रामेको आफ्नो संसार कहाँ छ ? ऊ जस्ता कत्ति कमैयाको मोलतोल गर्ने दिन आउँदै छ ? जुन बेला उनीहरु खसि बोका सरी बिक्री हुन्छन्, कहिले एउटा घरबाट अर्को घरमा फेरी अर्को घरबाट अर्को घरमा ? उनीहरुको जिन्दगी यत्तिकैमा बित्ने हो त ? के यो सबबाट

उनीहरुले मुक्ति पाउन सक्दैनन् ? उनीहरुलाई यो सबको बारेमा कहिले अनि कसले बुझाउने। उनीहरुको मुक्तिको दिन कहिले आउने ? निष्पट्ट अँध्यारो रात बीचमा टाढा कता कता श्याल कराएको आवाज आइरहेको थियो। रात छिप्पिदै गइरहेको थियो। स्वर अरु ठुल ठुलो हुँदै थिया- आइयो, आइयो, आयो, आयो, आयो।

एउटा ठूलै लस्करको नेतृत्व गर्दै रामजीवन अगाडि छ, पछि उस्को परिवार भयभित मुद्रामा उस्लाई पछ्याइरहेको छ।

म छक्क परें। आज रामजीवनलाई कस्ले खरिद गऱ्यो। हरिबाजेले त माघमा लेनदेन हुने कुरा गरेका थिए। यो त असार महिना हो। फेरी कामको धमाधमको समय। यस्तो समयमा हरिबाजेले किन रामजीवनलाई विक्री गरे ? म आफै भित्र यो प्रश्नको जवाफ खोज्न थालें। तर जवाफ पाउन सकिन।

हान्निएर म रामजीवनको अगाडि पुगें। हैन राम दाई, अब कस्को घरमा जान लाग्यौ ? बाजेले त तिमीलाई अर्काको हातमा सुम्पिन्न भन्थे।

खै हजुर, अब त बाजेको घरमा बस्न नपाइने भयो रे। अब कसैले कमैया राख्न नपाउने भयो रे। बाजेले निकाली दिनुभयो। अब तिमीहरु मुक्त भयौ। मेरो दास बन्नु नपर्ने भयो। जाउ उन्मुक्तिको जीवन बिताउ भनेर विदा गरिदिनु भयो। अब कहाँ जाने के गर्ने कुनै ठेगान छैन। बेठेगान भएर हिंडिरहेछु हजुर। रामजीवनले आफ्नो कथा व्यथा समाप्त गरे।

ठिकै भएछ रामजीवन, तिमी दासत्वबाट मुक्त भयौ, अब आन्नदको जीवन बिताउन पाउने भयौ। मैले रामजीवनलाई सान्त्वना दिने पाराले भनें। तर रामजीवनले साह्रै मायालाग्दो गरी मलाई हेऱ्यो र भन्यो- 'खै हजुर के आनन्दको जीवन बिताउने ? कहाँ जाने के खाने, कहाँ बस्ने आजैबाट अब बिजोक हुने भयो।' हैन, अनी तिम्रो बस्ने ठाउँ सरकारले व्यवस्था गरेको छैन ? मैले राखेको प्रश्नमा ऊ अनभिज्ञता प्रकट गर्दै भन्छ- खै कुन्नी थाहा छैन हजुर।

पछि मैले थाहा पाएँ सरकारले कमैया मुक्त भयो भनेर घोषणा गरेछ। मुक्त भएका कमैयासंग एउटा पोको बाहेक केही छैन। अब कहाँ जाने उनीहरुलाई थाहा पनि छैन। उनीहरुलाई कहाँ राख्ने, के खुवाउने त्यसको जिम्मा त सरकारले गर्नु पर्ने हो। यो सबैको कुनै व्यवस्था नगरी के कमैया मुक्त गरेको ? म सरकारको निर्णयप्रति अचम्मित भएँ। यस्तो निर्णय गर्ने सरकारसंग कुनै कार्यक्रम छ, आफैमा प्रश्न गर्न थालें।

पुषको महिना, शीत लहर चल्ला जस्तो छ। जाडो निक्कै छ। कहाँ जाने के गर्ने काम केही छैन। बिहान कसरी बिताउने म टहलीन करेसाबारीतिर छिरें। पातलो ओडनी ओढेको बुढो मान्छे मेरो आँगनमा आयो। यसो हेरें रामजीवन रहेछ। अरे रामजीवन के छ हाल खबर, किन आयौ? कहाँ बसेका छौ? उसको आँखाबाट आँसु बग्न थाल्यो। रुँदै उसले भन्यो- हजुर के भनौं यसपटक जाडो साह्रै भयो। जाडो खप्न नसकेर सानी छोरी मरी। ढक्क जमेको हिऊ जस्तै ! बोल्दाबोल्दै रोकियो।

ठिकै भएछ रामजीवन, तिमी दासत्वबाट मुक्त भयौ, अब आन्नदको जीवन बिताउन पाउने भयौ। मैले रामजीवनलाई सान्त्वना दिने पाराले भनें। तर रामजीवनले साह्रै मायालाग्दो गरी मलाई हेऱ्यो र भन्यो- 'खै हजुर के आनन्दको जीवन बिताउने ? कहाँ जाने के खाने, कहाँ बस्ने आजैबाट अब बिजोक हुने भयो।' हैन, अनी तिम्रो बस्ने ठाउँ सरकारले व्यवस्था गरेको छैन ? मैले राखेको प्रश्नमा ऊ अनभिज्ञता प्रकट गर्दै भन्छ- खै कुन्नी थाहा छैन हजुर।

ए कठैबरा मैले लामो सुस्केरा काढ्दै भनें। आउ यता बस रामजीवन।

ऊ दलानको एक छेउमा टुक्रुक्क बस्यो। मैले तातो पानी ल्याउन भनें।

हजुर, यहाँबाट गएपछि त्यो परको खुल्ला चौरमा सेउलाले सानो छानो राखेर बस्ने ठाउँ बनाएँ। खाने केही थिएन। गाउँ घरमा माग्न पुगें। यसैगरी जीवन चलाईरहेको थिएँ। एक्कासी बढेको जाडोले मेरी छोरीलाई लगेपछि त हजुर मैले केही सोच्न सकिन। बाजेले केही काम गर्न दिनुहुन्छ कि। फेरी आएर बस्न दिनुहुन्छकि भनेर आएको तर कसरी सोधौं उहाँलाई ? अप्ठेरो लागिरहेको छ। यत्रो वर्ष बसेपछि छोडेर हिडें। हिंड्ने बेलामा एक पटक पनि भनिन्- हजुर म यहीं बस्छु भनेर। अनि आज कुन मुख लिएर जाउँ उहाँको आँगनमा। अप्ठेरो लागेर हजुरको आँगनमा आइपुगेको छु।

रामजीवनले आफ्नो जीवन कहानी सुनाइरहेको थियो। म सरकारलाई सम्झिरहेको थिएँ। आफ्ना नागरिकको उचित व्यवस्था गर्न नसक्ने सरकार के सरकार। धेरै कमैयाको स्थिति आज रामजीवनको जस्तै छ।

कमैया मुक्त गर्ने नाउँमा सरकार आज नागरिकको हत्या गरिरहेको छ। यस्तो सरकारलाई के भन्ने। जस्ले जनतालाई खान, लाउन, बस्न दिन सक्दैन त्यसलाई यो देशको शासन चलाउने अधिकार पनि रहन्न। खै कसले बुझ्ने यो स्थिति। को बोल्ने यो सरकारको विरुद्धमा। कस्ले भन्न सक्ने यो सरकार नालायक र निकम्माहरुको भीड मात्र हो भनेर। मैले राम जीवनको कुराको प्रतिउत्तर दिन सकिन। एकोहोरो उसलाई हेरिरहें हेरिरहें।

मुलुकको मानवअधिकार स्थिति बारे वास्तविक जानकारी लिन इन्सेकद्वारा

प्रकाशित

- मानवअधिकार वर्ष पुस्तक
- मानवअधिकार संगालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार-प्रहरी-कानून
- मानवअधिकार घोषणापत्र सचिव
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- शब्द शब्द मानवअधिकार
- उनीहरु कहाँ छन् भाग-२
- प्राची द्वैमासिक
- इन्सेक अभियान मासिक
- मानवअधिकार स्थिति सूचक त्रैमासिक

लगायत अन्य सामयिक प्रकाशनहरु खोजी-खोजी पढौं ।

सन्दर्भ मुलुकी ऐन (एघारौं संशोधन) विधेयक २०५६

मानव अधिकार र पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार

नवराज बस्नेत

मुलुकी ऐन २०२० लाई संशोधन गर्न बनेकोल विधेयक अर्थात् मुलुकी ऐन (एघारौं संशोधन) विधेयक २०५६ अहिले छलफल र अन्तर क्रियाको विषय बनेको छ। कानुन मन्त्रालयद्वारा निर्मित ऐनको व्यवस्था सरकारी विधेयकको रूपमा र कानुन विभागले प्रस्तुत गरेको प्राइभेट विधेयकका रुपमा दुईवटा विधेयक यस बेला कानुन तथा संसदीय व्यवस्था समतिमा पुगेको छ। उक्त दुई विधेयकहरूमा बाँझिएको मूल विषय पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार सम्बन्धमा कानुन तथा संसदीय व्यवस्था समितिले देशव्यापी रुपमा छलफल र अन्तरक्रिया गर्दै राय संकलन गर्ने क्रम अघि बढाएको छ। सोही क्रममा समितिले पुस १७ गते जिल्ला विकास समिति धुनषाको सभाकक्षमा अन्तरक्रिया र राय संकलन गर्ने कार्य सम्पन्न गरेको छ। यसै सन्दर्भमा मानव अधिकारको दृष्टिकोणबाट पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार विषयमा छलफललाई यहाँ अघि बढाइएको छ।

संवैधानिक व्यवस्था

राज्यले आफ्ना नागरिकहरूलाई प्रदान गर्ने आधारभूत अधिकारलाई सामान्य अर्थमा मौलिक हकभित्र परिभाषित गर्ने गरेको छ। हाम्रो देशको संविधान २०४७ मा धारा ११ देखि २३ सम्म मौलिकहकको व्यवस्था छ। मौलिक हक अन्तर्गत संविधानको धारा ११ मा लिपी बद्ध समानताको हकमा भनिएको छ। १) सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन्- कसैलाई पनि कानुनको संरक्षणबाट बंचित गरिने छैन। २) सामान्य कानुनको प्रयोगमा लिंग धर्म, वर्ण आदिको आधारमा भेदभाव गरिने छैन। ३) राज्यले नागरिकको बीचमा धर्म, वर्ण, लिंग आदिमा भेदभाव गर्ने छैन। ४) जाति पातीको आधारमा छुवाछुतको भेदभाव गरिने छैन। ५) समान कामका लागि महिला र पुरुषका बीचमा पारिश्रमिकमा भेदभाव गरिने छैन भन्ने रहेको छ भने संविधानको धारा ११ (३) को व्यवस्थामा महिला, बालक, बृद्ध र शारीरिक मानसिक रूपले असक्त व्यक्तिहरूको संरक्षण वा विकासको लागि कानुनद्वारा व्यवस्था गर्न सकिने छ भनी स्पष्ट रूपमा महिलाहरूको लागि संविधानले विशेष अधिकार प्रदान गरेको छ। यसरी संविधानको धारा ११ को समानताको हक र धारा १७ को सम्पत्तिको हक अनुरुप सम्पत्ति प्राप्ती, प्रयोग वा उपभोगलाई हेर्दा महिलालाई पुरुष सरहको समान अस्तित्व प्रदान नगरिएको स्पष्ट नै हुन्छ। विद्यमान मुलकी ऐनले छोराले जन्मना साथ बाबुको सम्पत्तिबाट अंश पाउने तर छोरीको हकमा भने ३५ वर्ष पुगेकी अविवाहित छोरीले मात्र अंश पाउने र त्यसपछि विवाह भयो भने सो पनि माइतीलाई फिर्ता गर्नु पर्ने अत्यन्तै भेदभावपूर्ण व्यवस्था गरेको छ।

मुलुकी ऐन एघारौं संशोधन विधेयक किन ?

उपरोक्त संवैधानिक हक प्राप्तीको लागि



छोरीले पनि छोरा सरह पैतृक सम्पत्तिको समान अधिकार पाउनु पर्छ भनी मुलुकी ऐन दशको महलको १, २, ३ तथा १ नम्बर संविधानको धारा ११ सँग बाँझिएको सर्वोच्च अदालतमा रिट निवेदन पऱ्यो र सोही रिट निवेदन माथि सर्वोच्च अदालतले ०५२।४।१८ मा फैसला दियो र उक्त सर्वोच्चको फैसलाको अन्तिम अंशमा भनिएको छ- एकाएक निर्णय पुग्नुअघि समानतासम्बन्धी संवैधानिक व्यवस्थालाई समेत विचार गरी यस सम्बन्धमा मान्यता प्राप्त महिला संगठन समाजशास्त्रीहरू, कानुनविदहरू समेत सँग आवश्यक परामर्स गरी अन्य देशमा भएका कानुनी व्यवस्थाको अध्ययन र मनन गरी १ वर्षभित्र संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशनात्मक आदेश जारी गरिएको छ। यसरी सर्वोच्चले दिएको आदेश बमोजिम श्री ५ को सरकारले ०५४ श्रावणसम्म यो विधेयक संसदमा पेश गरिसक्नु पर्दथ्यो। तर ०५७ सालसम्म पनि अझै विधेयक छलफलकै क्रममा रहेको छ। यसले न्यायालय प्रति सरकार संवेदनशील छैन भन्ने कुरालाई फेरि प्रमाणित गरेको छ, जे होस् मुलुकी ऐन २०२० लाई संशोधन गर्न बनेको विधेयक ०५६ प्रस्तुत भएको छ।

बेइजिंग घोषणा पत्र र कार्यनीति

यसरी पैतृक सम्पत्तिमा महिलाहरूको अधिकारको सम्बन्धमा छलफल गरिरहँदा महिलाहरूको विश्व शिखर सम्मेलन बेइजिंग घोषणापत्र र कार्यनीति, सेप्टेम्वर १५, १९९५ लाई पनि ध्यान दिन जरुरी हुन्छ। बेइजिंग घोषणा पत्र र कार्य नीति गरीबी र महिला (अनुच्छेद ४७-६८) को क. २ मा भनिएको छ। "महिलालाई आर्थिक स्रोतको समान र पूर्ण अधिकार लगायत सम्पत्तिमा वंशानुगत अधिकार स्वामित्व दिने कानुनी आधारमा निर्माण गरी कानुनी सुधार नीति अंगीकार गर्नुपर्ने तथा गरीब महिलाहरूको लागि कानुनी सेवा प्रदान गर्ने भन्ने छ। यो बेइजिंग घोषण पत्र र कार्यनीतिलाई सो सम्मेलनमा उपस्थित सबै राष्ट्र र सरकारले समर्थन जनाएका छन्। अर्थात् घोषणा पत्रको क. २ को महिलाको समान अधिकार र आर्थिक सर्वसुलभता सुनिश्चित गर्ने कानुन र प्रशासनिक व्यवस्था संशोधन गर्ने शीर्षकमा सरकार वचनवद्ध भएका भनी स्पष्ट उल्लेख भएको छ। जुन सम्मलेनमा नेपालको पनि उत्साहजनक सहभागिता थियो।

मुलुकी ऐन संशोधनका दुई विधेयकमा के भिन्नता छ ?

मुलुकी ऐन २०२० लाई संशोधन गर्न बनेको विधेयकमा संशोधित महलहरूमा १) मुलुकी ऐन अदालती बन्दोवस्तको महल २) लोग्ने स्वास्नीको

महल ३) अँश वण्डाको महल ४) स्त्री धनको महल ५) अपुतालीको महल ६) लेनदेन व्यवहारको महल ७) धर्म पुत्रको महल ८) ज्यानसम्बन्धी महल ९) जर्बजस्ती करणीको महल १०) हाडनाता करणी गर्नेको महल ११) पशुकरणी महल १२) विवाह वारीको महल १३) जारीको महलहरू रहेका छन्। उपरोक्त संशोधित महलमध्ये अंशवण्डाको महल बाहेक अन्य महलमा दुवै विधेयकमा प्रक्रियागत वा शाब्दीक भिन्नता बाहेक छलफलको विषय भन्ने खालको उल्लेखनीय भिन्नता देखिएको छैन। मूल भिन्नता देखिएको भनेको पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार सम्बन्धमा फरक-फरक दृष्टिकोण प्रतिविम्वित भएको छ। अन्तर्क्रिया र राय संकलन गरिनु पर्ने मूल कारण पनि त्यही हो।

अहिले विधमान मुलुकी ऐनको व्यवस्था बमोजिम अंशवण्डाको महल १५, १६ नम्बर मा ३५ वर्ष उमेर पुगेकी विवाह नभएकी छोरी छोरासरह अंश पाउँछे। अंश लिएपछि विवाह भयो वा पोइल गई भने उसले पाएको अंशबाट ऐन बमोजिमको विवाह खर्च पर सारी बाँकी ऐनले हक पुग्नेले पाउँछ भन्ने रहेको छ भने कानुन मन्त्रालयद्वारा निर्मित ऐनका व्यवस्थामा (संशोधित विधेयकमा) १५, १६ नम्बरको सट्टामा देहायको १६ नम्बर राखिएको छ। १६ नम्बर महलको अन्य नम्बरहरूमा जुनसुकै कुरा लेखिएको भए पनि अंश लिई सकेकी छोरीको विवाह भएमा निजले खाई पाई बाँकी रहेको सम्पत्ति निजका माइती पट्टिको हुनेछ भन्ने कुरा उल्लेख छ। त्यस्तै, कानुन विभागले प्रस्तुत गरेको प्राइभेट विधेयकमा १५ र १६ नम्बर खारेज गरिएको छ भन्ने उल्लेख छ।

कानुन मन्त्रालयद्वारा निर्मित ऐनको व्यवस्था संशोधित विधेयकमा अंशवण्डाको महल ४ घ नं. ले दिएको अधिकार १५, १६ नम्बरको व्यवस्थाले काटेको छ। अर्थात विधेयकले विवाह नहुन्जेलमात्र छोरीले अंश पाउने व्यवस्था गरेको छ, अझ स्पष्ट गर्दा अंश पाउने छोरीले विवाह नै नगरी बस्नु पर्ने भएको छ। या भनौं पैतृक सम्पत्तिमा महिलाहरूको अधिकारलाई सानो बच्चालाई देवे हातले खेलौना दिएर दाहिने हातले खोसेको जस्तो मनारंजनमा परिणत गरेको छ। यसैलाई मध्यनजर राख्दै कानुन विभागले प्रस्तुत गरेको प्राइभेट विधेयकले १५ र १६ नम्बर खारेज नै गर्नु पर्छ भनेको छ। यही अंशवण्डाको महल १५, १६ नम्बर खारेज नगरीकन विधेयक पास गरिएमा महिलाहरूको जन्मसिद्ध लैङ्गिक समानताको अधिकार प्राप्त हुने छैन। अर्थात् पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार प्राप्त हुने छैन।

यस अघि कानुन मन्त्रालयद्वारा ऐनको व्यवस्था अंशवण्डाको महल ४ घनं. मा "अंशवण्डासम्बन्धी यो संशोधित ऐन लागू भैसके पछिका स्वास्नीका हकमा भने यस महलको १ नं को देहाय १, २, ३ दफा बमोजिक लोग्ने र स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा अदालतले विवाह पश्चात् निजहरूले संयुक्त रूपमा आर्जन गरेका तथा बढे बढाएको सम्पत्ति बण्डा लगाएर मात्र सम्बन्ध विच्छेद गरी दिनुपर्छ। तर, छोराछोरी हुनेहरूको हकमा छोरा छोरीलाई त्यस्तो सम्पत्तिबाट दिनु पर्ने अंश र विवाह खर्च भने पर सारेर मात्र वण्डा लगाई दिनु पर्छ। आ-आफ्नो पैतृक सम्पत्ति आ-आफूले लिएर जान पाउने छन्। सम्बन्ध विच्छेद भएको अवस्थामा कुनै एक पक्षको पैतृक सम्पत्ति रहने छ। र बढे बढाएको पनि रहने छ भने हुने पक्षले ५ वर्षसम्म भरण पोषण गर्नुपर्छ। बसोबास गरेको घर वण्डा लाग्ने भएमा स्वास्नी मानिसले चाहेमा लोग्ने र छोराछोरीको अंश भाग दिई आफू त्यस घरमा बसोबास गर्न पाउँछन् भन्ने कुरा उल्लेखछ।

यसरी कानुन मन्त्रालयद्वारा निर्मित ऐनको व्यवस्था संशोधित विधेयकमा अंशवण्डाको महल ४ घ नं. ले दिएको अधिकार १५, १६ नम्बरको व्यवस्थाले काटेको छ। अर्थात विधेयकले विवाह नहुन्जेलमात्र छोरीले अंश पाउने व्यवस्था गरेको छ, अझ स्पष्ट गर्दा अंश पाउने छोरीले विवाह नै नगरी बस्नु पर्ने भएको छ। या भनौं पैतृक सम्पत्तिमा महिलाहरूको अधिकारलाई सानो बच्चालाई देवे हातले खेलौना दिएर दाहिने हातले खोसेको जस्तो मनारंजनमा परिणत गरेको छ। यसैलाई मध्यनजर राख्दै कानुन विभागले प्रस्तुत गरेको प्राइभेट विधेयकले १५ र १६ नम्बर खारेज नै गर्नु पर्छ भनेको छ। यही अंशवण्डाको महल १५, १६ नम्बर खारेज नगरीकन विधेयक पास गरिएमा महिलाहरूको जन्मसिद्ध लैङ्गिक समानताको अधिकार प्राप्त हुने छैन। अर्थात् पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार प्राप्त हुने छैन।

कविता

भन के गरौं

- अनिल पौडेल

काकाकुलको भिड
उडिरहेछ जमिनमा
गाग्रो बोकेर। घैला चैपेर
रगत सुकेका ओठहरू
मन्दिर अगाडि पानी मागिरहेछन्
मान्छेको आवाज सुनेर
मन्दिरभित्रका देवताहरू भागिरहेछन्
ओ सरकार !
ओ मालिक !
हामी पैसा तिर्छौं
तरकारीमा हाल्ने नून चाहियो
कराही सुकेको धेरै भयो
हामीलाई कोटाको भुटुन चाहियो।

के सुनिरहेछु म
कि हरेक बिहान
चिनी पाइँदैन बजारमा
मट्टितेल हरायो
ग्याँसको भाउ बढ्यो
अस्पतालमा भैटिदैनन् डाक्टरहरू
अकालमा मान्छेको जीवन सड्यो
जलश्रोतको भण्डार भनिने देशमा
लोडसेडिङको मिटर चढ्यो।

कहिले नेपाल बन्दछ
कहिले स्कूल, होटल बन्दछ
देशभरि जतातत्तै
बन्दैबन्दको गन्ध छ।
चुनावको बुख्याचा बोकेर
दौडिरहेछन पार्टीहरू
घोषणा-पत्रका भोटाले
हाग्ने लाज छोपिएको छैन
भोका जनताको हृदयमा
प्रजातन्त्र को बीउ रोपिएको छैन।

जे भन
जसरी भन
हामी हेरिरहेछौं टुलुटुलु
तिमी गोदाम हुनेहरूको घरमा
मोरङको धान फलेको छ
हामी गोदम नहुनेहरूको घरमा
अभावको आगो बलेको छ
ओ सरकार !
ओ मालिक !
भन
के गरौं
तिमीलाई सधैंभरि सलाम ठोकौं
कि गुलेली बोकौं
चुपचाप बसौं
कि जङ्गल पसौं ?

बन्दीले आत्मसमर्पण गरेपछि पनि गोली ठोकेर मारियो



अध्ययनका स्रोतहरु

घटनाको अध्यनको निम्ति निम्न पक्षहरूबाट जानकारी लिइएको थियो- प्रजिअ श्यामप्रसाद मैनाली, प्रहरी उपरीक्षक अरूणकुमार सिंह, जेलर मोहन पौडेल, जेलका सुरक्षा प्रमुख प्रसनि लालसिंह कैला क्षेत्री, राजनैतिक पार्टीका प्रतिनिधिहरू, मानव अधिकारवादी संघ-संस्थाका पदाधिकारी तथा सदस्यहरू, कानून व्यवसायीहरू, जेल नजिक बसोवास गरेका स्थानीय व्यक्तिहरू, पत्रकारहरू, शिक्षकहरू, कारागारका बन्दीहरूका साथै ०५७/१०/४ गते विहान करिव ९.४५ देखि १२.१० बजेसम्म कारागारभित्र गई प्रत्यक्ष निरीक्षणबाट प्राप्त जानकारी समेतलाई सूचनाको स्रोतको रूपमा लिइएको छ।

कारागारको स्थिति

केन्द्रीय कारागार शाखा बाँके वि.सं. २००४ सालमा निर्माण भएको र हाल उक्त कारागार जीर्ण अवस्थामा रहेको छ। उक्त कारागारमा कुल १ सय ८९ जना बन्दीहरू थुनामा राख्वेकोमा गोली काण्डपछि हाल (०५७।१०।४) मा बन्दीहरूको संख्या १ सय ८७ रहेको छ। महिला जेलतर्फ जम्मा १४ जना महिला बन्दीहरू रहेका छन्। कारागारको मूल द्वार भवनको पूर्वपट्टि रहेको र कारागारको बाहिरी पर्खाल (Compound Wall) तारवार समेत गरेर करिव २० फुट अग्लो रहेको छ। बाहिरी पर्खालको उत्तरपूर्व र दक्षिण पश्चिममा एक-एकवटा गरेर २ वटा बुर्जाहरू छन्। कारागार भवनको छत आर.वी.सी गरेको र छतमा जानको निम्ति कुनै भऱ्याङ छैन। कारागारको (Compound Wall) बाहिर तारवारले घरेको र नजिकै वस्तीहरू रहेको पाइयो। रा.स.स. भवन कारागारको दक्षिण पश्चिमपट्टी रहेको र घटनाको सम्पूर्ण दृश्य देख्न सकिने ठाउँमा छ।

घटनाको प्रारम्भ

बन्दीहरूलाई जाडोको निम्ति दिइने ओढ्ने-ओछ्याउने लुगा आपूर्ति गर्ने कामको लागि कोटेशन दाखिला गर्ने व्यक्तिले उपलब्ध गराएका सामानहरू बाँड्नको निम्ति ०५७ पौष २३ गते विहान १६ जना बन्दीहरूलाई कारागारको मुलढोका बाहिर रहेको कारागारको अफिसमा निकाली, सामान बुझ्न लगाउँदा निजहरूले ओढ्नको निम्ति ल्याइएका कम्मलको सट्टा हामीलाई कम्मल हैन सिरक नै चाहिन्छ भनी कपडा बुझ्न इन्कार गरेपछि कारागारका सुरक्षा प्रमुख सई लालसिंह कैला क्षेत्रीले त्यसो हो भने भोलि २४ गते सिरक दिने ठेकेदारलाई बोलाई कुरा गरौंला भनी बन्दीहरूलाई रिसक लिने ठाउँबाट कारागारभित्र लगे। भोलिपल्ट फेरि अघिल्लो दिनको १६ जना बाहेक गणेश वीसी लगायतका अन्य बन्दीहरूलाई पुनः सोही ठाउँमा बोलाई कुरा गर्दा सिरक नै चाहिन्छ भन्ने माग भएपछि ठेकेदारलाई बोलाई दिनको २ बजे पुनः सिरक ल्याउने आदेश दिइयो तर ठेकेदारले ४ बजे साँझसम्म सिरकको नमूना ल्याउँछु भनी गएको तर ४ बजेसम्म नल्याएपछि केही बन्दीहरू आक्रोशित भए भने केही बन्दीले सिरकको सट्टा पैसा भए पनि हुन्छ भनी लालसिंह कैला क्षेत्रीलाई भने तथा बन्दीहरू आक्रोशित भई आन्दोलन गर्ने समेतको तैयारी भएको बुझियो। पौष २५ गते ठेकेदारले सिरक ल्याएपछि जेल प्रशासनबाट सिरक बुझ्ने आदेश भयो तर बन्दीहरूले सिरक बुझ्न इन्कार गरी कारागारभित्र नारा लगाई आन्दोलनको घोषणा गर्दै मागहरू राख्ने गर्न थाले। कारागार प्रमुख मोहन पौडल पौष २५ गतेदेखि नै बन्दीसामु नगएको प्रसनी लालसिहं कैला क्षेत्रीबाट जानकारी पाइयो।

२६ गतेदेखि बन्दीहरूले आन्दोलन अघि बढाउन जेलको मुल ढोका भित्रको भित्री ढोका (जसबाट बन्दीलाई भित्र-बाहिर गराइन्छ) मा तालाबन्दी गरी प्रहरी, जेलर वा अरू कुनै व्यक्तिलाई जेलभित्र आवात-जावत गर्नको निम्ति रोक लगाई बन्दीहरूद्वारा कारागार प्रशासनसमक्ष निम्न अनुसारको १५ सूत्रीय माग राख्वेको बुझियो :

१. बन्दीहरूलाई दिइने ओढ्ने-ओछ्याउने विस्तरा, कपडा (वितरण) मा भएको ढिलासुस्तीलाई निस्तेज गरी, सम्पूर्ण बन्दीलाई ओढ्ने-ओछ्याउने विस्तरा कपडा यथाशीघ्र उपलब्ध गराइयोस्।

२. उचित ढल निकास नभएका कारण कारागार अन्यन्तै फोहोर भएकोले अधिकतम बन्दीहरूले रोगको शिकार बनिरहन परेको कारण कारागारलाई सफा तथा दुर्गन्धरहित बनाउनको लागि यथाशीघ्र ढल निकासको व्यवस्था मिलाइयोस्।

३. घरेलु (उत्पादन गर्न सकिने तान आदि)को व्यवस्था गरी उत्पादित वस्तुलाई बजारको व्यवस्था मिलाइयोस्।

४. चर्पीको संख्या कम भएको हुँदा बन्दीहरूको अनुपातमा चर्पीको संख्या थपी जीर्ण चर्पीलाई मर्मत गरियोस्।

५. बन्दीहरूले उपयोग गर्ने साधनहरू खरिदभाउमै उपलब्ध गराइयोस्।

६. बन्दीहरूको सुविधा समेत हेरी दैनिक उपभोग्य सामान खरिद गर्न हर खबतका लागि पियन खटाइयोस्।

७. गर्मियामलाई समेत ध्यानमा राखी बन्दीहरूको अनुपात समेत हेरी विजुलीको भोल्टेज बढाइयोस्।

८. बन्दी विरामीहरूको अवस्थालाई दृष्टिगत गरी स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई कडाईपूर्वक लागू गरियोस् साथै मानसिक असन्तुलन भएका बन्दी विरामीहरूलाई अझ विशेष ढंगले हेरियोस्।

९. राष्ट्रिय स्तरका पत्रपत्रिका उपलब्ध गराइयोस्।

१०. वर्षायाममा पानी चुहुने समस्यालाई दृष्टिगत गरी भवनको छत मर्मत गर्ने, पाली निकाली जस्तापाता लगाउने कार्य गरियोस्।

११. बन्दीहरूको भेटघाटलाई अझ स्वतन्त्र गरी दिनहुँ भेटघाट गर्न पाउने व्यवस्था मिलाइयोस्।

१२. बन्दीको निमित्त भनी कुनै पनि संघ-संस्थाबाट प्राप्त भएका सामानको उपयोग बन्दीलाई नै गर्न दिइयोस्, (बन्दीको भनाई अनुसार इन्सेकले उपलब्ध गराएको रेडियो बाहिरै गायव गरेको कारण यो माग राख्वेको कुरा जानकारीमा आयो।)

१३. विविध मनोरन्जन, खेलकुद तथा शैक्षिक सामग्री उपलब्ध गराइयोस्।

१४. कोठामा विछ्याउने कार्पेट (टाट), झाडु (कुचो), फिनेल, मट्टितेल, विजुली नहुँदाको लागि लालटिन तथा उड्डूस मार्ने औषधि आदिको व्यवस्था गरियोस्।

१५. कारागारको दरबन्दी भन्दा बढी बन्दीहरू नथुनियोस्। साथै, आफ्नो पायक पर्ने ठाउँ तथा चाहेको ठाउँमा बन्दीले सरूवा हुन चाहेमा विना शर्त सरूवा गरियोस्।

आन्दोलनको क्रममा बन्दीहरूले कारागारको छतमा गई आफ्नो माग राख्ने र नारा लगाउने जस्ता काम गर्न थालेपछि कारागार प्रशासनबाट घटनाको सम्पूर्ण जानकारी कारागार प्रमुख मोहन पौडेलले प्रमुख जिल्ला अधिकारीलाई अवगत गराएको पाइयो। तर प्रमुख जिल्ला अधिकारी आफू उपस्थित नभई सप्रजिअलाई वार्ताको निम्ति पठाउँदा बन्दीहरूले प्रजिअ नै आउनुपर्ने माग राख्वेको बुझियो।

पौष २८ गते प्रहरी निरीक्षक रवी खड्का कारागार गई सम्झाउँदा केहीबेर शान्त भएको र भित्र खाना पकाउन मट्टितेल र दाउरा छैन भनी केही बन्दीले भनेको त्यसपछि रवी खड्काले निर्देशन दिए अनुसार केही मट्टितेल र दाउरा पठाउने काम भएको पाइयो।

पौष २९ गते कुनै होहल्ला नभएको र राति ९ बजेदेखि पुनः नारा लगाउन शुरू भएको एवं त्यसबेला करिव २५-३० जना बन्दीहरू कारागारको छतमा रहेको बुझियो। सोही बेला प्रसनि लालसिंह कैला क्षेत्रीले कारागारभित्रको यथार्थ जानकारी प्रहरी उपरीक्षकलाई गराउने काम भएको तथा प्रहरी उपरीक्षकबाट माघ १ गते विहान प्रजिअसहित कारागारमा आउने कुरा बताइएको जानकारी प्रसनि लालसिंह कैला क्षेत्रीबाट प्राप्त भयो।

माघ १ गते विहान ९ बजेसम्म स्थिति केही शान्त रही ९ बजेपछि पुनः नारा लगाउँदै आक्रोशित भई इटा समेत फ्याँक्ने काम बन्दीहरूबाट शुरू भयो। करिव १० बजे विहान सप्रजिअ कारागारमा जाँदा बन्दीहरूले प्रजिअ नै आउनु पर्छ भन्दै अझै आक्रोशित भई नारा लगाउने, होहल्ला गर्ने र इटा हान्ने काम गरिरहे र प्रजिअ किन लुकेको ? यति दिन हुँदा पनि प्रजिअ किन आउँदैनन् ? भनी अझै आक्रोशित स्वरमा बन्दीहरू कराउन थालेपछि सप्रजिअ कारागारबाट फिर्ता गएको पाइयो।

तत्पश्चात् आन्दोलनको स्थिति गम्भीर भइसकेपछि करिव ११.३० बजे प्रजिअ श्यामप्रसाद मैनालीले कारागार पुगी वस्तुस्थितिबारे सोधपुछ गरेकोमा त्यसबेला बन्दीहरू अत्यन्तै आक्रोशित भएर नारा लगाउने तथा एक बन्दीले अत्यन्तै जोशिलो एवं आक्रोशित रूपमा कारागारको छतबाट भाषण गरेको थियो। अझ प्रजिअलाई देखिसकेपछि भाषण गर्दै गरेको बन्दीले चर्को स्वरमा हामी वार्ता गर्न तयार छौं। यदि वार्ता नगर्ने भए ज्यान दिन पनि तयार छौं भन्ने समेत मन्तव्य प्रकट गरेको र बन्दीले भाषण गरिरहेकै बेला प्रहरीको तैयारी पनि भइरहेको अवस्थामा प्रजिअले बन्दीहरूलाई ढोकाको ताला खोल भित्र आएर वार्ता गरौंला भनेको तथा बन्दीहरूले एक्लै आउनु हुन्छ भने ताला खोल्छौं प्रहरी ल्याउन पाइँदैन भनेको र प्रजिअ एक्लै जानलाई असुरक्षित ठानेर नगई बलसहित भित्र जानको लागि ताला काट्न बल प्रयोग गर्न थाल्दा करिव १२ बजेतिर बन्दीहरूले छतमाथि रेलिङ्गमा रहेको इटालाई टुक्रा पारी प्रहरीतिर र कारागारको मूल ढोकातिर हान्ने काम शुरू गरेको साथै बन्दीहरूले अत्यन्तै आक्रोशित भई जेलर र प्रजिअका विरूद्ध अश्लील शब्द प्रयोग गर्दै छतमाथिबाट इटाका टुक्रा र औषधिका बोतल आदि फ्याँक्ने काम गरेको र यसैबीचमा बन्दीले हानेको इटाको टुक्राले प्रहरी निरीक्षक रवी खड्कालाई खुट्टामा लागेको बुझियो। त्यसको लगत्तै केही राउण्ड अश्रुग्यासको सेल प्रहरीद्वारा छाडिएको र केही समयसम्म हो-हल्ला रोकिएको पाइयो।

यसैबीच, केन्द्रीय कारागार शाखा बाँकेका प्रमुख मोहन पौडेलले कारागारको कम्पाउण्डको बाहिर रहेको प्रहरीको गाडीबाट अश्रुग्यास सेल, रबरका गोली राख्वेको व्याग आफ्नो कक्षसम्म ल्याएको भनी बताउनुभयो। त्यसपछि करिव १ बजेतिर बन्दीहरूले छतमा नारा लगाउने, हो-हल्ला गर्ने, कपडाको डल्लो बनाई बीचमा इटा राखी मट्टितेलमा भिजाई आगो सल्काई प्रहरी भएको स्थानतिर फ्याँक्ने, चर्को नारा र इटा बर्साउने समेत काम शुरू गरे, त्यसपछि प्रहरीले माइकिङ्ग गर्दै स्थिति नियन्त्रण भन्दा बाहिर छ जेल नजिक घर भएका मानिसहरू घरका भ्याल ढोका बन्द गर्नुस्, बाहिर कोही ननिस्कनुस् भन्ने तथा बन्दीलाई पनि सोही किसिमको चेतावनी दिने काम भयो। त्यसरी प्रहरीहरूले चेतावनी दिएको लगत्तै कारागारको पूर्वोत्तर, दक्षिण-पश्चिम र मूलद्वारको अगाडि (आँगनपट्टि)को भागबाट १.३० बजे प्रहरीद्वारा १०/१२ राउण्ड फायरिङ्ग गरियो। करिव २ बजे अरू थप प्रहरी बल कारागारको अगाडिको भाग (मूल गेटतर्फ)मा आइपुगेको बुझियो।

यसरी थप प्रहरी बल आएपछि बन्दीहरू अझै आक्रोशित हुन थाले र बन्दीहरूले तल आँगनमा छापेको इटा तथा रेलिङ्गको इटा निकाली प्रहरीतिर फ्याँकी रहे (उक्त इटा फ्याँक्ने, नाराबाजी गर्ने बन्दीहरू छतमा करिव २५ देखि ३० जना भएको प्रत्यक्षदर्शीहरू बताउँछन्।)

यसरी बन्दीले फ्याँकेको इटालाई रोक्न दंगा प्रहरीहरूले आफ्नो सुरक्षा पोशाक, ढुंगा आदि छेक्ने ढाल प्रयोग गरेको र बन्दीले हानेको इटा प्रहरीले पुनः बन्दीलाई नै हान्ने काम शुरू भयो। थोरैवेर शान्त भएपछि पुनःबन्दीहरूले प्रहरीतर्फ इटा, सीसी हान्ने काम र नारा लगाउने काम लगातार जारी राखेपछि प्रहरीले पोजिसन लिएर बन्दी भएतिर बन्दुक सोझ्याई गोली हान्न शुरू गरे। गोली हान्न शुरू गरेको केहीबेरपछि एक जना बन्दी गोली लागी ढल्यो। उक्त गोली कारागारको अगाडिपट्टी (मुलगेट)को भागबाट आएको थियो। त्यसबेला दिउँसो ३ बजिसकेको

थियो र बन्दीहरूले आफ्नो साथी ढलेको तथा अरूलाई पनि घाइते बनाएको हुँदा हात उठाई अब गोली नचलाउनोस् श्रीमान् हामी आफै ओर्लिन्छौं भनेर आत्मसमर्पण गरे। त्यसबेला दक्षिणपश्चिम बुर्जामा रहेका प्रनानि छवि पौड्यालले बन्दीहरूलाई तिमीहरू छतबाट ओर्ल अब केही हुँदैन भनेका थिए। त्यत्तिकैमा छतमा भएका बन्दीहरू ओर्लन क्रम शुरू भयो। ओर्लंदै गरको अवस्थामा सोही दक्षिण पश्चिम बुर्जाबाट गोली प्रहार भई घनश्याम ओली गोली लागी भुईमा नाली नजिक पछारिन पुगी घटनास्थलमै निजको मृत्यु भयो। यस अवस्थामा सबै बन्दीहरूले आत्मसमर्पण गरिसकेका थिए।

गोली हानेको सम्बन्धमा बाहिरका छिमेकी तथा अन्य व्यक्तिहरूले र विरामी भई असक्त रूपमा ओछ्यानमा सुतिरहेका बन्दीहरू समेतको भनाई अनुसार करिव ७६-७७ राउण्ड गोली चलेको बुझियो। यस सम्बन्धमा प्रहरी उपरीक्षक अरूणकुमार सिंहको भनाइ अनुसार रबर बुलेट र अश्रुग्यास बाहेक छर्रा गोली ५ राउण्ड, म्याग्नम भन्ने गोली ४ राउण्ड, हर्नेट भन्ने गोली ६ राउण्ड र राइफल थ्रिनट थ्रि १५ राउण्ड चलाइएको थियो।

त्यसपछि करिव ३.३० बजे मुलगेटको ताला (बन्दीद्वारा २६ गतेदेखि नै भित्र-बाहिर गर्न नमिल्ने गरी मुल गेटमा लगाइएको) टुटाई ३.४५ बजेतिर प्रजिअ श्यामप्रसाद मैनाली, प्रहरी उपरीक्षक अरूणकुमार सिंह लगायत अरू प्रहरी फोर्ससहित जेलभित्र प्रवेश गर्ने, छतमा जाने तथा अगाडि नै पेटमा गोली लागी ढली छट्पटाई रहेका विजय चौधरीलाई कपडामा लपेटी तल ओराली हस्पीटल लैजाने निर्देशन दिने काम भयो। निजलाई हस्पीटल लगेको करिव ३ घण्टापछि निज चौधरीको मृत्यु भएको जानकारी हुन आयो।

त्यसरी गोली चली कारागारको स्थिति कावुमा आइसकेपछि प्रजिअ, प्रहरी उपरीक्षक र कारागार प्रमुखको साथमा गएको ४०-५० जनाको दंगा प्रहरी टोली कारागारभित्र प्रवेश गरी कारागारका बन्दीहरूमाथि प्रतिशोध स्वरूप जेल कम्पाण्डभित्रपट्टीको आँगनमा बन्दीहरूलाई लहरै सुताई बुटले कुल्चदै हिड्ने र खाँद्ने, बन्दुकको कुन्दाले हिर्काउने, लछार-पछार गर्ने समेत गरेको बुझियो। आन्दोलनमा ढुंगामुढा प्रहार गर्न नसक्ने, आँखा पनि कम देख्ने, कुप्रो परेको अपांग पराने पुन जस्ता आन्दोलनमा भाग नलिई कोठाभित्र ओछ्यानमा सुतिरहेका बन्दीहरूलाई पनि बाहिर ल्याई बुटले कुल्चने र राइफलको कुन्दाले हानी चोट समेत निजहरूको शरीरमा पारेको देखियो।

यसरी कुटपिट गरिसकेपछि बन्दीहरूमध्ये आन्दोलनमा सरिक भएका २३ जनालाई भित्रपट्टीको ताला लगाउने कोठा (जसलाई गोलघर भनिन्छ) मा थुनिसकेर हतकडीसमेत लगाएको बुझियो। साथै जेलको भित्री भागको निरीक्षण गर्दा कम्पाउण्ड वालको उत्तरतर्फको भित्तामा भित्रपट्टीको पाटोमा शक्तिशाली गोली ठक्कर खाएका डोबहरू देखिए। जेलभित्रै रहेको सानो पिपलको रूखमा समेत गोलीहरू ठोक्किएको देखियो। त्यसैगरी, छतमाथिको रेलिङ्गमा पनि गोलीका डोबहरू देखिए।

घटनाक्रमका विश्लेषण

- बन्दीहरूले कारागार प्रशासन समक्ष प्रस्तुत गरेका मागहरू अत्यन्त सामान्य प्रकृतिका देखिन्छन्। दुर्गन्ध नआउने गर्न ढल निकासको व्यवस्था गर्नुपर्ने, चर्पी थप गरी सरसफाईको व्यवस्था गर्नुपर्ने, आवश्यकता अनुसारको उज्यालो प्राप्त गर्ने, प्रचलित बजार दरभाउमा उपभोग्य वस्तु खरिद गर्न पाउनुपर्ने, रेडियो सुन्न तथा पत्रपत्रिका पढ्न पाउनुपर्ने, पानी नचुहिने ठाउँमा बस्न-सुत्न पाउनुपर्ने, थप धाराको व्यवस्था हुनु पर्ने, सामान्य खालका खेलकुदका सामग्रीको व्यवस्था हुनुपर्ने जस्ता मागहरू बन्दीहरूका न्युनतम आवश्यकता तथा मानव अधिकारभित्र पर्ने विषयहरू नै हुन। यी समस्याहरू समाधान नगरी कुनै पनि कारागार बन्दी बस्न उपयुक्त स्थान हुन सक्तैन। यी आवश्यकताहरू माग नै नगरी वा माग गर्ने परिस्थिति सिर्जना नै हुन नदिई सरकार र प्रशासन स्वयंले व्यवस्थापन गर्नुपर्ने काम, कर्तव्य र दायित्वको विषयवस्तु हो। तर बन्दीका नैसर्गिक अधिकारभित्र पर्ने यति सामान्य विषयहरूमा माग प्रस्तुत गर्दा पनि त्यतातिर ध्यान नदिई बन्दीहरूको आधारभूत मानव अधिकारका विषयहरूप्रति नै बेवास्ता भएको देखिन्छ।

- मुलुकको संविधान तथा ऐन-कानूनहरूको पालना गर्ने/गराउने र कार्यान्वयन गर्ने जिम्मेवारी सरकारी निकायहरूको हो। जनताको हक अधिकारको रक्षा गर्ने, शान्ति-सुरक्षा कायम गर्ने तथा मानव अधिकारको रक्षा र सम्बर्द्धन गर्ने तथा त्यसको प्रत्याभूति दिने जिम्मेवारी पनि यिनै निकायहरूको हो। बाँके कारागारसँग सम्बद्ध प्रशासनिक निकायहरूले यो पक्षलाई उपेक्षा गरेको देखिएको छ। संयुक्त राष्ट्रसंघको वडापत्र स्वीकार गरेको तथा मानव अधिकारसम्बन्धी सन्धि महासन्धिको पक्षधर राष्ट्र भएको देशका प्रशासकहरूले नै मानव अधिकारको उल्लंघन गर्ने/गराउने कार्य गर्नु अत्यन्त खेदजनक विषय बन्दछ। देशका नागरिकहरूले बाँच्न पाउने अधिकारको प्रत्याभूति दिने संवैधानिक व्यवस्था एवं मानवअधिकारको आधारभूत सिद्धान्तलाई

यसरी बन्दीले पर्याँकेको इटालाई रोक्न दंगा प्रहरीहरूले आफ्नो सुरक्षा पोशाक, ढुंगा आदि छेक्ने ढाल प्रयोग गरेको र बन्दीले हानेको इटा प्रहरीले पुनः बन्दीलाई नै हान्ने काम शुरु भयो। थोरैवेर शान्त भएपछि पुनःबन्दीहरूले प्रहरीतर्फ इटा, सीसी हान्ने काम र नारा लगाउने काम लगातार जारी राखेपछि प्रहरीले पोजिसन लियर बन्दी भएतिर बन्दुक सोझ्याई गोली हान्न शुरु गरे। गोली हान्न शुरु गरेको केहीबेरपछि एक जना बन्दी गोली लागी ढल्यो। उक्त गोली कारागारको अगाडिपट्टी (मुलगेट)को भागबाट आएको थियो। त्यसबेला दिउँसो 3 बजिसकेको थियो र बन्दीहरूले आफ्नो साथी ढलेको तथा अरूलाई पनि घाइते बनाएको हुँदा हात उठाई अब गोली नचलाउनोस् श्रीमान् हामी आफै ओर्लिन्छौं भनेर आत्मसमर्पण गरे।

उल्लंघन गरी कारागारमा रहेका व्यक्तिहरूमाथि गोली प्रहार गरी हत्या गर्नुले मानव अधिकारको प्रत्यक्ष उल्लंघन भएको पुष्टि हुन्छ।

- आन्दोलनकारी बन्दीहरूले आफ्ना मागपत्रहरू प्रस्तुत गर्ने, अल्टीमेटम दिने, वार्ताको लागि कोशिस गर्ने तथा आन्दोलनमा शान्तिपूर्ण तरिकाको अवम्लबन गर्ने जस्ता विषयहरूमा कमजोरी रहेको देखिन्छ। आन्दोलन २५ गते शुरू गरी २६ गते मात्र लिखित मागपत्र प्रशासनलाई बुझाउनु, माग पूरा गर्न निश्चित समयावधि नदिनु, आफूसँग भएसम्मका साधनहरूको प्रयोग गरी परिस्थितिलाई उत्तेजक बनाउने क्रियाकलापहरू गर्नु, इटाहरू प्रहार गर्नु जस्ता कार्यहरूले वातावरणलाई अशान्त बनाउन निकै भूमिका खेलेको देखिन्छ। तर्कसंगत ढंगले वार्तामा भाग लिने कोशिस निरन्तर जारी राख्नुपर्नेमा त्यसो गरेको देखिदैन। विगत वर्षमा पनि यस्तै प्रकारका मागहरू प्रस्तुत गरेको भएता पनि हाल भने कुनै ठोस कार्यक्रम बनाई माग पत्र पेश गरेको देखिएन तर बन्दी अवस्थामा रहेका व्यक्तिहरूले गरेका क्रियाकलापहरूले सम्वाद नै गर्न नसकिने स्थिति उत्पन्न भएको देखिदैन। १ सय ८९ जना बन्दीहरू रहेको कारागारमा २०-२५ जना बन्दीहरू मात्र उत्तेजित भएको अवस्थालाई सम्हाल्नै नसकिने परिस्थिति हो भनी मान्न सकिदैन। यस्तो घडीमा प्रशासनले आवश्यक संयम राख्न र सिर्जनात्मक ढंगले समस्या समाधान गर्ने प्रयत्नमा लाग्नु पर्दथ्यो तर त्यसो गरेको देखिएन।

- बन्दीहरूसँग प्रहरीमाथि प्रहार गर्ने अन्य कुनै घातक हातहतियार थिएनन्। केही औषधि र मट्टितेलका सीसीहरू, इटको रेलिङ्ग र आगनका इटाका टुक्राहरू मात्र थिए भन्ने देखिन्छ। यता प्रहरीहरूसँग भने आफ्नो वचावटका लागि टाढा जान सकिने खाली जग्गा, स्थिति नियन्त्रण गर्नाका लागि प्रयोग गर्न सकिने अश्रुग्यास, शारीरिक सुरक्षाको लागि हेलमेट तथा ढाल जस्ता साधनहरू थिए। बन्दीले प्रयोग गरेको इटा थुपारिएको अवस्थामा नभई पर्खालमा जोडिएको अवस्थामा थिए। छतको रेलिङ्गको पर्खालका इटा २०-२५ जनाले उप्काउँदै र प्रहरीहरूतर्फ फ्याँक्दै गरको स्थिति थियो। यता प्रहरीहरूको संख्या करिव सय जनाको थियो। बन्दीहरूको गतिविधिलाई शान्तिपूर्ण ढंगले नियन्त्रण गर्नका लागि यो संख्या अपुग हो भन्ने देखिदैन। मित्री ढोकाको ताला काटेर बन्दीगृहको आँगनमा पुग्न नसकिने स्थिति पनि देखिदैन। बन्दीहरू स्वयं कारागारबाट भागेर जाने मनसायले कुनै पनि प्रकारको गतिविधिमा संलग्न रहेको भन्ने पनि देखिदैन। किनकि उनीहरू आफैले भित्रबाट ताला लगाएका थिए भने सुरक्षा बुर्जा तथा कारागारको वरपर प्रहरीहरूको तैनाथी भएको हुनाले उनीहरूले भागी जान सम्भव पनि थिएन। यस्तै अवस्थामा शान्तिपूर्ण ढंगले समस्याको समाधान नगरी गोली चलाई समस्याको समाधान खोज्नुलाई सही तरिका मान्न सकिदैन।

- कारागार प्रशासन तथा प्रजिअले बन्दीहरूले माग पत्र प्रस्तुत गरी आन्दोलनमा उत्रिएपश्चात् वार्ताद्वारा समस्याको समाधान गर्ने प्रयास गरेको देखिएन। एक पटक सहायक प्रजिअलाई वार्ता गर्न पठाएको देखियो। बन्दीहरूले प्रजिअसँग मात्र वार्ता गर्ने अडान लिएपछि अन्य कुनै पहल गरेको देखिएन। बन्दीहरूले आफ्नो मन्तव्यमा नै वार्ता गर्न तयार रहेको भनी आन्दोलनकै क्रममा विचार व्यक्त गरेतापनि यसबारे चासो राख्ती प्रशासन सक्रिय बनेको पनि देखिएन। प्रशासनले बन्दीसँग वार्ता गरी समस्या समाधान गर्न गम्भीरतापूर्वक पहल नगर्नाले समस्या जटिल बन्दै गएको देखियो।

- कैदमा रहेका बन्दीहरू आफ्ना न्यूनतम आवश्यकताका माग राख्ती नारा जुलुस गर्दै इटा प्रहार गरिरहेको स्थितिलाई साम्य पार्नको लागि धेरै वैकल्पिक उपायहरू विद्यमान थिए। इटा प्रहार गर्न सक्ने दुरी भन्दा परै बसेका प्रहरीहरूले अन्य खतरा सम्झनुपर्ने स्थिति नदेखिएको, बन्दीहरूबीच नै भीडन्त भएको तथा मर्ने-मार्ने परिस्थिति नबनेको अवस्थामा अन्य उपायहरूको खोजी नै नगरी प्रशासनिक पक्ष नै आक्रोशित बनी गोली प्रहार गर्नु जिम्मेवारीपूर्ण र युक्तिसंगत देखिएन। प्रहरीले गोली प्रहार गर्दा बन्दी विजय चौधरीलाई गोली लागी उनी ढलेपश्चात् आन्दोलनकारी बन्दीहरूले "आत्मसमर्पण गर्यौं, गोली नचलाउनुस्, हामी तल झर्छौं" भनी छतबाट ओर्लंदै गरेको अवस्थामा बन्दीहरूमाथि पुनः गोली प्रहार गर्दा घनश्याम ओलीको मृत्यु भएको देखियो। गोली हान्नै नपर्ने परिस्थिति विद्यमान भएको अवस्थामा गोली चलाउनु आफैमा अनुचित छदै थियो, त्यसमा पनि आत्मसमर्पण गरेपश्चात् ताकेर गोली हानी मान्छे मार्ने कार्य भएबाट मानव अधिकारको प्रत्यक्ष उल्लंघन भएको देखिन्छ।

निष्कर्ष

- बन्दीहरूले मागपत्र प्रस्तुत गरेपछि ती मागहरू पूरा गर्न सकिने वा नसकिने भन्ने बारेमा २६ गतेदेखि नै प्रजिअले पहल र प्रयत्न गर्नुपर्नेमा सो नगरी प्रजिअले २९ गतेसम्म आफ्ना मातहतका कर्मचारी र प्रशासकीय अधिकृत, सहायक प्रजिअलाई मात्र खटाई एकैचोटि अन्दोलनको स्थिति गम्भीर भइसकेपछि अर्थात् माघ १ गते ११.३० बजे मात्र कारागारमा पुगेको पाइयो।

- प्रजिअलाई बन्दीहरूबाट वार्ताको निम्ति प्रस्ताव राख्दा नै प्रजिअ धेरै प्रहरी बल समेत आएमा आफूमाथि कुटपिट हुने डर मानी प्रजिअलाई एक्लै आउनु भनी बन्दीहरूले आग्रह गरेको तर बन्दीको आग्रह अनुसार प्रजिअ एक्लै जान नसकेको स्थितिमा अन्य राजनीतिक पार्टीका प्रतिनिधि, जनप्रतिनिधिहरू, मानव अधिकारसँग सम्बद्ध व्यक्तिहरू, अरू कुनै मध्यस्थता अपनाउने विकल्प खोजेको पनि देखिएन। यसरी प्रजिअले स्थानीय प्रशासकको हैसियतले पुऱ्याउनुपर्ने सोच नपुऱ्याएको देखियो।

- बन्दीमाथि नियन्त्रण गर्न हरसम्भव उपाय अपनाएर (पर्खाल वरपर व्यापक सुरक्षाकर्मी तैनाथ गरी) त्यो दिनको बन्दीहरूको आक्रोश मत्थर गराउन एवं आवश्यक थप उपायबारे पनि छलफल गर्दै बाहिर भाग्न/उम्कन नपाउने गरी चौवीस घण्टा पहरा दिन लगाउने समेतका हर सम्भव काम गर्नुपर्नेमा ती सबै विकल्प प्रयोग नगरी आफ्नै नियन्त्रण र काबूमा रहेका

बन्दीहरूसँग प्रहरीमाथि प्रहार गर्ने अन्य कुनै घातक हातहतियार थिएनन्। केही औषधि र मट्टितेलका सीसीहरू, इटको रेलिङ्ग र आगनका इटाका टुक्राहरू मात्र थिए भन्ने देखिन्छ। यता प्रहरीहरूसँग भने आफ्नो वचावटका लागि टाढा जान सकिने खाली जग्गा, स्थिति नियन्त्रण गर्नाका लागि प्रयोग गर्न सकिने अश्रुग्यास, शारीरिक सुरक्षाको लागि हेलमेट तथा ढाल जस्ता साधनहरू थिए। बन्दीले प्रयोग गरेको इटा थुपारिएको अवस्थामा नभई पर्खालमा जोडिएको अवस्थामा थिए। छतको रेलिङ्गको पर्खालका इटा २०-२५ जनाले उप्काउँदै र प्रहरीहरूतर्फ फ्याँक्दै गरको स्थिति थियो। यता प्रहरीहरूको संख्या करिव सय जनाको थियो। बन्दीहरूको गतिविधिलाई शान्तिपूर्ण ढंगले नियन्त्रण गर्नका लागि यो संख्या अपुग हो भन्ने देखिदैन।

पर्खालभित्रका बन्दीहरूमाथि गोली हान्ने आदेश दिएको र एउटा बन्दी गोली लागी ढलेपछि बन्दीहरूले आत्मसमर्पण गरेको स्थितिमा समेत गोली चलाउन आदेश दिएको कारणबाट अर्को बन्दी गोली लागी मरेको पाइयो। यो अवस्थाबाट प्रजिअले आफूलाई प्राप्त अधिकारको प्रष्ट दुरूपयोग गरेको र दायित्वको पालना नगरेको पाइयो।

– यस स्थलगत अध्यन निरीक्षण टोलीसमक्ष प्रजिअ मैनालीले आफ्नो भनाईमा झण्डै हप्तादिनसम्म बन्दीहरूले ताला लगाई कारागार क्याप्चर गरी सकेपछि

माघ १ गते केन्द्रीय कारागार शाखा नेपालगंजमा माग र नाराबाजी गरेका बन्दीहरूले कारागारको पर्खाल तोडी भाग्ने प्रयास गरेको भन्ने जानकारी कतैबाट पाइएन। भित्री गेटको ताला लगाएर दवाब सिर्जना गर्ने क्रममा आफू थुनिएकै कक्षमाथिबाट इटा र बोतल प्रहार गरेको र केही बन्दीले अपशब्द प्रयोग गरी आक्रोशित र उच्छृंखल प्रकारले पेश हुने गलत तरिका अपनाएको जानकारी निरीक्षण टोलीलाई दिए पनि त्यही स्थितिबाटै सबै सम्भव उपायलाई लत्याएर गोली चलाउनुपर्ने अवस्था परेको देखिदैन।

प्रशासनको उपस्थिति नै नरहेको जस्तो देखिने भएको, कारागार दिउँसो नै नियन्त्रयणमा लिनुपर्ने भएको र बन्दीहरू आक्रोशित भई गाली, गलौज, इटा, शिशा पथराव गर्नेतर्फ गएपछि उक्त दिन सुरक्षा मान्यता (Security Norms) अन्तर्गत जिल्ला सुरक्षा समितिको बैठक कारागार कम्पाउण्डभित्रै बसी निर्णय गरी नियन्त्रणका लागि उपाय नभएपछि गोली चलाउने आदेश दिएको हुँ भन्ने कुरा व्यक्त गरे पनि वार्ताको माग गरिरहेका निहत्था बन्दीहरूमाथि वार्ताको विकल्पलाई बेवास्ता गरी गोली प्रहार गर्नुपर्ने स्थिति आइपरेको नेदेखिंदा यो टोली प्रजिअको उक्त तर्कसँग सन्तुष्ट हुन सकेन।

– कारागारका बन्दीहरूले माग पूरा गराउन दवाब दिने, नाराबाजी गर्ने कुराहरू एवं खान नखाई दिने, भोक हड्ताल गर्ने जस्ता कुराहरू गरेमा तिनको निरूपण गर्ने व्यवस्था कानूनमा भएकै छ। माघ १ गते केन्दीय कारागार शाखा नेपालगंजमा माग र नाराबाजी गरेका बन्दीहरूले कारागारको पर्खाल तोडी भाग्ने प्रयास गरेको भन्ने जानकारी कतैबाट पाइएन। भित्री गेटको ताला लगाएर दवाब सिर्जना गर्ने क्रममा आफू थुनिएकै कक्षमाथिबाट इटा र बोतल प्रहार गरेको र केही बन्दीले अपशब्द प्रयोग गरी आक्रोशित र उच्छृंखल प्रकारले पेश हुने गलत तरिका अपनाएको जानकारी निरीक्षण टोलीलाई दिए पनि त्यही स्थितिबाटै सबै सम्भव उपायलाई लत्याएर गोली चलाउनुपर्ने अवस्था परेको देखिदैन।

अध्ययन टोलीको ठहर

उपरोक्त अध्ययनको आधारमा यस अध्ययन टोलीले देहाय बमोजिम ठहर गरेको छ :

(क) जिल्ला प्रशासन कार्यालय बाँकेका प्रजिअ श्यामप्रसाद मैनालीको आदेशले ०५७ साल माघ १ गते भएको केन्द्रीय कारागार शाखा बाँकेका बन्दीहरूमाथि गोली चलाएको घटनामा यस अध्ययन टोलीले यसै प्रतिवेदनका दफामा उल्लेख गरेका तथ्य एवं विश्लेषण बमोजिम अधिकार दुरूपयोग गरी पद अनुसारको कर्तव्य समेत पालना नगरेको कारणबाट उक्त कारागारका बन्दीहरूको मानव अधिकार गम्भीर रूपमा हनन् भएकोले निज प्रजिअ श्यामप्रसाद मैनालीमा पदको प्रकृति अनुसार काम, कर्तव्य गर्ने क्षमताको अभाव रहेको पुष्टि हुनाका साथै पद अनुसारको जिम्मेवारी बेवास्ता गरेको समेत देखिएकोले निजलाई पदबाट निलम्वन गरी कानून बमोजिम विभागीय कारवाही समेत गर्न श्री ५ को सरकारलाई निर्देश गर्नुपर्ने यस स्थलगत निरीक्षण टोलीको ठहर छ।

(ख) केन्द्रीय कारागार शाखा बाँकेमा भएको ०५७।१०।१ को गोली काण्डमा मारिएका बन्दीहरू विजय चौधरी र घनश्याम ओलीका परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन र सोही गोली काण्ड र कुटपिट समेतमा भएका घाइतेहरूलाई उपचार समेत गर्ने व्यवस्था गर्न समेत श्री ५को सरकारलाई निर्देश गर्नुपर्ने पनि यस अध्ययन टोलीको ठहर भएकोले प्रस्तुत गरिएको छ।

(ग) केन्दीय कारागार शाखा बाँकेमा ०५७।१०।१ मा भएको गोली काण्ड समेतका घटनामा संलग्न प्रहरी उपरीक्षक अरूणकुमार सिंह मातहतका अधिकृत एवं जवानहरूका साथै कारागार प्रमुख मोहन पौडेल समेत प्रजिअको आदेश मुताविक काम गरेको मनेता पनि स्थिति साम्य भइसकेको अवस्थामा पराने पुन र जले रोक्का लगायतका करिव ४० जना बन्दीहरूलाई बाहिर आँगनमा निकाली पुनः अमानवीय यातना दिने काममा फेरि संलग्न हुनु थप ज्यादती देखियो। अतः निजहरूको यो कार्य उपर छानबीन गरी कारवाही गर्न श्री ५ को सरकारलाई निर्देशन गर्न यो टोली राय प्रस्तुत गर्दछ।

(घ) कारागारका बन्दीहरूले बन्दीको हैसियतले पाउनुपर्ने न्यूनतम नैसर्गिक मानव अधिकार अन्तर्गतका सुविधाहरूको तुरून्त व्यवस्था गर्न/गराउन श्री ५ को सरकारलाई निर्देशन गर्नुपर्ने ठहर यस टोलीको छ।

(प्रतिनिधि सभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिका सभापति सोमप्रसाद पाण्डेको नेतृत्वमा नवराज सुवेदी, पशुपति चौलागाईं, गोविन्दविक्रम शाह सम्मिलित स्थलगत निरीक्षण टोलीको प्रतिवेदनबाट)

जनताको विश्व स्वास्थ्य भेला २००० जनताको आफ्नै प्रतिबद्धता

- इन्दिरा फुयाँल -

जनताको विश्व स्वास्थ्य भेला सन् २००० बंगलादेशको राजधानी ढाका नजिकैको साभार भन्ने ठाउँमा ०५७ मंसिर १९ देखि २३ सम्म सम्पन्न भयो। विश्वका ९८ राष्ट्रका लगभग २००० मानिसहरूको उपस्थितिमा सम्पन्न उक्त भेलामा नेपालको तर्फबाट ७५ जनाको सहभागिता रहेको थियो। नेपालको तर्फबाट डा. मथुराप्रसाद श्रेष्ठको संयोजकत्वमा ग्रामीण समुदायका महिलाहरू, स्वास्थ्य, मानव अधिकार, महिला अधिकार तथा अन्य सामुदायिक विकासका लागि कार्यरत गैरसरकारी संस्थाहरू श्री ५ को सरकारका प्रतिनिधिहरू, स्थानीय निकायका प्रतिनिधिहरू, पत्रकारहरू, राजनीतिक पार्टीका प्रतिनिधिहरू तथा स्वास्थ्यकर्मी तथा विद्यार्थीहरू समेतको प्रतिनिधिमण्डलको सहभागिता रहेको थियो। उक्त नेपाली प्रतिनिधिमण्डलमा ४३ महिला र ३२ पुरुषको सहभागिता रहेको थियो।

१८ देखि २३ मंसिरसम्मको ६ दिने कार्यक्रम भए तापनि पहिलो दिन सहभागी दर्ता र ऱ्यालीको कार्यक्रम रहेको थियो र नेपाली प्रतिनिधिमण्डलले १९ देखि २३ सम्मको कार्यक्रममा मात्र सहभागी हुने अवसर प्राप्त गऱ्यो। सकेसम्म बढी सहभागीहरू, मुख्य गरी ग्रामीण समुदायलाई बढी सहभागिता गराउने उद्देश्यले नेपालबाट ७५ जनाको प्रतिनिधिमण्डल २ वटा बस रिजर्भ गरी काकडभित्ताको बाटो हुँदै, भारतको च्याङ्ग्राबन्दा सीमानाबाट बंगलादेशको बुढीमाडी मार्ग हुँदै करिब ३०/३२ घण्टाको बसयात्रा गरी कार्यक्रम स्थल पुगेको थियो। कार्यक्रम बंगलादेशको राजधानी ढाकाबाट ४० किलामीटर टाढा रहेको साभारमा स्थित गोनो स्वास्थ्य केन्द्रमा सम्पन्न भएको थियो।

गोनो स्वास्थ्य केन्द्रको पनि आफ्नै इतिहास छ। १९७१ को बंगलादेशको स्वतन्त्रता संग्राममा स्वतन्त्रताका संग्रामी सिपाहीहरूको स्याहार सुसारका लागि यसले अस्पतालका रूपमा ज्यादै ठूलो सहयोग पुऱ्याएको थियो। उक्त संग्राममा विजय प्राप्त गरेपछि स्वतन्त्र देशका रूपमा बंगलादेशले आफ्नो इतिहास कोर्न सफल भयो। त्यसपछि १९७२ मा गोनो स्वास्थ्य केन्द्र साभारको हालको स्थानमा रुपान्तरण भयो र यसले जनतामा आधारित विकास संस्थाका रूपमा जन स्वास्थ्यसम्बन्धी तालिमहरू दिने कार्यको सुरुवात भयो। त्यसदेखि यता यसले पिछडिएका, ग्रामीण समुदायलाई विभिन्न व्यवसायिक तालिम दिंदै, पढ्ने अवसर नपाएकालाई उक्त अवसर प्रदान गर्दै, काम गर्ने इच्छा भएका तर अवसर नपाएकालाई सीप सिकाएर काममा लगाउँदै गरीब, असहाय तथा अवसरबाट बञ्चितहरूलाई अवसर र सीप प्रदान गर्दै आफ्नो मार्गमा अगाडि बढ्यो र अहिले एउटा विशाल गोनो विश्व विद्यालय, गोनो अस्पताल तथा थुप्रै खाले घरेलु उद्योगहरू सिकाउने व्यावसायिक तालिम प्राप्त दक्ष जनशक्तिहरूले भरिपूर्ण छ। हाल यसको स्वामित्वमा ५० हेक्टर जमिन रहेको छ, त्यसै जमिनमा विश्वविद्यालय, अस्पताल, तालिम केन्द्र तथा २००० जना बस्नसक्ने सम्मेलन हल रहेको छ। यस केन्द्रलाई करिब २००० जनाको सहभागिता रहेको यस सम्मेलनमा धुम्रपान निषेधित क्षेत्रको पालना गर्नका लागि अग्रिम सूचना पठाइएको थियो। धुम्रपान गर्नेहरूका लागि भने निकै कठिन परेको अनुमान गर्न सकिन्थ्यो, किनकि गोनो स्वास्थ्य केन्द्रको मूल ढोका बाहिर निस्केर बस स्टप आएर निकै सहभागीहरू हतार हतार चुरोट पिएर फर्केको दृश्य पनि कार्यक्रम अवधिमा देखिन्थ्यो।

जनताको विश्व स्वास्थ्य भेला २००० को कार्यक्रम मूल रुपमा ५ दिनको थियो। पहिलो ३ डिसेम्बरलाई कार्यक्रमको दिनका रुपमा गणना गरिएको थिएन, ४ देखि ८ डिसेम्बरसम्मलाई कार्यक्रमका रूपमा विभाजन गरिएको थियो। त्यसमा पनि अन्तिम दिन चार्टर (बडापत्र) पारित गर्ने र समापन कार्यक्रम राखिएको थियो त्यसले मुख्य गरी कार्यक्रम सत्र ४ दिनको थियो। ४ दिनमा ७५ वटा कार्यशालाहरू प्रत्येक दिन दिउँसो ३ देखि ५ सम्म विभिन्न कोठाहरूमा दिनको लगभग २० वटाका दरले सम्पन्न भए र विहान ९.०० बजेदेखि १.३० सम्म प्लेनरी सेसन सञ्चालन गरिएको थियो। प्रत्येक दिनको प्लेनरीका लागि छुट्टै नाराहरू तय गरिएका थिए। पहिलो दिनको नारा "स्वास्थ्य र सम्मुनत जीवन" (Health, Life and well being), दोस्रो दिनको नारा थियो "असमानता, गरिबी र स्वास्थ्य" (Inequality, Poverty and Health), तेस्रो दिनको नारा थियो "स्वास्थ्य सुरक्षा र स्वास्थ्य सेवा" (Health Care and Health Services) तथा चौथो दिनको नारा "वातावरण तथा बचावट" (Environment and Survival) थियो।

साथै विहान तथा बेलुकाको समयमा सांस्कृतिक कार्यक्रमहरू प्रदर्शनी, नाटक प्रदर्शन तथा विषयसँग सम्बन्धित सत्यकथा बाचन गरिएको थियो। यस क्रममा विभिन्न देशहरूले आफ्ना आफ्ना सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गरेका थिए भने नेपालका तर्फबाट पनि घरेलु हिंसासम्बन्धी नाटक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम प्रदर्शनी गरिएको थियो। नेपालका तर्फबाट विभिन्न संस्थाा तर्फबाट लगिएका पाठ्यसामग्रीहरू तथा पोष्टरहरूको स्टल पनि राखिएको छ। सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने क्रममा फिलिपिनोहरू ज्यादै अगाडि थिए, उनीहरूले सम्पूर्ण सहभागीहरूलाई समेत सहभागी गराउने गरी विषयसँग सम्बन्धित गीत, नाच तथा मुक अभिनय गरेका थिए। यसैगरी जापान, ल्याटिन अमेरिकाका सहभागीहरूले पनि विषयसँग सम्बन्धित तथा विश्वव्यापीकरणले स्वास्थ्यको क्षेत्रमा पारेको

असरलाई देखाउने मुक अभिनय गरेर सहभागीहरूलाई मनोरञ्जन र ज्ञान एकैसाथ दिलाएका थिए। यसैगरी आयोजक राष्ट्र बंगलादेशले पनि आफ्नो लोक संस्कृति निकै रोचक ढंगले प्रस्तुत गरेको थियो।

भेलामा विभिन्न देशबाट सरकारी प्रतिनिधिहरू पनि सहभागी भएका थिए, प्लेनरी सेसनमा भारतको केरला राज्यका राज्यमन्त्री, पश्चिम बंगालको स्वास्थ्यमन्त्री, मोजाम्बिकको प्रधानमन्त्रीको प्रतिनिधि आदि विशिष्ट सरकारी प्रतिनिधिहरूले विभिन्न विषयमा सम्बोधन गरेका थिए। प्लेनरी सेसनमा विश्व बैंकका प्रतिनिधि, नोवेल पुरस्कार प्राप्त सम्मानित व्यक्तित्व तथा "डाक्टर नभएमा" पुस्तकका मूल लेखक डेविड वर्नरले पनि सम्बोधन गर्नुभएको थियो र एउटा कार्यशाला सञ्चालन गर्नुभएको थियो। ६ डिसेम्बरमा विश्व बैंकको म्यानेजर रिचार्ड ली स्कोल्नीकले संबोधन गर्ने समयमा सम्पूर्ण हलले World Bank Go Back, World Bank Go out भन्ने नारा लगाएर हुटिङ गरेका थिए र उनले लेखेर ल्याएको बक्तव्य पुरै बोल्न पनि निकै हम्मे हम्मे पारेका थिए, जसले विश्व बैंक (World Bank) तथा अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) जस्ता संस्थाले Core country हरुको रणनीति कार्यान्वयन गराउने माध्यमका रुपमा आफ्नो भूमिका देखाउने हो भने खैराँत छैन भन्ने कुरा अत्यधिक सहभागीहरूबाट गरिएको हुटिङबाट प्रष्ट हुन्थ्यो। भूमण्डलीकरणको स्वास्थ्य क्षेत्रमा परेको नकारात्मक असरहरूको बारेमा भेलामा प्रसस्त छलफल भएको थियो र बहुराष्ट्रिय कम्पनीहरूको इसारामा सम्पूर्ण विश्वको स्वास्थ्यलाई व्यापारीकरण गरिनु हुँदैन, जनताको स्वास्थ्यलाई व्यापारीकरणको साधन बनाइनु हुँदैन, स्वस्थ्य जीवन जीउन पाउने जनताको मानव अधिकार हो, यसलाई पूरा गराउन राज्यले सकेसम्मका सेवाहरू उपलब्ध गराउनु पर्दछ र नागरिकहरूलाई त्यसबारेमा सचेत बनाउँदै लैजानुपर्छ भन्ने कुरामा सहभागीहरूको आवाज निकै बुलन्द भएको थियो। भेलामा भूमण्डलीकरणले स्वास्थ्य क्षेत्रमा पारेको प्रभाव र असर, महिलाहरूको स्वास्थ्यमा पारेको असर, आदि विषयमा छलफल भएको थियो।

कार्यक्रममा क्युवाका तर्फबाट मन्तव्य राख्ने प्रतिनिधिले मन्तव्य राख्ने क्रममा सम्पूर्ण हलको फिडेल क्यास्ट्रोको दीर्घायुको कामना गर्दै, क्युवाली जनताको आन्दोलनलाई स्वागत गर्दै अमेरिकी साम्राज्यवादको विरोध गरेका थिए।

भेलामा नेपालका तर्फबाट १२ वटा विषयमा ८ वटा कार्यशालाहरू सञ्चालन भएका थिए। डा. मथुरा श्रृष्ठ, डा. शान्ता थपलिया, डा. इन्दिरा श्रेष्ठ, गंगा कसजु, डा. रेणु राजभण्डारी, डा. अरुणा उप्रेती, डा. सरोज वन्त आदिले कार्यशाला सञ्चालन गर्नुभएको थियो।

भेलाले "स्वास्थ्यका लागि जनताको वडापत्र" पारित गरेको छ। यो वडापत्र नितान्त रूपमा जनताको परिप्रेक्षबाट, हेपिएका, थिचिएकाहरूको तर्फबाट तयार गरिएको हो, जसको आवाज आजभन्दा पहिले कहिल्यै सुनिएको थिएन वा कम मात्र सुनिएको थियो। जुन बडापत्रको प्रस्तावनामा भनिएको छ; स्वास्थ्य भनेको सामाजिक, आर्थिक र राजनीतिक सवाल तथा आधारभूत मानव अधिकारको सवाला हो। असमानता, गरिबी, हिंसा, शोषण तथा अन्याय नै अस्वस्थ्यताका कारण हुन् र यिनीहरू नै गरीब तथा पिछडिएका वर्गका मानिसहरूको मृत्युका कारण हुन्। सबैका लागि

भेलाले "स्वास्थ्यका लागि जनताको वडापत्र" पारित गरेको छ। यो वडापत्र नितान्त रुपमा जनताको परिप्रेक्षबाट, हेपिएका, थिचिएकाहरुको तर्फबाट तयार गरिएको हो, जसको आवाज आजभन्दा पहिले कहिल्यै सुनिएको थिएन वा कम मात्र सुनिएको थियो। जुन बडापत्रको प्रस्तावनामा भनिएको छस स्वास्थ्य भनेको सामाजिक, आर्थिक र राजनीतिक सवाल तथा आधारभूत मानव अधिकारको सवाला हो। असमानता, गरिबी, हिंसा, शोषण तथा अन्याय नै अस्वस्थ्यताका कारण हुन् र यिनीहरु नै गरीब तथा पिछडिएका वर्गका मानिसहरुको मृत्युका कारण हुन्।

स्वास्थ्य भन्नाले शक्तिवानहरूको स्वार्थलाई चुनौती दिनु, विश्वव्यापीकरणको विरोध गर्नु र राजनीतिक तथा आर्थिक प्राथमिकताहरू आमूल परिवर्तन गर्नु हो।

यस वडा पत्रले जनतालाई आफ्नो समस्या आफै समाधान गर्न, स्थानीय तहमा, राष्ट्रिय सरकार तथा अन्तर्राष्ट्रिय संस्थाहरूका माध्यमबाट समाधान गराउन पहल गर्नु पर्दछ भनेर निर्देशित गरेको छ।

स्वास्थ्यका लागि जनताको वडापत्रले समता, पर्यावरणीय दिगो विकास, शान्ति र समुन्नत विश्व नै आफ्नो मूल दृष्टिकोणका रुपमा अंगालेको छ। सबैका लागि स्वस्थ्य, सम्मानित र मर्यादित जीवन हुनुपर्दछ, र यो सिद्ध हुनका लागि संसारमा भएका श्रोत साधनहरू नै पुग्दो छन् केवल तिनको समानुपातिक बाँडफाँड मात्र हुनु आवश्यक छट भन्ने ठहर यस वडापत्रले गरेको छ। विश्वमा अथाह सम्पत्ति र श्रोतहरू हुँदाहुँदै पनि मानिसहरू गरिबी र भोकमरीबाट मरिरहेका छन्, धनी र गरीब, महिला र पुरुष, काला र गोरा, युवा र वृद्ध, ठूलो जात र सानो जात आदिका रुपमा र अझ साना राष्ट्र र ठूला राष्ट्रका रुपमा असमानताका खाडलहरू बढ्दै छन्, विश्वका अधिकांश जनसंख्या खाद्यान्न, शिक्षा, सुरक्षित पिउने पानी, सरसफाई, आवास, जमिन, रोजगारी स्वास्थ्य सेवामा पहुच भन्दा धेरै टाढा छन्। विश्वका २० प्रतिशतको हातमा ८० प्रतिशत साधन स्रोत छ र ८० प्रतिशत जनताको हातमा केवल २० प्रतिशत मात्र स्रोत साधन रहेको तथ्यांकले असमानता र भेदभावलाई स्पष्ट झल्काउँछ। यस किसिमले असमानता र भेदभाव तथा स्रोत र साधनमाथिको एकाधिकारले रोग लाग्न र स्वास्थ्य सेवामाथिको पहुँचमा पनि निश्चित रूपमा असमानता स्पष्ट देखाउँछ भन्ने कुरा यस भेलाले निर्क्यौल गरेको छ।

जनताको विश्व स्वास्थ्य भेलाले पारित गरेको स्वास्थ्यसम्बन्धी जनताको वडापत्रमा केही विशिष्ट र महत्वपूर्ण सिद्धान्तमा अढेको छ जसले गर्दा नै यसलाई संयुक्त राष्ट्र संघीय घोषणापत्रहरू, वडापत्रहरू भन्दा भिन्न र हेपिएका, दवाइएकाहरूको आफ्नै घोषणापत्रका रुपमा आत्मसात गर्न सकिन्छ। यस वडापत्रको सिद्धान्तका रुपमा जाति, वर्ण, रंग, धर्म, लिंग र उमेरका आधारमा भेदभाव नगरी संसारका सबै मानिसले उन्नत स्वास्थ्य सेवा पाउनु नैसर्गिक मानव अधिकार हो भन्ने स्पष्ट दृष्टिकोण राखेको छ। यसैगरी यसले जनताको तिर्न सक्नेपहुच हेरेर होइन, उनीहरूको आवश्यकता अनुरुपको स्वास्थ्य सेवा, शिक्षा र सामाजिक सेवा सुविधाहरू उपलब्ध गराउनु राज्यको आधारभूत दायित्व हो, यसमा सरकारहरूले पन्छिन मिल्दैन भन्ने किटान गरेको छ। प्रत्येक क्षेत्रको व्याख्याता त्यहाँका समुदाय नै हुन् भन्ने मान्यतामा आधारमा स्वास्थ्य र सामाजिक नीतिहरूको निर्माण, कार्यान्वयन र मूल्यांकनमा जनता र जनताका संगठनहरूको सहभागिता नितान्त आवश्यक छ भन्ने ठहर गरेको छ। साथै विश्वव्यापी स्वास्थ्य संकटको सामना गर्नका लागि व्यक्तिगत, सामुदायिक, राष्ट्रिय, क्षेत्री र विश्वव्यापी रूपमा काम हुनु आवश्यक छ भन्ने दिशा समेत निर्दिष्ट गरेको छ।

वडापत्रले विश्वक जनतालाई कार्य गर्नका लागि आह्वान गर्दै स्वस्थ्य जीवन जीउन पाउनु आधारभूत मानव अधिकार हो, यसलाई मुनाफा कमाउने साधनका रुपमा नलिउँ भन्दै विश्वमा विकसित भइरहेको व्यापारिकरणले जनताको स्वास्थ्यमाथि हुने शोषणका विरुद्ध संघर्ष गर्न विश्व जनसमूदायलाई अपिल गरेको छ।

कुरा गऱ्यो कुरैको दुःख

मनोज गजुरेल

शि:- ए काका पो आउनु भएको रहेछ। बसौ न यतै काका।

का:- बस्न आएको होइन म। बाटैबाटो हिंडेको।

शि:- जता हिंडे पनि एकछिन थकाई मारेर गएत भै'हाल्छ नि त काका।

का:- मान्छेले आफैलाई मार्ने बेला भइसक्यो। तिमी चाहि थकाई मार्ने कुरो गर्छौ। कुरा गऱ्यो कुरैको दुःख।

शि:- कसले मार्न सक्छ र हाम्रो काकालाई।

का:- काम विगारे पछि जसले पनि मार्छ न।

शि:- काम बिगारेमा नियमले समाउनुपर्छ। कानुनले बाँध्नु पर्छ। तर मारी हाल्नु पर्छ भन्ने चाहि गलत कुरो हो काका।

का:- ज्यान मार्ने कुरो छोडुन। वचनले मारे पछि सकिइ गयो नि। कुटेर मारेको ठीक तर वचनले मर्नुभन्दा ठूलो केही हैन नानी। कुरा गऱ्यो, कुरैको दुःख।

शि:- ठीकै छ नि त काका। तपाईंको आफ्नो के काम हो भन्नुस्। बरु सके म पनि सघाउँला।

का:- कस्ता कस्ता हराई गए। हरन्दसी देखा परे। तिमीले मलाई सघाउन पो के सकेको छ्यौ र। कुराले ठिक्क पाऱ्यो, पुग्यो। कुरा गऱ्यो कुरैको दुःख।

शि:- कुरा भनेको पनि एक खालको सघाउनुनै हो नि काका। सर-सल्लाहले सर-सहयोग हुँदैन त।

का:- के थाहा। त्यही सरसल्लाह नै दिने मान्छे नभएर म यहाँ अडिक रहेको छु। हैन कस्तो अचम्म। कैले जागिर नपाइने। कहिले जागीर खाउ भन्दा खाने मान्छे नपाउने। कुरा गऱ्यो कुरैको दुःख।

शि:- कहाँ जागीर पाइयो फेरि यो अनिकालका बेलामा।

का:- गाउँ विकासको टेलिफोन उठाउने काममा मेरो भतिज बस्थ्यो। अस्तिका दिन छोडेर साउदी गयो। फून उठाउने जागीर छ। कोही यसो दुःख पाएको मान्छे भए हुन्थ्यो भनेको। कुरा कुरैको दुःख।

शि:- ए कुले साउदी गाये र भन्या।

का:- गयो। मैले न जा भनेको। घरको आँगन मै भएको जागीर छोडेर भुङ्ग्रोमा हाम फाल्न गएको मोरो। कुरा .....।

शि:- फेरि साउदी मै बस्छ भन्ने पनि त छैन नि। खेदाइ दिए भने झन नराम्रो।

का:- खै कमाए पनि साउदीमा भेडा चराएको २० हजार भन्या नेपालमा टेलिफोन उठाउने २००० ले जित्छ भनेको मानेन। नमाने पछि कुरा कुरैको दुःख।

शि:- ए त्यसो भए गाउँ विकास टेलिफोन अपरेटरको जागीर खाली छ। तपाईंलाई के को कर त। उनीहरूले काम गर्ने मान्छे खोजी हाल्छन् नि।

का:- खोज्छन् नि। कि अध्यक्षको छोरोलाई राख्छन् कि सचिवको श्रीमतीलाई राख्छन्। त्योभन्दा बरु, नहुनेले जागीर पायो भने राम्रो हुन्छ। अध्यक्षका छोराले भेटे-तासमा सक्छ। श्रीमतीले भेटे साडीमा सक्छे। कुरा गऱ्यो कुरैको दुःख।

शि:- अँ मलाई एउटा मान्छे याद आयो।

का:- तिम्रो भाइ कि देवर।

शि:- छ्या काका। सरकारी र सार्वजनिक सेवा र पदमा आफ्ना मान्छेले भर्नु भनेको गलत काम हो। बरु, त्यो धर्मराजलाई त्यो जागीरमा लगाई दिए राम्रो हुन्थ्यो नि।

का:- मैले पनि त उसैको नाम सिफारिस गरेको नि। बाठो छ। विए.सम्म पढेको छ भनेको अध्यक्षले हुँदैन त्यसलाई भनेर पठाइ दिए।

शि:- किन हुँदैन रे।

का:- हुन त आफ्नो छोरोलाई राख्न हुँदैन भनेका होलान्। तर उनको तर्क चाहिं के थियो भने, आँखा नदेख्ने मान्छेले काम गर्न सक्दैन भन्ये।

शि:- कनि सक्दैन। किताब पढ्ने काम हैन, लेख्ने काम होइन। फोन रिसिभ गर्न, समाचार दिन त धर्मराजले सजिलै सछन् क्यारे।

का:- आँखा नदेखेर के भो। तिम्रो हाम्रो भन्दा तगडा छ त्यसको दिमाग। २५० वटा टेलिफोन कण्ठ छन्। रामायण १८ अध्याय नहेरी भन सक्छ। तर के गर्नु अध्यक्षको छोरो भएर जन्मिएन, कुरा गऱ्यो कुरैको दुःख।

शि:- कुनै अपाङ्गहरूको इज्जत साथ बाँच्न पाउने अधिकार छ काका। त्यस्तै यस देशको नागरिक भएको नताले अरु नागरिकसरह उसले पनि अधिकार र सुविधा पाउनु, धर्मराज जस्ताको अधिकार हो।

का:- हैन। सुविधा पनि मागेको होइन उसले त। आँखा देख्दिन। पढ्ने र हेर्ने काम बाहेक सबैकाम गर्छु भन्छ। टेलिफोनमा "हलो धरमपुर" भन्नलाई आँखा देख्नै पर्छ र। आँखा बन्द भए पनि दिमाग चनाखो हुनुपर्छ। अध्यक्ष चाहिं आँखा नदेख्नेलाई भनेर गन गर्न थाल्छन्।

शि:- त्यसो भनेर कहाँ हुन्छ र। अवसर नै नदिइकन काम गर्न सक्छ र सक्दैन भन्न त सकिदैन। हरेक नेत्रहीन र अपाङ्गले आफ्नो क्षमताअनुसार अधिकार पाउनुपर्छ। यो हाम्रो माग हो। हरेक मानव अधिकारवादीहरूको आह्वान हुनुपर्दछ।

का:- लौ त्यसो भए कुरो त्यही भो हैन।

शि:- गाविसमा टेलिफोन अपरेटरको काम धर्मराजलाई दिने भनेर अध्यक्षलाई बुझानु पर्छ।

का:- पर्छ तर मानेनन् भने चाहि कुरै त्यही हो-कुरा गऱ्यो कुरैको दुःख।

जबसम्म आमरुपमा जनता नै अधिकार र दायित्व बारेमा जानकार हुँदैनन् तबसम्म मानवअधिकार ऐउटा नारामा मात्र सीमित हुन जान्छ।

- अथक मानवअधिकार योद्धा
स्व. प्रकाश काफ्ले

प्रत्येक शनिवार
बिहान ८:३० बजे
रेडियो नेपालबाट आउने
मानवअधिकार शिक्षा कार्यक्रम
सुन्न नभुलौं।

चितवन गोलीकाण्डको यथार्थता

१. प्रस्तावना

गएको २०५७ मंसिर २४ गते चितवन जिल्लाको भरतपुर नगरपालिका वडा नं. ६ हरिकीर्तनचोकमा महिला भेलामा गोली चलेको घटनाका सम्बन्धमा तथ्य पहिल्याउने उद्देश्यले मानवअधिकार तथा समाजिक न्याय मञ्चले एक तथ्यसङ्कलन टोली गठन गऱ्यो। टोलीले २०५७ मंसिर २७ गतेदेखि ३० गतेसम्म घटनाका सम्बन्धमा स्थलगत अवलोकनसहितको तथ्यसङ्कलन कार्य गऱ्यो। टोलीले गरेको तथ्यसङ्कलनबाट प्राप्त घटनाको वितरण, प्रमुख तथ्य र निष्कर्ष एवं सुझाव यस प्रतिवेदनमा समेटिएको छ।

२. तथ्यसङ्कलन कार्यविधि:

तथ्यसंकलन टोलीले घटनाका सम्बन्धमा घाइतेहरू, अस्पतालका कर्मचारी, प्रत्यक्षदर्शी र स्थानीय बासिन्दा, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयका प्रमुखहरू, थुनामुक्त भएको व्यक्ति, थुनामा रहेका व्यक्ति, मृतक तथा घाइतेका नातेदारहरूबाट पृथकपृथक किसिमबाट जानकारी सङ्कलन गरेको थियो। घटनास्थलको स्थलगत अवलोकन गरेर सूचना र तथ्यको विश्लेषण र स्थितिको लेखाजोखा गरेको थियो।

सो घटनासँग सम्बद्धता देखाइएको मेडिकल कलेजको गाडी जलाइएको घटनामा खास व्यक्तिको मानवअधिकारको प्रश्न र सम्बन्ध नदेखिएकाले सोसम्बन्धी जानकारी पृथकरूपमा लिइएको छैन। यो प्रतिवेदन मंसिर २३ गते मोसो दलेको घटना र २४ गते गोली चलेको घटनाको सन्दर्भमा मात्र सीमित छ।

तथ्यसङ्कलनको क्रममा मानवअधिकार संरक्षण मञ्च चितवनका लक्ष्मीकान्त शर्मा जनअधिकार सरोकार अभियान, चितवनका धर्मराज आचार्य, इन्सेक वर्षपुस्तक प्रतिनिधिद्वय मुकुन्द दाहाल, जीवन्त वाग्ले, नेपाल मानवअधिकार संगठन चितवनका डा. भीमराज अधिकारी, कानुनव्यवसायीहरू जगन्नाथ भण्डारी, वीपी गौतमले टोलीलाई विशेष सहयोग गर्नुभएको थियो। टोलीलाई सूचना तथा जानकारी उपलब्ध गराउने व्यक्तिहरू सबैको नाम प्रकाश नगरी सूचनास्रोतको सुरक्षाप्रति चाहिँदो हेक्का राखिएको छ।

तथ्यहरूको लेखाजोखा गरी तथ्यहरूको निराकरण गर्दा र निष्कर्ष एवं सुझाव तय गर्दा मानवअधिकारको अन्तर्राष्ट्रिय लेखलिखत र नेपालको प्रचलित कानुनी व्यवस्थालाई मापदण्ड कायम गरिएको छ।

३. घटनाको संक्षिप्त विवरण

(क) अनेरास्वविय़ु (क्रान्तिकारी)ले आव्हान गरेको विद्यालय बन्द कार्यक्रमको पहिलो दिन २०५७ मंसिर २३ गते शुक्रवार चितवन जिल्ला भरतपुर नगरपालिका-७ स्थित लक्ष्मी माध्यमिक विद्यालय लङ्कूमा विहान विद्यालयको नियमित समयमा प्रार्थनाको कार्य सकिएको थियो। विद्यार्थी कक्षातर्फ लाग्नै लागेको बेला बन्द आव्हानकर्ता विद्यार्थी समूहका केही व्यक्तिहरूले विद्यालयका प्रधानाध्यापक ५० वर्षीय मुक्तिनाथ भण्डारीलाई पाखुरामा समाएर विद्यार्थीहरूको सामुन्ने मञ्चमा उभ्याए। त्यसपछि प्रअ भण्डारीका मुखमा मोसो दल्ने र कान समाई उठबस गर्न लगाएपछि विद्यार्थीले होहल्ला गरे। प्रअ भण्डारीले आफूमाथि भएको अमर्यादित र अमानवीय व्यवहार सहन गरी कुनै प्रतिकार नगरेपछि बन्दकर्ता समूहले विद्यालय बन्दको घोषणा गरे।

लक्ष्मी माध्यमिक विद्यालय लङ्कूमा विहान विद्यालयको नियमित समयमा प्रार्थनाको कार्य सकिएको थियो। विद्यार्थी कक्षातर्फ लाग्नै लागेको बेला बन्द आव्हानकर्ता विद्यार्थी समूहका केही व्यक्तिहरूले विद्यालयका प्रधानाध्यापक ५० वर्षीय मुक्तिनाथ भण्डारीलाई पाखुरामा समाएर विद्यार्थीहरूको सामुन्ने मञ्चमा उभ्याए। त्यसपछि प्रअ भण्डारीका मुखमा मोसो दल्ने र कान समाई उठबस गर्न लगाएपछि विद्यार्थीले होहल्ला गरे। प्रअ भण्डारीले आफूमाथि भएको अमर्यादित र अमानवीय व्यवहार सहन गरी कुनै प्रतिकार नगरेपछि बन्दकर्ता समूहले विद्यालय बन्दको घोषणा गरे।

यो व्यवहार भैसकेपछि विद्यालय प्रशासनले एक हप्ता विद्यालय बन्द रहने सूचना गऱ्यो र उक्त घटनाको जाहेरी जिल्ला शिक्षा कार्यालयमार्फत सरकारलाई गऱ्यो। जाहेरी प्राप्त गरेपछि पनि राज्यको तर्फबाट प्रअ भण्डारीप्रति सहानुभूतिसम्म प्रकट भएन।

(ख) अखिल नेपाल महिला संघ (क्रान्तिकारी)ले २०५७ मंसिर २४ गते भरतपुर नगरपालिका वडा नं. ६ मा पर्ने हरिकीर्तनचोकको चौतारोमा नगर इलाका सम्मेलनको कार्यक्रम आयोजना गरेको थियो। दिनको करिब १ बजे हुने भनिएको उक्त कार्यक्रममा अनेमसंघका कार्यकर्ता प्रतिनिधिका अतिरिक्त आमन्त्रित र स्थानीय मानिसहरू श्रोतादर्शकका रूपमा भेला भएका थिए। आयोजक संघले सो कार्यक्रम हुने पूर्वजानकारी स्थानीय प्रशासनलाई दिएको थिएन। तर स्थानीय प्रहरीले कार्यक्रम हुँदैछ भन्ने सूचना कतैबाट प्राप्त गरेपछि प्रहरी निरीक्षक दिलिप बस्नेतको नेतृत्वमा एउटा टोली कार्यक्रम हुने स्थलमा पुग्यो। आयोजकहरू कार्यक्रम शुरु गर्न तुल टाँगिरहेको अवस्थामा प्रहरीले तुल टाँग्न नदिने र कार्यक्रम हुन नदिने उद्देश्यले तुल थुत्ने कार्य गऱ्यो। प्रहरी र आयोजक तथा उनीहरूका कार्यकर्ताबीचमा तुल तानातान भयो। कार्यक्रम गर्न पाउने र रोक्ने विषयमा सामान्य वादविवाद भयो। (त्यही क्रममा एकजना महिलाले प्र.नि. बस्नेतको हात टोकेकी थिइन् भन्ने एउटा भनाइ तथ्य संकलन टोलीले पाएको छ, तर प्र.नि. बस्नेतसँग टोलीको भेट नभएकाले त्यो तथ्य पुष्ट छैन।) अन्तत: वादविवादका क्रममा सभा गर्न पाउने महिलाहरूको तर्क पनि बस्नेतका लागि मान्य भयो। प्रहरी टोली चौतारा सामुन्ने सडक किनारा (पश्चिमतर्फ) खडा भएर रहेयो। महिलाहरूले आफ्नो कार्यक्रम संचालन गरिरहेकै थिए। अनेमसंघ चितवन जिल्ला सचिव सुषमा खनाल भाषण गरिरहेकी थिइन्। त्यसैबेला थप प्रहरीबल सो स्थानमा आइपुग्यो। सो थप बल आएपछि प्रहरीले पुन: मञ्चमा गएर तुल र माइक खोस्ने काम गर्न खोज्यो। फेरि तानातान र विवाद हुँदै थियो। प्रहरीले सडकको पश्चिमपट्टि बसेका स्थानीय मानिसहरूलाई सामान्य मौखिक रूपले बसेको ठाउँबाट हट्न भन्यो र हातले हट्ने सामान्य इशारा पनि गऱ्यो। सो बाहेक कसैलाई पनि नहटे वल प्रयोग हुन्छ भन्ने जनाउसम्म गरेन। एक्कासी गोली चल्यो,

कति राउन्ड गोली चल्यो कसैले हेक्का राख्न सक्ने अवस्था भएन। यस क्रममा चलेका गोलीको परिणाम एक जनाको मृत्यु र अन्य चार जना घाइते भए।

गोली कसकसलाई कसरी लाग्यो ?

कार्यक्रममा दोस्रो विवाद सुरु नहुँदै मृतक गौरी सापकोटा कार्यक्रमस्थलबाट आफ्नो मामाको घर पूर्वतर्फ लागिसकेकी थिइन्। उनी चौतारोबाट उनैकी सानिमा गङ्गा सापकोटा, शीला सापकोटा र मीना सापकोटाका साथ करिब १५० मीटर पर पुगेकी थिइन। प्रहरीले प्रहार गरेको गोली उनको पिठ्यूँबाट पसेर पेटबाट निस्किएर गयो। उनी लत्याकलुत्रुक्क भएर लडिन् तर सँगै हिंडेका गंगा सापकोटालगायत कसैले पनि उनलाई गोली लागेको तत्कालै थाहा पाएनन्, डरले मूर्छित भएको भान उनीहरूलाई पऱ्यो। उनलाई मावली घर पुऱ्याएपछि मात्रै गोली लागेर रगत बगेको एवं गोलीले छेडेको पूरा पहिचान भयो।

कार्यक्रमबाट भाग्दै दक्षिणतर्फको घरमा प्रवेश गर्न लाग्दा सरस्वती प्याकुरेललाई गोली लाग्यो भने कार्यक्रमबाट दक्षिणपूर्वतर्फ भाग्दै गर्दा ज्ञानु खरेललाई गोली लाग्यो। भाग्ने क्रममै संगीता खनाल र रमा घिमिरेलाई पनि गोली लाग्यो। कसैलाई एउटा मात्र गोली लागेको थियो भने कसैलाई तीनवटा गोली लागेको थियो। सबैलाई गोली कम्मरको सेरोफेरो र सो भन्दा माथिल्लो भागमा लागेको थियो।

घाइतेको उद्धार र गिरफ्तारीको सन्दर्भ:

घाइतेमध्येकी गौरी सापकोटाका मावलीले एम्बुलेन्सलाई तत्कालै खबर गरी बोलाए। तर निजी क्षेत्रका एम्बुलेन्स उपलब्ध हुने जवाफ कतैबाट आएन। अन्ततः नेपाल रेडक्रस सोसाइटीको एम्बुलेन्स बोलाइएको ४५ मिनेटपछि आइपुग्यो। गौरीलाई एम्बुलेन्समा राखेर उपचारार्थ अस्पताल लादै गर्दा केही अगाडि प्रहरीले एम्बुलेन्स रोक्यो तर केही समयपछि अस्पतालतर्फ लैजान दियो। अन्य घाइतेहरूलाई महिलाहरूले मोटरसाइकलमा राखेर लाने व्यवस्था गरे। विरामीलाई अस्पताल लाने क्रममा संलग्न मानिसहरूमध्ये आयोजक संघसँग सम्बद्धताको शंका लागेका व्यक्तिलाई बीचबाटै प्रहरीले गिरफतार गरी हिरासतमा लियो। यस क्रमले पनि मृतक र घाइतेहरूलाई समयमै अस्पताल पुऱ्याउन केही व्यवधान पुऱ्यायो। (यस क्रममा गाडी तेर्स्याएरै व्यवधान गरेको भन्ने जानकारी प्राप्त भएको भए पनि अन्य तथ्यले त्यो पुष्टि हुन सकेन) घाइतेहरूलाई भरतपुर अस्पतालमा ल्याइएपछि रक्तश्राव र अस्पतालमा आवश्यक स्रोतसाधनको अपर्याप्तताले सो अस्पतालमा उपचार हुन सक्ने अवस्था भएन। उपचारका लागि काठमाडौंतर्फ पठाउने तयारीका क्रममै घाइते गौरी सापकोटाको सोही अस्पतालमा निधन भयो। अन्य घाइतेहरूलाई काठमाडौं पठाइयो। उनीहरूको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्ज र वी एण्ड वी अस्पताल सातदोबाटोमा उपचार भएको थियो।

थुनछेक र मुद्दाको अवस्था

घाइतेहरूलाई उपचार गराउन लैजाने क्रममा गिरफ्तार भएका नेपाल बैंक लिमिटेड

उनी चौतारोबाट उनैकी सानिमा गङ्गा सापकोटा, शीला सापकोटा र मीना सापकोटाका साथ करिब १५० मीटर पर पुगेकी थिइन। प्रहरीले प्रहार गरेको गोली उनको पिठ्यूँबाट पसेर पेटबाट निस्किएर गयो। उनी लत्याकलुत्रुक्क भएर लडिन् तर सँगै हिंडेका गंगा सापकोटालगायत कसैले पनि उनलाई गोली लागेको तत्कालै थाहा पाएनन्, डरले मूर्छित भएको भान उनीहरूलाई पऱ्यो। उनलाई मावली घर पुऱ्याएपछि मात्रै गोली लागेर रगत बगेको एवं गोलीले छेडेको पूरा पहिचान भयो।

रामपुरमा कार्यरत कर्मचारी गुरुप्रसाद सापकोटा र भरतपुर नगरपालिका वडा नं. ६, यज्ञपुरी निवासी विद्यार्थी राजीव सापकोटालाई हिरासतमा लिएको भोलिपल्ट आर्थत् २५ गते सोधपुछ गरी कागज गराएर प्रहरीले मुक्त गरेको थियो। गिरफ्तार गरिएका अन्य स्वेता शर्मा, रमा वस्याल, पार्वती बाँस्तोला, सुषमा खनाल, सावित्री आचार्य, पार्वती अधिकारी र सावित्री अधिकारीलाई प्रहरीले सो सभा रोक्ने क्रममा प्रहरीमाथि ढुंगामुढा गरेको अभियोग लगाई सार्वजनिक अपराध मुद्दा चलाएको र जिल्ला प्रशासन कार्यालयले सुषमा खनाल र सावित्री आचार्यलाई जनही पाँच हजार धरौटी मागी र अन्यलाई तारेखमा रहने गरी मंसिर २९ गते रिहा गर्ने आदेश गरेको थियो।

थुनछेकको क्रममा हिरासतमा शारीरिक यातना नपाएको तर परिवारका सदस्यसँग भेटघाट गर्न सबैलाई समान व्यवहार नगरी कसैलाई भेटघाट गर्न दिएको र कसैलाई नदिएको बन्दीहरूले बताएका छन्। प्रहरीले लेखेको कागज नपढीकनै सही गर्न लगाइएको, महिला वन्दीले त्यसैअनुरूप सही गरेको आफूले देखेको तर आफूले ढुङ्गामुढा गरेको व्यहोरा लेखिएको कागज पढेको साथै सोमा सही नगरेको मुक्त राजीव सापकोटाको भनाइ पाइएको छ। उनका अनुसार खाना दिनको निम्ति सो कागजका महिलालाई सही गराइएको थियो। हिरासतमा यस टोलीले भेटेका अवस्थामा उनीहरूको स्वास्थ्यको अवस्था सामान्य थियो।

मुद्दा हेर्ने प्रमुख जिल्ला अधिकारीबाट बन्दीलाई आफूसमक्ष उपस्थित नै नगराई २४ घन्टे म्याद थप भएको छ भने बन्दी स्वेता शर्माले बयानमा आफ्नो उमेर १४ वर्ष दावी गर्दा गर्दै वयस्क सरह मुद्दाको प्रक्रिया चलाइएको छ।

घाइते प्रहरी र स्वास्थ्योपचार

महिलाले सभा गरेको ठाउँमा ढुंगामुढा भएको कारण प्रहरी हवल्दार भूमिनन्दन पौडेल घाइते भएको प्रहरीको दावी छ। जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक रमेश चन्दले घाइते प्रहरी हाल वीरेन्द्र प्रहरी अस्पताल महाराजगन्ज काठमाडौंमा उपचारको क्रममा रहेका बताए पनि भूमिनन्दन कहाँ छन् भन्ने अस्पष्ट छ। उनको स्वास्थ्यस्थितिको जानकारी लिन यो टोली सो अस्पतालमा गएको थियो तर अस्पतालका मेडिकल डाइरेक्टर काशीराम कुँवरबाट प्रहरी प्रधान कार्यालयको लिखित स्वीकृतिविना विरामीका बारेमा जानकारी दिन र भेट्न दिनै नसक्ने जानकारी टोलीले पाएको थियो। घटनाको प्रत्यक्षदर्शी बताउने र घटनास्थल निकटस्थ बासिन्दाले प्रहरीमाथि आयोजक तथा दर्शकश्रोताबाट ढुंगामुढा नभएको बताएका छन्। घाइते भनिएका पौडेललाई अर्का प्रहरीले बन्दुकको कुन्दाले हानेका थिए भन्ने कथन टोलीसमक्ष आइपुगेको भए पनि त्यसलाई पुष्टि गर्ने तथ्य टोलीले पाउन सकेन। हात टोकिएका भनिएका प्रहरी निरीक्षक दिलिप बस्नेतसँग टोलीले भेट्न र सम्पर्क गर्न नसकेका कारण उनको स्वास्थ्यस्थितिका बारेमा पनि टोलीले तथ्य प्रकट गर्न सकेको छैन।

४.प्राप्त प्रमुख तथ्य

क) प्रधानाध्यापक मुक्तिनाथ भण्डारीलाई मंसिर २३ गते मोसो दलेको घटनासमेतका अभियुक्तहरूलाई लुकेर बसेको अवस्थामा गिरफ्तार गर्न खोज्दा सो गोली प्रहारको घटना भएको गृहमन्त्रालयले बताएको पत्रपत्रिकामा समाचार प्रकाशित भएको भए पनि प्रअ भण्डारीले मोसो दल्नेलाई आफूले नचिनेको र सोहीअनुसार जानकारी गराएको बताएबाट गृहमन्त्रालयको उल्लेखित भनाइमा सत्यता नरहेको

तथ्यसिद्ध छ।

ख) हरिकीर्तन चोकमा २४ गते महिलाहरूले कार्यक्रम गरेका अवस्थामा उनीहरू विना हातहतियार शान्तिपूर्वक नै भेला भएका थिए। उनीहरूले प्रहरीमाथि ढुंगामुढा प्रहार गरेर प्रहरीलाई शान्ति कायम गर्न वा उनीहरूलाई नियन्त्रणमा लिन बाधा नै पर्ने अवस्था आयोजकले सिर्जना गरेको तथ्य स्थापित हुने स्थिति रहेको पाइएन। ढुंगामुढा प्रहार भएको र त्यसले छैवैका घरहरूको भित्ता, छाना, झ्यालढोका वा फर्निचरहरूमा कुनै चोट लागेको दाग, खत वा चिन्ह पाउन सकिएन। साथै प्रहरीले त्यस्तो कुनै कुरा बरामद गर्न सकेको पाइएन।

ग) कार्यक्रम गरिएको ठाउँ सार्वजनिक जुलुस प्रदर्शन, सभा सम्मेलन गर्न नपाउने गरी निषेधित क्षेत्र घोषणा भएको क्षेत्र परेको पाइएन।

घ) नेपाल कम्युनिष्ट पार्टी (माओवादी)सँग निकट रहेको आधारमा अनेमसंघ (क्रान्तिकारी)लाई समेत प्रतिबन्धित समूह मान्ने श्री ५ को सरकारको नीति छ र उनीहरूलाई खुला रूपमा जुलुस प्रदर्शन वा सभा गर्न निषेध छ भन्ने कुरालाई आधार लिई प्रहरी प्रशासनले आफ्नो कारवाई र गोली प्रहार गर्ने कार्यको औचित्य पुष्टि गर्न चाहेको छ।

ङ) मृतक गौरी सापकोटालाई भएको गोली प्रहारको प्रकृति, कार्यक्रम स्थल र गौरी तत्काल रहेको दुरी र गौरीको राजनीतिक पृष्ठभूमि र संलग्नताका बारेमा प्रहरीपक्षको विश्लेषण समेतको समीक्षा गर्दा गौरीलाई प्रहरीले भूमिगत गतिविधिमा संलग्न भएकी नेतृका रुपमा लक्षित गरेरै प्रहार गरेको हो र नौली महिलाका रुपमा पुगेकै कारणले उनलाई प्रहरीले गोली प्रहार गरेको हो भन्ने स्थिति इंगित भएको पाइन्छ।

च) गोली चलाउनुपूर्व प्रहरीले अन्य सामान्य बल प्रयोगको बाटो लिएको थिएन। प्रहरीले बल प्रयोग गर्नुपूर्व तितरबितर हुन सहभागी र दर्शकश्रोतालाई कुनै सूचना गरेको थिएन। साथै कार्यक्रम विथोल्न बल प्रयोग गर्दा क्षतिलाई न्यूनतम बनाउनेतर्फ भन्दा बढी क्षति र सन्त्रास सिर्जना गर्ने ध्येय राखिएको थियो।

छ) गोली चलाएपछि घाइतेहरूको उद्धार र उपचारका निमित्त प्रहरीले मानवीय तत्परता देखाएको तथ्य पनि स्थापित भएको पाइएन।

ज) अनेमसंघ क्रान्तिकारीले संवैधानिक दायराभित्रै विनाहातहतियारको शान्तिपूर्ण सभा आयोजना गरेको भएपनि सोही कार्यक्रममा हिंसालाई समर्थन गरी तीव्र पार्ने वकालत र आव्हान गरेको पाइयो।

झ) घाइतेहरूको उपचारको सम्पूर्ण जिम्मेवारी श्री ५ को सरकारले लिनुपर्नेमा त्यसो भएको पाइएन।

५. निष्कर्ष र सुझाव

क) हरेक व्यक्तिको मानव मर्यादासहितको आधारभूत मानवअधिकार जुनसुकै स्वरुपका राजनीतिक व्यवस्थाको निम्ति पूर्वसर्त हो। अत: जुनसुकै विचारधारात्मक समूहले पनि यसको सम्मान र पालना गर्नै पर्दछ। अनेरास्ववियु (क्रान्तिकारी) ले प्रधानाध्यापक भण्डारीमाथि गरेको अमर्यादित एवं मनोवैज्ञानिक चोट पार्ने क्रियाकलाप मानवअधिकारको सार्वभौम मान्यता प्रतिकूल छ। सन्त्रास सिर्जना गरी जो कसैलाई बसमा लिन गरिने यस किसिमका कार्य सम्बन्धित पक्षले शीघ्र रोक्नुपर्छ।

मृतक गौरी सापकोटालाई भएको गोली प्रहारको प्रकृति, कार्यक्रम स्थल र गौरी तत्काल रहेको दुरी र गौरीको राजनीतिक पृष्ठभूमि र संलग्नताका बारेमा प्रहरीपक्षको विश्लेषण समेतको समीक्षा गर्दा गौरीलाई प्रहरीले भूमिगत गतिविधिमा संलग्न भएकी नेतृका रुपमा लक्षित गरेरै प्रहार गरेको हो र नौली महिलाका रुपमा पुगेकै कारणले उनलाई प्रहरीले गोली प्रहार गरेको हो भन्ने स्थिति इंगित भएको पाइन्छ।

ख) महिला भेलामा प्रहरीले गरेको कारवाईमा मुलुकको संविधान र अन्य कानुनको कुनै मर्यादा गरिएको पाइएन। कानुन कार्यान्वयन गर्नुपर्ने र राज्यको तर्फबाट तटस्थतापूर्वक जुनसुकै विचार राख्ने नागरिकको समान संरक्षण गर्नुपर्ने निकायबाट भएको यस्तो व्यवहारले राज्य यन्त्रप्रतिको जनविश्वासलाई गम्भीर आघात पुऱ्याएको छ। राज्य यन्त्रसँग सन्त्रस्त रहनुपर्ने बनाइएका जनसाधारणले राज्य यन्त्रले सम्पादन गर्नुपर्ने काममा भविष्यसम्म सहयोग नहुने हुनाले मुलुकलाई राजकीय सन्त्रासतर्फ धकेल्ने यस किसिमको व्यवहार नदोहोरिने कुराको राज्यले प्रत्याभूति गर्नैपर्छ। यसका लागि न्यायिक छानविन र कारवाई चलाई राज्यशक्तिको दुरुपयोग गर्ने पदाधिकारी विशेषउपर कसूर अनुरुप सँजाय हुनुपर्छ।

ग) मृतकका परिवारलाई श्री ५ को सरकारले पर्याप्त सहानुभूति दर्शाई आफ्ना कर्मचारीबाट भएको हत्याप्रति जिम्मेवारी लिई प्रायश्चितस्वरुप आँसुपुछाउनु दिनुपर्छ।

घ) घाइतेहरूको उपचारमा तत्परतापूर्वक सहयोग पुऱ्याई सरकारले सम्पूर्ण खर्च व्यहोर्नुपर्छ र आवश्यकताअनुसार पुनर्स्थापनाको व्यवस्था मिलाउनुपर्छ।

ङ) सरकारी पक्षबाट घटनापछि उपचारमा मानवीय तत्परता नदेखाइएको पीडितपक्ष र घटनास्थल वरपरका बासिन्दाको गुनासो समेतलाई विचार गरी राहत र उद्धारसम्बन्धी छुट्टै प्रभावकारी संयन्त्रको विकास गर्न सरकार र मानवअधिकारको आयोगले गृहकार्य शुरु गर्नुपर्छ।

(रविन्द्र भट्टराई, कृष्ण गौतम, डा. रमेश मरहट्ठाको तथ्य संकलन प्रतिवेदनबाट)

हामीले त सारा दृष्टिकोण नै बदल्ने आँट गर्नु परेको छ। मित्र खोज्दा पनि सही र सज्जनहरुको खोजी गर्नुपर्दछ। यस्तो दृष्टिकोणको आधारमा काम गर्ने हो भने कमैया प्रथा पनि समाप्त होला। नत्र कानुनले बन्देजमात्र लगाउँदा कमैयाहरुले या त विदेशीनु पर्छ या आत्महत्या गर्नुपर्छ। उनीहरुले अर्को बाटो पाउँदैनन्।

- तुलसीलाल अमात्य

प्रेस वक्तव्य

कमैंयौ सहतबारे इन्सेक



मुक्त कमैयाहरूको बसोबासका निम्ति कुनै वैकल्पिक व्यवस्था नगरी उनीहरूको अस्थायी झुप्राहरूमा आगो लगाउने सरकारी आदेशप्रति इन्सेक कडा असहमति जनाउँछ। कमैया मुक्तिको घोषणा भएको सात महिना बितिसक्दा पनि श्री ५ को सरकारले उनीहरूको बसोबास गर्ने व्यवस्था गरेको छैन। बरु अस्थायी रूपमा ऐलानी पर्ती जग्गामा बसोबास गर्ने मुक्त कमैयाहरूको उठीबास लगाउन थालिएको छ। यही २०५७ माघ २१ गते बर्दिया जिल्लाको कालिका गाविसमा अस्थायी रुपमा बसोबास गर्ने छ हजार कमैया परिवारको लत्ताकपडा, भाँडाकुँडा र मुश्किलले जम्मा पारिएका खाद्यान्न समेत स्थानीय प्रशासनले खरानी पारिदिएको छ। सरकारको यस्तो बर्बर क्रियाकलापको इन्सेक घोर विरोध गर्दछ।

बर्दियाको घटनाले सरकारको सम्वेदनशीलताको अभावको मात्र प्रदर्शन गरेको छैन, अमानवीय सोचलाई समेत उजागर गरेको छ। इन्सेक श्री-५ को सरकारसँग वैकल्पिक व्यवस्था नगरी मुक्त कमैयाहरूको उठीबास लगाउने क्रम तत्काल रोक्न र उनीहरूको स्थायी बसोबासको व्यवस्था गर्न जोडदार माग गर्दछ।

छैसट्टी काण्डबारे इन्सेक

यही ५७ साल माघ २१ गते सुर्खेत जिल्लाको सत्तरी कीलो भन्ने ठाउँमा माओवादीहरूद्वारा प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायमाथि गरिएको घातक हमलाको इन्सेक कडा विरोध गर्दछ। साथै उक्त हमलामा परी दिवंगत हुने सुर्खेत पुनरावेदन अदालतका रजिष्ट्रार बलदेव धितालललगायत प्रहरीहरू रामबहादुर बस्नेत, वीरेन्द्र खड्का, कौशल बुढा र खगेन्द्र मगरप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै मृतकका परिवारजनप्रति इन्सेकका तर्फबाट गहिरो समवेदना प्रकट गर्दछ। माओवादी क्रियाकलापको बन्देज गर्ने प्रहरी प्रशासनको सक्रियतामा कुनै संलग्नता नराख्ने न्यायापालिकाका पदाधिकारीमाथि गरिएको नेकपा (माओवादी)को आक्रमणले उनीहरूको अराजनैतिक र सुझबुझ विहिन अवस्थाको चित्रण गरेको छ।

विद्यमान कानुनहरू र न्यायप्रणाली । समायानुकूल सुधार गरी प्रभावकारी बनाउनु पर्ने विषयमा हाम्रा संवैधानिक एवं अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूका आधारमा नेपालको मानवअधिकार समुदायले बारम्बर आवाज उठाई आएको कुरा सबैलाई विदितै छ। तर त्यो काम राजनैतिक पहलबाट मात्र संभव हुने यथार्थ छर्लङ्ग हुँदाहुँदै माओवादीहरूद्वारा राज्यले गरिरहेको उनीहरूको जनयुद्धको प्रतिकारमा संलग्न नरहेका न्यायमूर्तिहरूमाथि आक्रमण गर्नु अत्यन्त अराजनैतिक क्रियाकलापको नमूना हो। जागिरका क्रममा कर्तव्यपालनका निम्ति न्यायमूर्तिहरूसँग खटिएका प्रहरीहरूको हत्या गर्नु पनि अत्यन्त निन्दनीय काम हो।

नेकपा (माओवादी) का नेताहरूलाई हिंसाको क्रममाथि लगाम लगाउन गम्भीर भएर सोच्न इन्सेक अपिल गर्दछ। विगत पाँच वर्षको अवधिमा माओवादी आन्दोलनको हिंसाको शिकारमा पूरा ज्यान गुमाउनेहरूको सूचीलाई हेर्ने हो भने बालबालिका बयोवृद्ध, तल्लो तहका कर्मचारीहरू,राजनैतिक पार्टीका,कार्यकर्ता मात्र होइनन, उनीहरूकै नेता, कार्यकर्ता समेत रहेका छन्।

मुलुक अनन्त हिंसाको भडखालोमा जाकिने खतरा सामुन्ने देखापरेको यो गम्भीर अवस्थाप्रति श्री ५ को सरकार र नेकपा (माओवादी) दुवै पक्षलाई आमनागरिकको जीवनसँग खेलवाड नगर्न इन्सेक सचेत गर्दछ।

मिति:- ०५७ माघ २२ गते

सुबोधराज प्याकुरेल
महासचिव
इन्सेक

का. जि. का. द. नं. २१/४९/५०

हार्दिक समवेदना



नेपालको समाजसेवाका शिखर पुरुष तथा वि.सं. २०५४ सालको प्रकाश मानव अधिकार पुरस्कारद्वारा सम्मानित वरिष्ठ समाजसेवी **दयावीरसिंह कंसाकार**को ०५७ माघ २३ गते ९० वर्षको उमेरमा असामयिक दु:खद् निधन भएकोमा उहाँप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

मानव अधिकार संरक्षण मञ्च र मासमको संस्थापक अध्यक्ष तथा मुलुकको प्रजातान्त्रिक आन्दोलन र मानवअधिकार आन्दोलनका अग्रणी व्यक्तित्व **पाण्डवराज घिमिरे**को ०५७ माघ २३ गते ६८ वर्षको उमेरमा दु:खद् निधन भएकोले उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

इन्सेक
insec

सुबोधराज प्याकुरेल
महासचिव
तथा
इन्सेक परिवार, कलंकी, काठमाडौं